हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

१२५ वर्षमा

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः। gorkhapatraonline.com








राष्ट्रिय संस्करण | विवेचना | धेरैको रोजाइमा परेको बैङ्क | विकल्प पनि बनेनन् दुई अन्तर्राष्ट्रिय विमानस्थल १४



वर्ष १२५ | अङ्क १८५ | २०८२ साल कात्तिक ३० गते आइतबार | मार्ग कृष्ण द्वादशी | नेपाल संवत् ११४६ कछलागा १२ | 2025 November 16 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ


# विदेशमा मतदान केन्द्र तोक्न अध्यादेशको तयारी

मतदाता नामावलीमा नाम समावेश भई विदेश र फरक निर्वाचन क्षेत्रमा रहेका मतदातालाई मताधिकार दिने कानुनी व्यवस्थालाई कानुन मन्त्रालयले अन्तिम रूप दिइरहेको छ। आउँदो सातासम्म अध्यादेशले अन्तिम रूप पाउने छ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*




मतदाता नामावलीमा नाम समावेश भई विदेशमा रहेका नेपाली नागरिकका लागि सम्बन्धित देशको दूतावास, नियोगमा मतदान केन्द्र तोक्न सक्ने गरी सरकारले अध्यादेशको प्रक्रिया अघि बढाएको छ। गृह मन्त्रालयले तयार पारेको अध्यादेशको मसौदा सरोकारवालाको सुझावपछि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ। प्रस्तावित व्यवस्था अनुसारको अध्यादेश जारी भई कार्यान्वयनमा आए विदेशमा रहेका नागरिकले समानुपातिकतर्फको मत दिन पाउने छन्।

पछिल्लो पटक विदेशमा रहेकासँगै नेपालमै तर फरक निर्वाचन क्षेत्रमा रहेकालाई पनि मतदान गर्न दिने गरी गृहकार्य भइरहेको छ। गृहमन्त्री ओमप्रकाश अर्यालले विदेशमा रहेकासँगै फरक निर्वाचन क्षेत्रमा रहेका नागरिकलाई पनि मतदानमा सहभागी गराउने गरी अध्यादेशको मसौदा भएको बताउनुभयो। अर्यालले भन्नुभयो, "आउट अफ कन्ट्रीसँगै आउट अफ कन्स्टिच्युयन्सी' का मतदातालाई निर्वाचनमा सहभागी गराउने हाम्रो प्रयास छ। अध्यादेशको मसौदा कानुन मन्त्रालयमा पठाइसकेका छौँ।"

कानुन मन्त्रालयमा पठाइएको अध्यादेश आवश्यक परिमार्जनपछि सम्बन्धित मन्त्रालयमा पठाइने छ। मन्त्रीपरिषद्ले स्वीकृत गरेपछि राष्ट्रपतिबाट जारी हुने प्रक्रियामा जाने छ। तयारी अनुसार अध्यादेशले आउँदो सातासम्म अन्तिम रूप पाउने छ।

प्रस्तावित व्यवस्था अनुसार चार ऐन संशोधन हुने छन्। निर्वाचन आयोग, मतदाता नामावली, निर्वाचन कसुर तथा सजाय र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन अध्यादेशले संशेधन गर्ने छ।

समानुपातिकतर्फको मतदान गर्न पाइने सहभागी प्रस्तावित व्यवस्था अनुसार मतदाता नामावलीमा नाम भएका र विदेशमा भएका नागरिकले समानुपातिकतर्फको मतदानमा सहभागी हुन पाउने छन्। नेपालभित्र रहेका तर अर्को निर्वाचन क्षेत्रमा रहेकालाई पनि समानुपातिकमा मत दिने व्यवस्था गर्ने छलफलमा छ। अध्यादेशको मसौदामा भने उक्त व्यवस्था समेटिएको छैन।

अध्यादेश अनुसार मतदाता नामावलीको प्रमाणीकरण दूतावास तथा नियोगले गर्ने छन् तर कार्यविधि मसौदामा उल्लेख भने गरिएको छैन। दूतावासलाई नै मतदान केन्द्र निर्धारण गर्ने तयारी गरिएको छ। नेपाल सरकारले त्यहाँ कार्यरत कर्मचारीलाई मतदान अधिकृत तोक्ने व्यवस्था प्रस्तावित छ।

विदेशमा रहेका मतदातालाई मतदानमा सहभागी गराउने गरी कानुन बनाउन दशकअघि नै सर्वोच्च अदालतबाट आदेश जारी भएको थियो। मतदान कठिनाइ भएकाले आदेश कार्यान्वयन गर्न नसकिने यसअघि सरकारले बताइरहेको थियो। पछिल्लो पटक जेनजी आन्दोलनपछि गठित सरकारले भने कानुन निर्माणको प्रक्रिया अघि बढाएको हो।

## नेपाल लोकतान्त्रिक यात्रामा दृढ छ : प्रम



प्रधानमन्त्री सुशीला कार्की

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

प्रधानमन्त्री सुशीला कार्कीले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि नेपाल लोकतान्त्रिक यात्रामा दृढतापूर्वक अगाडि बढिरहेको बताउनुभएको छ। नेपालस्थित अस्ट्रेलियाको राजदूतावासले नेपाल र अस्ट्रेलियाबिच कूटनीतिक सम्बन्ध स्थापनाको ६५ औँ वार्षिकोत्सवका अवसरमा शनिबार आयोजना गरेको समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले सुशासनका पक्षमा काम गर्दै फागुन २१ गते निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

उहाँले जेनजी आन्दोलनका क्रममा युवापुस्ताले जवाफदेही, उत्तरदायी र भ्रष्टाचारमुक्त शासन चाहन्छ भन्ने स्पष्ट सन्देश दिएको प्रस्ट पार्नुभयो। उहाँले भन्नुभयो, "सरकारले यी लक्ष्य पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। यसै अन्तर्गत हामी आगामी फागुन २१ मा हुन लागिरहेको प्रतिनिधि सभा निर्वाचनका लागि तयारी गरिरहेका छौँ।"


» बाँकी पृष्ठ २ मा


## अन्तर्राष्ट्रिय

## कश्मीर विस्फोटमा नौ जनाको मृत्यु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

भारतको कश्मीरमा रहेको श्रीनगरको नवगाम प्रहरी चौकीभित्र भएको भीषण विस्फोटमा नौ जनाको मृत्यु भएको छ। उक्त विस्फोटमा ३२ जना घाइते भएका छन्। विस्फोटपछि प्रहरी चौकी र परिसरभित्र रहेका सवारीसाधनमा आगलागी भई ठुलो क्षति पुगेको अन्तर्राष्ट्रिय समाचार संस्था एएफपीले जनाएको छ।

स्थानीय मिडियाका अनुसार दिल्लीमा हालै भएको कार बम विस्फोटसम्बन्धी अनुसन्धानका क्रममा फरिदाबादबाट ल्याइएका विस्फोटक सामग्री जाँच गर्ने क्रममा सो घटना भएको हो। मृतकमध्ये अधिकांश प्रहरी तथा फरेन्सिक टोलीका सदस्य रहेको जनाइएको छ। घटनापछि ठुलो सङ्ख्यामा दमकल र एम्बुलेन्स परिचालन गरी घाइतेलाई नजिकका अस्पताल लगिएको छ। जम्मु कश्मीरका प्रहरी महानिर्देशक (डिजिपी)


» बाँकी पृष्ठ २ मा


## अग्रलेख

### लोकतान्त्रिक मूल्यको सम्मान



लोकतन्त्रमा राजनीतिक दल महत्त्वपूर्ण अङ्ग हो, जसले जनतालाई एकत्रित र सङ्गठित गर्नुका साथै तिनका मुद्दाको प्रतिनिधित्व गर्छ।

**• मोहन नेपाली**


» विचार पृष्ठ ४


## 'निर्वाचनको वातावरण बनिसकेको छ'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*



सञ्चारमन्त्री जगदीश खरेल

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल दक्षिण कोरियाको सिओलमा आयोजित ११ औँ 'ग्लोबल आइसिटी लिडरसिप फोरम' मा सहभागी भई शनिबार स्वदेश फर्कनुभएको छ। उहाँ नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही कात्तिक २५ गते दक्षिण कोरिया जानुभएको थियो।

यसअघि कोरियामा रहेका बेला नेपाल पत्रकार महासङ्घ दक्षिण कोरिया शाखाद्वारा गत शुक्रबार आयोजित साक्षात्कारमा मन्त्री खरेलले मुलुकमा निर्वाचनको वातावरण बनिसकेको बताउँदै निर्धारित मितिमै निर्वाचन हुने विश्वास व्यक्त गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।

उहाँले भन्नुभयो, "फागुन २१ मा निर्वाचन गर्छौं, निर्वाचनका लागि वातावरण बनिसकेको छ। भयरहित निर्वाचनका लागि सुरक्षाको वातावरण पनि बनिसकेको छ। नेपाल प्रहरीमा नयाँ नेतृत्व आएको छ। कुनै पनि राजनीतिक दलले निर्वाचनमा भाग लिन्नौँ भनेका छैनन्। केही दलले निर्वाचनका लागि सुरक्षाको वातावरण बनाउनु पर्छ भनेर चासो देखाएका छन्।" निर्वाचनका लागि सरकार र राजनीतिक दलले वातावरण बनाउनुपर्नेमा जोड दिँदै


» बाँकी पृष्ठ २ मा


## सहज बन्दै राहदानी वितरण


**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

अर्को सातादेखि विद्युतीय राहदानी वितरण सहज हुने भएको छ। राहदानी विभागले अर्को सातादेखि सङ्क्रमणकालीन अवस्थाका लागि राहदानी छपाइ गर्न विकल्पसहितको बाटो अख्तियार गरेकाले अर्को सातादेखि वितरण सहज हुने भएको हो।

नयाँ राहदानी छपाइका लागि भएको नयाँ दुई कम्पनीसँगको सम्झौता अनुसार आगामी फागुन महिनादेखि मात्र छपाइ हुने चरणमा छ। यसबिचमा सङ्क्रमणकालीन आवश्यकता पूरा गर्न पुरानो कम्पनीसहित अर्को विकल्प पनि अपनाउँदै राहदानी वितरणलाई सहज बनाउन लागिएको विभागका महानिर्देशक तीर्थराज अर्यालले जानकारी दिनुभयो। यसअघि फ्रान्सको आइडिमियासँग भएको सम्झौता अनुसार राहदानी छपाइ हुँदै आएको थियो। बिचमा नयाँ बोलपत्रमार्फत नयाँ कम्पनीसँग सम्झौता भएपछि पुरानो कम्पनीले छापिदिनुपर्ने


» बाँकी पृष्ठ २ मा







## दलितको दुध किन्दा डेरी नै बन्द

> अहिले समय केही फेरिएको छ। समाजमा जागरण फैलिएपछि सार्वजनिक स्थानमा दलितमाथि हुने विभेद हट्दै गएको छ। राज्य र स्थानीय तहले सहयोग गरेर दलित समुदायको दुध पुनः किन्ने अभियान चलाउने योजनामा छु।

**गोकर्ण दयाल**
*बैतडी, कात्तिक २९ गते*



२६ वर्षदेखि उन्नत जातको गाईपालन गर्दै आउनुभएका शेरबहादुर कुँवर दम्पती।

बैतडीमा उन्नत जातका गाई भित्र्याएर दुधको आपूर्ति गर्न डेरी पसल सञ्चालन गर्दा शेरबहादुर कुँवरले समेत पहिलो पटक जातीय विभेदको पीडा खेप्नु परेको छ। डेरी पसलमा दलित समुदायको दुध किन्न सुरु गरेपछि उहाँले जातीय विभेदको पीडा मात्रै खेप्नु भएन, उहाँको डेरी पसल नै बन्द भएको छ।

दशरथ चन्द नगरपालिका-५, नौहाटका शेरबहादुर कुँवरले २६ वर्षदेखि उन्नत जातको गाई पाल्दै आउनुभएको छ। जिल्ला सदरमुकामका होटेलमा दुधको आपूर्ति गर्न उहाँले २०५६ सालमा भारतको पिथौरागढबाट उन्नत जातको गाई भित्र्याएको बताउनुभयो। सदरमुकाममा मात्रै अहिले चार सयभन्दा बढी उन्नत जातका गाई रहेको नगरपालिकाको तथ्याङ्क छ।

उहाँले भन्नुभयो, "मेरो ससुराली भारतको पिथौरागढ हो। त्यहाँ उन्नत जातको गाई पालन गरेको देखेपछि २०५६ सालमा सात दिन हिँडेर उन्नत जातको गाई बैतडी ल्याइपुऱ्याएँ। दलित, गैरदलित सबै किसानलाई आबद्ध गरेर कामधेनु दुग्ध सहकारी खोलेँ। दलित समुदायको दुध किन्न सुरु मात्र के गरेको थिएँ, शेरबहादुरले त दलितको दुध किन्न थाल्यो भन्दै हल्ला फैलियो। त्योबेला दलितलाई होटेलमा प्रवेश गर्न समेत दिइँदैनथ्यो। दुध किन्ने ग्राहक भड्किएपछि डेरी पसल बन्द भयो। दुध खेर जाने अवस्था आयो।" कुँवरको डेरी पसल बन्द भएयता अहिले पनि दलित समुदायको दुध बिक्री हुँदैन।

पीडा सुनाउँदै उहाँले थप्नुभयो, "सदरमुकामका अधिकांश होटेलमा पाउडर दुधको चिया खानुपर्ने बाध्यता भएका बेला दुधको आपूर्ति गर्न खोज्दा जातीय विभेदको पर्खाल खडा भयो। तैपनि हिम्मत हारिनँ। गाउँभरिको दुध घरमै सङ्कलन गरेर बिक्री गर्न सुरु गरेँ।" भनिन्छ, हरेक पुरुषको सफलताका पछाडि महिलाको हात हुन्छ। उहाँलाई धर्मपत्नी देवकी कुँवरले हौसला दिनुभयो। डेरी पसल बन्द भए पनि दलितलाई घरमै दुध लिन आउने सुझाव दिएपछि शेरबहादुरले जर्किनमा दुध बोकेर सरकारी कर्मचारी, सेनाप्रहरीका ब्यारेक र डेरामा बस्ने दलित विद्यार्थीलाई दुधको आपूर्ति गर्न सुरु गर्नुभयो। कष्टका दिन सम्झिँदै देवकी कुँवरले भन्नुभयो, "डेरी पसलमा दलित समुदायले सबैभन्दा राम्रो दुध


» बाँकी पृष्ठ २ मा



तस्बिर : सुन्दरकुमार थकाली/रासस

**मुस्ताङको घरपझोङ गाउँपालिका–४, जोमसोममा किसानले खच्चडमा मल बोकाएर खेतबारीमा लैजाँदै ।**

# दल दर्ता आज मात्रै

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक ३० गते*

आगामी प्रतिनिधि सभा सदस्य निर्वाचनमा भाग लिन कात्तिक ३० गते (आज) आइतबारसम्म दल दर्ताको प्रमाणपत्र लिनुपर्ने निर्वाचन आयोगको समयसीमा सोमबार सकिँदै छ । आयोगले चुनावमा भाग लिन कात्तिक ३० गतेभित्र दल दर्ताको प्रमाणपत्र लिनुपर्ने गत असोज २० गते नै प्रस्ट्याएको थियो तर हालसम्म दुई वटा नयाँ दलले मात्रै दर्ताको प्रमाणपत्र पाएका छन् ।

निर्वाचन आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले सोमबारबाट प्रतिनिधि सभा सदस्य निर्वाचनमा भाग लिने प्रयोजनका लागि दल दर्ता हुने हुँदा कात्तिक ३० गतेभित्र दर्ताको प्रमाणपत्र लिनुपर्ने आयोगको निर्णय यथावत् रहेको जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, "दल दर्ताको अवधि थप्ने विषयमा छलफल भएको छैन । अहिलेसम्म ३० गते नै कायम हो ।" आयोगले दल दर्ताको समयसीमा तोकेयता करिब २८ वटा नयाँ दल दर्ताको प्रक्रियामा छन् । श्रम संस्कृति पार्टी र गतिशील लोकतान्त्रिक पार्टीले नयाँ दलको मान्यता पाएका छन् ।

# सबै जिल्लामा एमालेको जनसभा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले ७७ जिल्लामा जनप्रदर्शन र जनसभाको आयोजना गरेको छ । एमाले केन्द्रको निर्णय अनुसार सबै जिल्लाका प्रमुख सहरमा जनसभाको आयोजना गरेको हो ।

सबै जिल्लाका सदरमुकाम वा ठुला सहरमा भएका जनसभालाई एमालेका केन्द्रीय नेताले सम्बोधन गरेको एमालेका केन्द्रीय प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो । यसका लागि सबै केन्द्रीय सदस्यलाई जिल्लामा खटाइएको थियो । जनसभाका लागि एमाले महासचिव शङ्कर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली र पृथ्वीसुब्बा गुरुङ, सचिव छविलाल विश्वकर्मा र सचिव पद्मा अर्यालले विभिन्न जनसभालाई सम्बोधन गर्नुभएको थियो ।

# सहमति जुटाउने प्रयास

**गोरखापत्र समाचारदाता**
*ललितपुर, कात्तिक २९ गते*

नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा प्रस्तुत प्रस्तावमाथि सहमति जुटाउन नेताहरू संवादमा जुटेका छन् । कार्यवाहक सभापति पूर्णबहादुर खड्काले बैठकमा प्रस्तुत पार्टीको १५ औँ महाधिवेशनको कार्यतालिकासहितका विषयमा सहमति जुटाउन संस्थापन पक्षका पदाधिकारी र केन्द्रीय सदस्यसँग शनिबार परामर्श गर्नुभएको हो ।

कांग्रेस केन्द्रीय सदस्य एवं सूचना सञ्चार तथा प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माका अनुसार कार्यवाहक सभापति खड्काले मङ्सिर १ गते बस्ने केन्द्रीय कार्यसमिति बैठकमा निर्णय सार्वजनिक गर्नका लागि संवाद गर्नुभएको हो । केन्द्रीय कार्यसम्पादन समितिको शुक्रबारको बैठकमा पार्टीको १५ औँ महाधिवेशन फागुन २१ गते तय भएको प्रतिनिधि सभा निर्वाचन अघि गर्ने कि पछि गर्ने भन्ने विषयमा सहमति जुटेन । महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मासहित नेताले निर्वाचनअघि महाधिवेशन गरेर नेतृत्व र नीति तथा कार्यक्रममा नवीनता दिएर निर्वाचनको तयारीमा जुट्नुपर्ने बताउनुभयो ।

# डिजेल र पेट्रोलको मूल्य बढ्यो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

नेपाल आयल निगमले डिजेल/मटितेल र पेट्रोलको मूल्य बढाएको छ । निगम सञ्चालक समितिको शनिबारको बैठकले मध्यरातिदेखि लागु हुने गरी डिजेल र मटितेलको साबिकको बिक्री मूल्यमा प्रतिलिटर तीन रुपियाँ र पेट्रोलमा प्रतिलिटर दुई रुपियाँ बढाएको हो ।

मूल्य समायोजनसँगै डिजेल/मटितेल पहिलो वर्गका लागि प्रतिलिटर १४४ रुपियाँ ५० पैसा, दोस्रो वर्गमा १४६ रुपियाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १४७ रुपियाँ कायम भएको छ । निगमले पेट्रोलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर १५८ रुपियाँ ५० पैसा, दोस्रो वर्गमा १६० रुपियाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १६१ रुपियाँ तोकेको छ ।

# कोरिडोर स्तरोन्नतिमा समन्वय मिलाइने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले बागमती नदी कोरिडोरमा देखिएको ढल व्यवस्थापन र सडक स्तरोन्नतिको समस्या तत्काल समाधान गरिने बताउनुभएको छ ।

बागमती नदी कोरिडोर क्षेत्रको फोहोरमैला व्यवस्थापन र सडक मर्मत सम्भावनाबारे शनिबार स्थलगत निरीक्षण गर्दै उहाँले काठमाडौँ उपत्यकाका नदी कोरिडोर क्षेत्रमा सडक विभाग, काठमाडौँ उपत्यका विकास प्राधिकरण र अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबिच सडक निर्माण निर्माण तथा मर्मतसम्भारमा देखिएको समन्वयको समस्यालाई छिट्टै समाधान गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "काठमाडौँ उपत्यकाका नदीलाई सफा बनाएमा मात्र सहर सफा हुने भएकाले अल्पकालीन र दीर्घकालीन रूपमा ढल व्यवस्थापन योजनासहित काम गरिरहेका छौँ । ढल व्यवस्थापनका लागि प्रशोधन केन्द्रको स्थापना चरणबद्ध रूपमा गरिरहेका छौँ ।"

गोकर्णेश्वर मन्दिरनजिक बागमती नदी बायाँ किनारको करिब एक सय मिटर सडकलाई फराकिलो बनाउन सकिएमा माकलबारीबाट सिधै गोकर्णेश्वर मन्दिरतर्फ सवारी गाडी पास गराउन सक्ने अवस्था रहेको उल्लेख मन्त्री घिसिङले गर्नुभयो । चाबहिल–सुन्दरीजल सडक विस्तारका लागि बाँकी पुलको निर्माण तत्काल अगाडि बढाउन उहाँले सम्बन्धित निकायलाई आग्रह गर्नुभयो ।

सर्वोच्चको व्याख्या

# 'अध्यादेश निष्क्रिय हुँदा साबिकको व्यवस्था स्वतः जाग्ने'

**नारायण काफ्ले**
*काठमाडौँ, कात्तिक २९ गते*

- अध्यादेशले संशोधन गरेको कानुनी व्यवस्था संशोधन गर्ने अध्यादेश प्रतिस्थापन नभई निष्क्रिय भएका मूल कानुनको साबिकको व्यवस्था स्वतः जाग्ने
- कानुनी रिक्तताको अवस्था परिकल्पना विधायिकाले गरेको मान्न नमिल्ने
- अध्यादेश निष्क्रिय भइसकेको अवस्थामा मूल ऐनको साबिकको व्यवस्था स्वतः जाग्ने व्याख्या गर्दै जनस्वराज पार्टी दर्तालाई गैरकानुनी ठहर गरेको हो

सर्वोच्च अदालतले अध्यादेशले संशोधन गरेको कानुनी व्यवस्था संशोधन गर्ने अध्यादेश प्रतिस्थापन नभई निष्क्रिय भएमा मूल कानुनको साबिकको व्यवस्था स्वतः जाग्ने व्याख्या गरेको छ । अध्यादेशले कानुन संशोधन भई अध्यादेश निष्क्रिय भएमा पुनः जगाउने अभ्यास रहेकोमा न्यायाधीश सपना प्रधान मल्ल, सुनीलकुमार पोखरेल र मेघराज पोखरेलको पूर्ण इजलासले साबिकको व्यवस्था स्वतः जाग्ने व्याख्या गरेको हो । संसद्मा पेस नै नभएको, तत्कालै राष्ट्रपतिबाट खारेज भई अध्यादेश निष्क्रिय भएको अवस्थामा संशोधित व्यवस्था पुनर्स्थापित हुने अदालतको व्याख्या छ ।

अध्यादेशले कानुनी व्यवस्था संशोधन गरी निष्क्रिय भएको अवस्थामा यसअघि सर्वोच्चका फरक फरक व्याख्या छन् । खड्गबहादुर श्रेष्ठविरुद्ध न्याय सेवा आयोगको मुद्दामा सर्वोच्चको संयुक्त इजलासले २०६४ चैत २० मा संसद्मा पेस नै नभएको वा संसद्ले स्वीकार नगरेको अध्यादेशले व्यवस्थापन विधि पूरा गरी बनेको ऐन संशोधन गर्न नसक्ने व्याख्या गरिएको छ । त्यस्तो अध्यादेश संसद्मा पेस नभएमा वा संसद्ले स्वीकार नगरेमा साबिकको व्यवस्था जाग्ने पनि व्याख्या छ । अहिलेको पूर्ण इजलासको व्याख्या यसअघिको संयुक्त इजलासको व्याख्यासँग करिब मिल्दो छ ।

यस्तै नरेन्द्रप्रसाद कोइरालाविरुद्ध लोक सेवा आयोगको मुद्दामा २०६७ माघ २७ मा सर्वोच्चको पूर्ण इजलासले जारी भएको अध्यादेशको अवधि समाप्त भई ऐनको रूप लिन नसके पनि सोको परिणाम ऐन खारेज भएपछिको परिणाम जस्तै हुने व्याख्या छ ।

सर्वोच्चले डा. चन्द्रकान्त राउत (सिके) नेतृत्वको जनमत पार्टी विभाजन विवादमा संसद्बाट पारित ऐनको हैसियत र मान्यता तथा अध्यादेशबाट पारित संशोधन सरकारले नै फिर्ता लिई निष्क्रिय रहेको अवस्था फरक फरक रहने व्याख्या गरेको हो ।

सर्वोच्चको नयाँ व्याख्याले राजनीतिक दल विभाजनको कानुन २०७८ भदौको अवस्थामा फर्किएको छ । दल विभाजनका लागि संसदीय दल र केन्द्रीय कमिटीमा ४०/४० प्रतिशत हुने व्यवस्था नै कायम रहने व्याख्या भएको हो । सोही आधारमा २० प्रतिशत केन्द्रीय सदस्यका आधारमा जनमत पार्टीबाट विभाजन भई गठित जनस्वराज पार्टीले आधिकारिता नपाउने सर्वोच्चले फैसला गरेको हो । दलहरूको आन्तरिक किचलोको उपजमा राजनीतिक दल र संवैधानिक परिषद्सम्बन्धी ऐन अध्यादेशबाट पटक पटक संशोधन भएका थिए । साबिकका व्यवस्था जगाउने प्रतिस्थापन विधेयक संसद्बाट पारित हुन सकेका थिएनन् ।

पूर्ण इजलासको फैसलामा भनिएको छ, "कानुनी रिक्तता रोक्न र विधायिकाको मौलिक उद्देश्य जीवित राख्न अध्यादेश नै खारेज भई निष्क्रिय भइसकेको अवस्थामा साबिकको ऐनको प्रावधान जागिएको मान्नु पर्छ । तसर्थ राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ ले ऐनको दफा ३३ को उपदफा २ मा गरेको संशोधनका आधारमा राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम ५ को संशोधित व्यवस्थाको आधारमा विपक्षी निर्वाचन आयोगको मिति २०८२/०६/२८ को विपक्षी जनस्वराज पार्टी दर्ता गर्ने निर्णय कानुनसम्मत देखिएन ।"

संवैधानिक प्रावधान संशोधन, खारेज वा निष्क्रिय भएको अवस्थामा त्यसले संशोधन वा खारेज गरेको पुरानो प्रावधानमा शून्यता आउने अवस्था देखिए स्वतः पुनः जीवित हुने सर्वोच्चको व्याख्या छ । कानुनी रिक्तताको अवस्थाको परिकल्पना विधायिकाले गरेको मान्न नमिल्ने अदालतको व्याख्यामा उल्लेख छ । अदालतले बृहत्तर कानुनी व्यवस्थाको निरन्तरताको सिद्धान्तका आधारमा संसद्मा पेस नै नभएको, तत्कालै राष्ट्रपतिबाट खारेज भई निष्क्रिय भएको अवस्थामा संशोधित व्यवस्था पुनर्स्थापित हुने व्याख्या गरेको हो ।

जनमत पार्टीको केन्द्रीय कार्यकारिणी सदस्यसमेत नरहेकासमेत गणना गरी १४ जनाले पार्टी फुटाएको जिकिर डा. राउत पक्षले गरेको थियो । ५२ जना केन्द्रीय सदस्यको २० प्रतिशत भएको भन्दै निर्वाचन आयोगले मान्यता दिएको थियो । असोज २८ गते जनस्वराज पार्टीलाई आयोगले दर्ता प्रमाणपत्र दिएको थियो । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३३ (२) निष्क्रिय रहेको अवस्थामा दल विभाजन गरेकाले गैरकानुनी रहेको भन्दै बदरको माग गरिएको थियो । तर अदालतले मूल मागभन्दा पनि अध्यादेश निष्क्रिय भइसकेको अवस्थामा मूल ऐनको साबिकको व्यवस्था स्वतः जाग्ने व्याख्या गर्दै जनस्वराज पार्टी दर्तालाई गैरकानुनी ठहर गरेको हो ।

# प्रहरी सेवामा आकर्षण बढाउनु जरुरी

**मित्र भण्डारी**
*काठमाडौँ, कात्तिक २९ गते*



आइजिपी दानबहादुर कार्की

नागरिकको शान्ति सुरक्षाको नजिकको साथी प्रहरी सेवालाई थप आकर्षक र प्रभावकारी बनाउनु आवश्यक देखिएको छ । प्रहरी सेवा छोडेर अन्य पेसा व्यवसायतिर लाग्ने क्रम देखिएसँगै यस्तो आवश्यकता देखिएको हो ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि नेपाल प्रहरीमा जागिर छाड्नेको सङ्ख्या गत वर्षभन्दा बढी देखिएका कारण पनि प्रहरी सेवाप्रति आकर्षण बढाउनुपर्ने भएको छ । प्रहरी प्रधान कार्यालयको तथ्याङ्क अनुसार पछिल्लो दुई महिनामा मात्र राजीनामा दिनेको सङ्ख्या ४१५ जना पुगेको छ । यो सङ्ख्या गत वर्षको तुलनामा बढी देखिएको छ । शान्तिपूर्ण भनिएको जेनजी प्रदर्शन हिंसात्मक बनेसँगै सुरक्षा निकायले बल प्रयोग गर्दा ७६ प्रदर्शनकारीको ज्यान गयो, सयौँ घाइते भए । सो घटनापछि प्रहरी मुख्यालय नक्सालबाहेक अधिकांश कार्यालयमा आगजनी र तोडफोड भयो ।

प्रहरीका हतियार, पोसाक, उपकरणलगायतका सामग्री लुटपाट भयो । तीन जना निशस्त्र प्रहरीलाई सडकमा घिसारी निर्मम रूपमा हत्या गरियो । निशस्त्र प्रहरीलाई निर्वस्त्र बनाई आत्मसमर्पण गराएर अर्धनग्न सडकमा डुलाउने, लखेटी लखेटी निर्मम रूपमा कुटपिट गर्ने घटनासमेत भयो । नागरिकको सुरक्षामा तैनाथ कतिपय प्रहरीलाई नै जोगाउन एयरलिफ्ट (हवाई उद्धार) गर्नुपर्ने अवस्था बनेसँगै विक्षिप्त बनेका कतिपय प्रहरी पारिवारिक कारण देखाउँदै सङ्गठन सेवा छाड्न थालेका हुन् ।

पछिल्लो पाँच वर्षमा विभिन्न कारणले जागिर छाड्नेको सङ्ख्या चार हजार ८०७ पुगेको छ । आव २०७८/७९ मा ४९९ जनाले राजीनामा दिएकोमा आव २०७९/८० मा ६३३, आव २०८०/८१ मा ७९१, आव २०८१/८२ मा दुई हजार ३७३ र आव २०८२/८३ मा ५११ जनाले राजीनामा दिएकोमा पछिल्लो दुई महिनामा मात्र ४१५ जनाले राजीनामा दिएका छन् ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता अबीनारायण काफ्लेले राजीनामा दिने अधिकांश प्रहरी पेन्सन अवधि पूरा गरेका र नयाँ अवसर पाउने रहेको बताउनुभयो ।

प्रहरी उच्च स्रोतका अनुसार राजीनामा दिने सबै प्रहरीले पारिवारिक समस्या देखाउने गरेका छन् । राजीनामा स्वीकृत गरेपछि नाम उल्लेख नगर्ने सर्तमा एक पूर्वहवलदारले इज्जत र सम्मान नै नपाएपछि राजीनामा दिने निर्णयमा पुगेको बताउनुभयो । उहाँले भन्नुभयो, "विगतका विभिन्न आन्दोलनमा जस्तै यस पटक पनि तोकिएको जिम्मेवारी अनुसार नै प्रहरी अग्रपङ्क्तिमा खटिएको थियो । जसरी प्रहरीलाई नै प्रमुख निशाना बनाइयो र हामीमाथि जुन व्यवहार भयो, यसले प्रहरीमा बस्न मन लागेन ।" पछिल्लो समय राजीनामा दिने प्रहरीको सङ्ख्या वृद्धि भएपछि यसलाई रोक्न प्रहरी प्रधान कार्यालयले मनोपरामर्शसँगै विभिन्न कल्याणकारी योजना अघि सारेको छ ।

नवनियुक्त आइजिपी दानबहादुर कार्कीले पदभार ग्रहणसँगै प्रहरीको मनोबल उकास्ने उद्देश्यले सहुलियत पूर्ण कर्जा, योग्यताका आधारमा सरुवा बढुवा गर्ने प्रतिबद्धतासँगै रासन वृद्धिलगायतका योजना अघि सार्नुभएको छ । सुदृढ नेतृत्व र सामूहिकता प्रदर्शन गर्दै समग्र प्रहरीको मनोबल बढाउँदै कार्कीले जनताको अपेक्षा अनुरूप कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । सरकारले प्रहरी सङ्गठनलाई अझ बलियो र सुदृढ बनाउने गरी आवश्यक स्रोतसाधन उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ ।

## 'निर्वाचनको...

सरकारका प्रवक्ता मन्त्री खरेलले जेनजी आन्दोलनको जगमा बनेको अन्तरिम सरकारको मुख्य प्राथमिकता निर्वाचनसँगै सुशासन कायम, भ्रष्टाचार नियन्त्रण तथा रोजगारी र नवप्रवर्धन भएको उल्लेख गर्नुभयो ।

साक्षात्कारमा मन्त्री खरेलले एआई र डिजिटल ट्रान्सफरमेसन नै नेपालको भविष्य भएको उल्लेख गर्दै डिजिटल रूपान्तरमा संसारको प्रतिष्ठित मुलुक कोरियाबाट ज्ञान, सिप अनुभव हासिल भएको तथा नेपालले भर्खरै राष्ट्रिय एआई केन्द्र स्थापना गरेको सन्दर्भमा एआईको विस्तारका लागि कोरिया सरकारबाट थप सहयोगको अपेक्षासमेत गर्नुभयो ।

विदेशमा रहेका नागरिकको चाहना भनेकै नेपाल बनोस्, शान्ति, स्थिरता र सुशासन प्रवर्धन होस् भन्ने रहेको उहाँले उल्लेख गर्नुभयो । सञ्चारमन्त्री खरेलले सरकार संविधानको जगमा गठन भएको तथा नेपालका सबै राजनीतिक दलले मान्यता दिएको र अन्तर्राष्ट्रिय समुदायको पनि समर्थन रहेको भन्दै जेनजीको भावना अनुरूप निर्वाचन प्रणाली र शासकीय स्वरूपबारे छलफल गरिने विश्वास दिलाउनुभयो ।

डिजिटल र एआई ट्रान्सफर्मेसन : एसडिजीहरू र दिगो विश्वव्यापी भविष्य हासिल गर्ने विषय अन्तर्गत फोरममा एचिभिङ दी एसडिजी एन्ड ए फ्युचर' विषयक फोरममा नेपाल, भुटान, श्रीलङ्का, पाकिस्तान, कम्बोडिया, लाओ पिडिआर, भियतनाम, काजकिस्तान, मङ्गोलिया र उज्बेकिस्तानका मन्त्री र वरिष्ठ नीतिनिर्माता सहभागी भएका थिए । एसिया प्रशान्तका लागि संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक आयोग र अन्य अन्तर्राष्ट्रिय संस्था पनि सहभागी भएका थिए ।

### कानुनी प्रक्रिया सुरु

उहाँले विदेशमा रहेका नेपालीलाई मतदान गर्ने प्रबन्ध मिलाउनका लागि कानुनी प्रक्रिया सुरु गरिएको बताउँदै अध्यादेश ल्याएर भए पनि यो व्यवस्था गरिने विश्वास दिलाउनुभयो । मन्त्री खरेलले नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) को दक्षिण कोरियामा सिधा उडानका लागि आवश्यक पहल गरिने पनि बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घ दक्षिण कोरिया शाखाका कार्यवाहक अध्यक्ष सन्तोष खड्काले कोरियामा रहेका नेपालीको समस्या सहजीकरण र दुई मुलुकबिचको सम्बन्धलाई बलियो बनाउन सबैले भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो । दक्षिण कोरियास्थित नेपाली राजदूतावासका द्वितीय उपाध्यक्ष जेमिन अधिकारीले नेपालीको हक अधिकार तथा नेपाल र कोरियाबिचको सम्बन्ध बलियो बनाउन दूतावासले काम गरिरहेको उल्लेख गर्नुभयो । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) आइसिसीको महिला उपाध्यक्ष जुनु गुरुङले कोरियामा रहेका श्रमिकको समस्यालाई सहजीकरण गर्न र समस्यामा परेका नेपालीलाई सहयोगलगायतमा समन्वय गरिरहेको जानकारी दिनुभयो ।

## दलितको...

ल्याउँथे । दुधको शुद्धता परीक्षण गर्दा पानीको एक थोपा पनि मिसाइएको हुँदैनथ्यो । तैपनि समाजले कुरा काट्न थालेपछि डेरी पसल बन्द भयो ।"

डेरी बन्द भए पनि कुँवर दम्पतीले उन्नत जातको गाईका बाच्छाबाच्छी हुर्काएर बिक्री गर्दै गाईपालनको यात्रा अहिलेसम्म निरन्तर चलिरहेको छ । उहाँका छोरा हेमन्त कुँवर मोटरसाइकलमा घर घरमा दुध पुर्‍याउँदै आउनुभएको छ । आमाबुवाको सपनालाई छोराबुहारीले पूरा गरिरहेको हेमन्तले बताउनुभयो । कुँवर दम्पतीको घरमा अहिले होलेस्टाइन ब्रिजिया जातको उन्नत गाईले दैनिक ३० लिटर दुध दिने गरेको छ । हेमन्त कुँवर दुध बेच्न बजार जाँदा मोटरसाइकलमा अन्य गाउँलेको पनि दुध बिक्री गरिदिने काममा सघाइरहनुभएको छ ।

### उन्नत जातको बहर छैन

उन्नत जातको गाईपालन गर्दा जिल्लामा उन्नत जातको बहर नहुँदा गाईपालन गर्ने उहाँ जस्तै किसान समस्यामा परेका छन् । गाईको गर्भाधारण हुने बेला दुई महिनाअघि जिल्लामा बहर र कृत्रिम गर्भाधान गर्ने सुविधा नहुँदा भारतको पिथौरागढबाट पशुविज्ञ चिकित्सक बोलाएर कृत्रिम गर्भाधान गराएको कुँवर दम्पतीले बताउनुभयो ।

### ब्युँतियो कामधेनु गोरस भण्डार

दुध बेच्न पाइलैपिच्छे सङ्घर्ष गर्दै आउनुभएका कुँवरले हाल फेरि सदरमुकामको दशरथ चन्द नगरपालिका–४, शाहीलेक बजारमा कामधेनु गोरस भण्डार स्थापना गरेर दुग्धजन्य पदार्थ, मोही, खुवा र पनिर बनाउन सुरु गर्नुभएको छ ।

सामाजिक कुरीति चिर्ने एक्लो प्रयासमा सफल नहुँदा लगानीसमेत डुबेर टाट पल्टेको उहाँले पीडा सुनाउनुभयो । सदरमुकाममा पुनर्स्थापना गरेको कामधेनु गोरस भण्डारलाई भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले खुवा बनाउने मेसिन उपकरण सहयोग गरेको छ । अहिले त समय केही फेरिएको छ । समाजमा जागरण फैलिएपछि सार्वजनिक स्थानमा दलितमाथि हुने विभेद हट्दै गएको छ । राज्य र स्थानीय तहले सहयोग गरेर दलित समुदायको दुध पुनः किन्ने अभियान जिल्लाव्यापी बनाउने सोच रहेको उहाँले बताउनुभयो ।

## कश्मीर...

नलिन प्रभातले श्रीनगरको नौगाम प्रहरी थानाभित्र भएको विस्फोटमा नौ जनाको मृत्यु भएको र २७ प्रहरीसहित ३२ जना घाइते भएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "एफएसएल टोलीले नमुना लिने प्रक्रिया धेरै सावधानीपूर्वक गरिरहेको थियो तर दुर्भाग्यवश राति ११:२० बजेतिर दुर्घटना भयो ।" यसअघि दिल्लीको लालकिल्लानजिकै सोमबार भएको कार बम विस्फोटमा १३ जनाको मृत्यु भएको थियो । साथै ठुलो परिमाणमा विस्फोटक पदार्थसमेत बरामद गरिएको थियो ।

## सहज...

सङ्क्रमणकालीन आवश्यकताको राहदानी नछापिएपछि राहदानी अभाव हुन पुगेको छ । दसैँतिहारपछिको अवस्था भनेको राहदानी अत्यधिक माग हुने 'सिजन' का रूपमा लिइन्छ तर यहीबेला राहदानी छपाइ नहुँदा मौज्दात राहदानीबाट दैनिक कोटा घटाएर विभागले अत्यावश्यकलाई मात्र वितरण गर्दै आएको पनि आधा महिना नाघ्न लागिसक्यो ।

दैनिक जसो काम र अध्ययनका लागि विदेश जानेको भिड पछिल्लो समय विभागमा उच्च हुन थालेको छ । राहदानीका लागि फाराम भर्न पुगेकाहरूले राम्ररी भर्न नपाएको गुनासो पनि बढ्न थालेको छ । अत्यधिक मागको सम्बोधन गर्दै राहदानी वितरणलाई सहज बनाउन प्रधानमन्त्री सुशीला कार्कीले यसअघि नै परराष्ट्र मन्त्रालय र राहदानी विभागसहितका सरोकारवालालाई निर्देशन दिनुभएको थियो ।

विभागले पनि तदारुकता देखाउँदै विकल्पसहितका पथ अँगाल्दै सङ्क्रमणकालीन आवश्यकताको पूर्ति गर्न पहल गरिरहेको महानिर्देशक अर्यालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पुरानो कम्पनीले पनि छपाइ गर्छु भनेको छ, नयाँसँग पनि तत्कालको माग पूरा गर्न विकल्पमा कुरा गरेका छौँ, अबको केही दिनभित्रै सबै कुरा मिलेर छपाइतिर अघि बढ्ने तयारीमा छौँ ।"

हरेकदिन जसो बिहानदेखि लाम लागेर विभाग र जिल्ला प्रशासन कार्यालयमा बसेकाले मध्याह्न नहुँदै अनलाइन फाराम सकिएको खबर पाउँदा निराश हुँदै फर्कने गरेका छन् । विभागसँग हाल एक लाख ७५ हजार थान मात्र राहदानी पुस्तिका मौज्दात रहेको अवस्था छ । अबको दुई साताभित्र पनि राहदानी छपाइ सुरु नहुने हो भने विभागले वितरण ठप्प पार्नुपर्ने अवस्था आउन सक्ने सम्भावना कायमै छ ।

## नेपाल...

प्रधानमन्त्री कार्कीले दुई देशबिचको पारस्परिक सम्मान, दिगो मित्रता र साझा लोकतान्त्रिक मूल्यमा आधारित साझेदारी गरेको स्मरण गर्दै नेपाल सरकार तथा नेपाली जनताका तर्फबाट अस्ट्रेलियाका जनताप्रति शुभकामना व्यक्त गर्नुभयो । उहाँले अस्ट्रेलियाबाट प्राप्त मैत्रीभाव, विकास सहायता तथा लोकतान्त्रिक र समावेशी रूपान्तरणप्रतिको समर्थनलाई अत्यन्त मूल्यवान् भएको प्रस्ट पार्नुभयो । उहाँले नेपालको विकास यात्रामा अस्ट्रेलिया एक विश्वस्त साझेदार रहँदै आएको र शिक्षा, स्वास्थ्य, सुशासन, ग्रामीण विकास र विपत् व्यवस्थापन जस्ता क्षेत्रमा प्राप्त सहयोगले राष्ट्रिय प्रगतिमा महत्त्वपूर्ण योगदान पुगेको बताउनुभयो ।

प्रधानमन्त्री कार्कीले नेपाल र अस्ट्रेलियाले विभिन्न अन्तर्राष्ट्रिय तथा बहुपक्षीय मञ्चमा एकअर्कालाई समर्थन गर्दै आएको सन्दर्भ अगाडि सार्दै यसबाट दुई देशबिचका साझा मूल्य र हितलाई प्रस्ट पारिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालले क्षेत्रीय तथा विश्व शान्ति र स्थिरतालाई अत्यन्त महत्त्व दिन्छ र विश्वलाई सुरक्षित तथा समृद्ध राख्न अस्ट्रेलियाले खेलेको सकारात्मक भूमिकाको उच्च प्रशंसा गर्दछ ।"

### 'निकट र आत्मीय सम्बन्ध'

प्रधानमन्त्री कार्कीले हजारौँ नेपाली विद्यार्थीले अस्ट्रेलियाका विश्वविद्यालयमा उच्च शिक्षा हासिल गरेको र उनीहरू नेपाल र अस्ट्रेलिया दुवै देशको प्रगतिमा योगदान गरिरहेको बताउनुभयो । उहाँले पर्यटन, प्रविधि तथा नवीकरणीय ऊर्जा क्षेत्रमा सहकार्यका नयाँ अवसर सिर्जना गर्दै नेपालमा बढाइरहेको लगानीप्रति प्रसन्नता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "अस्ट्रेलियासँगको बढ्दो व्यापार र लगानीका लागि हामी कृतज्ञ छौँ । नेपाल सन् २०२६ मा अतिकम विकसित देशको श्रेणीबाट स्तरोन्तति हुने लक्ष्य पूरा गर्न द्रूतगतिले अघि बढिरहेको छ । यो महत्त्वाकाङ्क्षी राष्ट्रिय लक्ष्य प्राप्तिका लागि प्रदान भइरहेको अस्ट्रेलियाको निरन्तर सहयोग हामी कृतज्ञतासाथ स्वीकार गर्छौं ।" प्रधानमन्त्री कार्कीले नेपाल–अस्ट्रेलिया सम्बन्धलाई अझ सुदृढ बनाउन राजदूत लियान जोन्स्टनले दिएको योगदानप्रति धन्यवाद व्यक्त गर्नुभयो ।




# निर्वाचनको तयारीमा जुट्दै कर्मचारी

**मकवानपुर समाचारदाता**
*मकवानपुर, कात्तिक २९ गते*

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारीलाई तीव्र बनाइएको छ । निर्वाचनको पूर्वतयारीका क्रममा निर्वाचन कार्यालयका कर्मचारीले सार्वजनिक बिदाको दिन शनिबारसमेत काम गर्नुभएको छ ।

बागमती प्रदेश निर्वाचन कार्यालय, हेटौँडामा अन्य दिन जस्तै शनिबार पनि कर्मचारी बिहानैदेखि मतदाता नामावली दर्ता, ठाउँसारी, विवरण सच्याउनेलगायतका काममा व्यस्त भएका हुन् । प्रदेश निर्वाचन कार्यालय, बागमती प्रदेशका निर्वाचन अधिकारी हरिप्रसाद ढकालले आयोगको निर्णय अनुसार शनिबार पनि नयाँ मतदाता नामावली दर्तालगायतका निर्वाचन तयारीको काम भएको जानकारी दिनुभयो । उहाँले यसअघि मतदाता रहेका मतदाताको ठाउँसारी र मतदाता नामावलीको विवरणमा समस्या भएर निवेदन दिएकाको छिनोफानो गर्ने काम शनिबार पनि भएको जानकारी दिनुभयो । उहाँका अनुसार शनिबार ४४ जना नयाँ मतदाताको मतदाता नामावलीका लागि दर्ता गरिएको छ ।

शुक्रबारसम्ममा मकवानपुरमा पाँच हजार ८७४ नयाँ मतदाता नामावली दर्ता भएको छ । यसैबिच मकवानपुरमा मतदानस्थलको नाम संशोधन र परिवर्तनका लागि जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले निर्वाचन आयोगमा सिफारिस गर्ने निर्णय गरेको छ ।

समितिका सदस्य सचिवसमेत रहनुभएका प्रदेश निर्वाचन अधिकारी ढकालले दुई मतदान स्थलको नाम संशोधन र एउटा मतदान स्थलको नाम परिवर्तन गर्ने निर्णय गरेको बताउनुभयो । जिल्लाको बकैया गाउँपालिका–१, मोरङ्गेस्थित मतदान स्थल रहेको सरस्वती प्राविबाट मावि भएकाले सरस्वती मावि मतदान स्थल र बकैया गाउँपालिका–७ स्थित मतदान स्थल माटाकोरी माविबाट आधारभूत विद्यालयमा परिवर्तन भएकाले दुवै मतदान स्थलको नाम संशोधन गरिएको छ ।

यस्तै थाहा नगरपालिका–३ स्थित आधारभूत केन्द्रमा मतदानस्थल रहेकामा उक्त विद्यालय एकीकरण भएकाले सो मतदान स्थलको नाम परिवर्तन गरी थाहा शीत भण्डार कायम गर्ने गरी प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकले आयोगमा सिफारिस गर्ने निर्णय गरेको प्रदेश निर्वाचन अधिकृत ढकालले जानकारी दिनुभयो । मतदाताको सङ्ख्या वृद्धि भएसँगै मतदान केन्द्रको सङ्ख्या बढ्ने छ । हाल मकवानपुर जिल्लामा १६७ मतदान स्थल रहेका छन् ।


तस्बिर : राममणि दाहाल

**हेटौँडास्थित प्रदेश निर्वाचन कार्यालय ।**

# समाचार सङ्क्षेप

## दुर्घटनामा वृद्धाको मृत्यु

**दोलखा** (गोरखापत्र), कात्तिक २९ गते । दोलखाको शैलुङ गाउँपालिका–६, कालापानीमा सडक दुर्घटना हुँदा गोरखा घर भई हाल काठमाडौँ चन्द्रागिरि बस्ने ६० वर्षीय एकुमाया अर्यालको मृत्यु भएको छ ।

शुक्रबार साँझ बागमती प्रदेश ०१–००२ ज ६२०८ नम्बरको इभी माइक्रोमा सवार १७ जनामध्ये अर्यालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी निरीक्षक श्रीराम तिमल्सिनाले जानकारी दिनुभयो । उहाँका अनुसार शैलुङको भ्रमण गरी काठमाडौँ फर्कन लाग्दा अचानक ब्रेक फेल भई गाडी बुद्धको स्तूपामा ठोकिएर दुर्घटना भएको हो । उपचारमा रहेका घाइते १६ को धुलिखेल र काठमाडौँका विभिन्न अस्पतालमा उपचार भइराखेको प्रहरी निरीक्षक तिमल्सिनाले जानकारी दिनुभयो ।

## हत्या आरोपमा पक्राउ


**बरामद गरिएको कट्टुवा पेस्तोल ।**

**मकवानपुर** (गोरखापत्र), कात्तिक २९ गते । मकवानपुरको राक्सिराङ गाउँपालिका–१ मा गोली प्रहार गरी हत्या गरेको अभियोगमा एक जनालाई मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ । राक्सिराङ–१, कोलगैरी ठकुरीडाँडाका ठुले गोलेलाई गोली हानी हत्या गरेको अभियोगमा इमानसिंह थोकरलाई प्रक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

थोकरले शुक्रबार बिहान ६४ वर्षीय गोलेलाई गोली हानी हत्या गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक राजुप्रसाद कुर्मीले जानकारी दिनुभयो । उहाँका अनुसार गोलेको हत्यापछि फरार भएका ७५ वर्षीय थोकरलाई घटनास्थलबाट करिब एक किमीपूर्व कोलगौरीमा लुकिछिपी बसेको अवस्थामा नियन्त्रणमा लिएको हो । प्रहरीले थोकरको साथबाट कट्टुवा पेस्तोल एक थान, पेस्तोलमा लाग्ने दुई राउन्ड गोली, खोका एक थान र १९० ग्राम गन पाउडर बरामद गरेको जनाएको छ । पुरानो रिसइबीका कारण हत्या गरेको प्रहरीले प्रारम्भिक अनुसन्धानको क्रममा खुलेको बताएको छ ।

# राजनीतिक दलसँग समन्वय आवश्यक


तस्बिर : शालिग्राम नेपाल

**जनसभालाई सम्बोधन गर्दै एमाले उपाध्यक्ष रामबहादुर थापा 'बादल' ।**

**चितवन समाचारदाता**
*चितवन, कात्तिक २९ गते*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का उपाध्यक्ष रामबहादुर थापा 'बादल' ले प्रतिनिधि सभा पुनर्स्थापना नै राजनीतिक निकास भएको बताउनुभएको छ । नेकपा एमाले चितवनले शनिबार नारायणगढमा आयोजना गरेको जनसभालाई सम्बोधन गर्दै उहाँले पुनर्स्थापनापछि बन्ने सरकारले मात्रै निर्वाचन गराउनुपर्ने माग गर्नुभएको हो ।

उपाध्यक्ष बादलले भन्नुभयो, "वर्तमान सरकारले निर्वाचन गराउँछ भन्नेमा विश्वास छैन । अहिलेसम्म निर्वाचनको तयारी छैन, दलसँग गम्भिर रूपमा छलफल भएको छैन । यस्तो अवस्थामा कसरी निर्वाचन हुन सक्छ ।"

फागुन २१ गतेअगाडि स्थापित दल र तिनका नेतालाई फसाउने षडयन्त्र भइराखेको उहाँले आरोप लगाउनुभयो । ठुला र स्थापित दलका नेतालाई चुनावमा भाग लिन नपाउने गरी सरकारको तयारी भएको उहाँको भनाइ थियो । देशलाई दीर्घकालीन क्षति पार्ने तत्त्वको खोजी गरी कारबाही गर्न उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो ।

विदेशी शक्तिले नेपालमा चलखेल गरिराखेको समयमा निर्वाचनको भुलभुलैमा पर्न नहुने उपाध्यक्ष थापाको भनाइ छ । प्रचण्ड र माधव नेपालसहित मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी १० कोठे टहरो मात्रै भएको भन्दै त्यसले उनीहरूको ओरालो यात्रा नरोकिने उहाँले बताउनुभयो । "निर्वाचनमा अस्तित्व जोगाउन मात्रै उनीहरूले १० कोठे टहरो हालेका हुन्, त्यसले पनि उनीहरूको ओरालो यात्रा रोकिँदैन, मूल घरमा फर्किए मात्रै केही जोगिन सक्छ," उहाँले भन्नुभयो । १० कोठे टहरो बनाएकाहरू कोर्स गरेर मूल घरमा फर्किन पार्टीले अपिल गरेको र केही फर्किएको पनि उहाँले बताउनुभयो ।

कार्यक्रममा पोलिट ब्युरो सदस्य देवी ज्ञवालीले अवैधानिक रूपमा विघटन गरिएको प्रतिनिधि सभा पुनर्स्थापना नै अहिलेको आवश्यकता भएको बताउनुभयो । जननिर्वाचित प्रतिनिधि सभा बिचैमा विघटन गरेर गर्न खोजिएको निर्वाचन मान्य नहुने उहाँको भनाइ थियो । कार्यक्रममा केन्द्रीय सदस्य जगन्नाथ थपलियाले भदौमा भएको आगजनीलाई इतिहासले माफी दिन नसक्ने बताउनुभयो । कार्यक्रममा एमालेका केन्द्रीय सदस्य तथा संविधान सभा सदस्य कृष्णभक्त पोखरेल, जिल्ला अध्यक्ष कमलराज पाठकलगायतले बोल्नुभएको थियो ।

जनसभाअगाडि जिल्लाका सात वटै पालिकाबाट भेला भएका पार्टीका कार्यकर्ताको र्‍याली भरतपुरको गोन्द्राङबाट नौ किलोमिटर पैदल यात्रा गर्दै पोखरा बसपार्क, नारायणगढमा आएर सभामा परिणत भएको थियो ।

## एमालेद्वारा जनप्रदर्शन

**रसुवा समाचारदाता**
*रसुवा, कात्तिक २९ गते*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) जिल्ला कमिटी रसुवाले शनिबार जनप्रदर्शन गरेको छ । जिल्लास्तरीय कार्यक्रम अन्तर्गत रसुवाका पाँच वटै गाउँपालिकामा गरिएको भेला तथा र्‍यालीको समापन सदरमुकाम धुन्चेमा गरिएको हो ।

धुन्चेको स्वागत गेटबाट सुरु भएको र्‍याली शिव मन्दिर हुँदै शङ्खपार्कमा पुगेर कोण सभामा परिणत भएको थियो । कार्यक्रमका केन्द्रीय सदस्य यज्ञराज सुनुवारले पछिल्लो समय जेनजी समूहको आन्दोलनको नाममा उब्जिएका गतिविधिले स्थिरता र लोकतान्त्रिक व्यवस्थामाथि प्रहार गरिरहेको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, "कसैले पनि संविधानको मर्म र मूल्यमा हस्तक्षेप गर्न पाइँदैन । जनताको बल र सडकबाट नै प्रतिगामी प्रयासलाई पराजित गर्न सकिन्छ ।"

कार्यक्रममा एमाले रसुवाका कार्यवाहक अध्यक्ष कैसाङनुर्पु तामाङले पार्टीको केन्द्रीय निर्देशन अनुसार लोकतन्त्र रक्षा अभियानको हिस्साका रूपमा रसुवामा पनि जनप्रदर्शन गरिएको बताउनुभभयो । संविधान विरोधी प्रवृत्ति र अराजक गतिविधिबाट देशलाई बचाउन जनस्थरबाट दबाब सिर्जना गर्नु आजको आवश्यकता भएको उहाँले बताउनुभयो ।

सभामा केन्द्रीय सदस्य प्रेम तामाङ, माधव अर्याल, बागमती प्रदेश कमिटी सदस्य कर्नेल तामाङलगायतका नेताले मन्तव्य राख्नुभएको थियो । जनप्रदर्शनमा युवा सङ्घ नेपाल, अनेरास्ववियु, महिला सङ्घ र एमालेका विभिन्न तहका कार्यकर्ताको सहभागिता थियो ।

# व्यक्तिगत खर्चमा सडक निर्माण

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, कात्तिक २९ गते*

मकवानपुरको मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले आफूलाई प्राप्त हुने तलब भत्ताको रकम र व्यक्तिगत खर्चमा सडक निर्माण गर्न लाग्नुभएको छ । अध्यक्ष कालाखेतीले गाउँपालिकाको वडा नम्बर २ मा ढलानसहितको सडक निर्माण गर्ने जानकारी दिनुभयो । वडा नम्बर २ कार्यालय भुन्द्रुङ टाँडीदेखि कर्मचोकको गाउँबस्तीलाई जोड्ने दुई सय मिटर सडकलाई स्ल्याब गर्ने अध्यक्ष कालाखेतीले शनिबार औपचारिक कार्यक्रममा घोषणा गर्नुभएको हो । २० लाख रुपियाँको लगानीमा दुई सय मिटर लम्बाई र छ मिटर चौडाइको सडक ढलान हुने मनहरी गाउँपालिकाका प्राविधिक टुकराज चौधरीले जानकारी दिनुभयो ।

गाउँपालिकाका नौ वटा वडामध्ये सबैभन्दा विकट रहेको दुई नम्बरको भुन्द्रुङ टाँडीका स्थानीयले अझैसम्म पनि खानेपानी, शिक्षा, स्वास्थ्य, सडक पूर्वाधार र तटबन्धनको समस्यासँग जुध्नु परेको अध्यक्ष कालाखेतीले बताउनुभयो । उनीहरू दैनिक जस्तो यस्ता आधारभूत आवश्यकताको समस्या लिएर पालिका धाउने गरेको उहाँको भनाइ छ । वर्षौंदेखि पक्की सडकको पर्खाइमा रहेका कर्मचोकका स्थानीयको समस्यालाई सम्बोधन गर्दै दुई दिनभित्रै पालिकाका अन्य जनप्रतिनिधि, सरोकारवाला र आफू स्वयम्‌को लगानीमा बाटो निर्माण कार्य थालनी गर्न लागिएको उहाँले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "जनप्रतिनिधिले पारदर्शी ढङ्गले सेवा प्रवाह गर्नुपर्छ भन्ने सिद्धान्त बोकेर हिँडेको छु । दलीय स्वार्थभन्दा माथिउठेर स्थानीयको समस्या र आवश्यकतालाई सम्बोधन गर्ने चुनावी घोषणा पूरा गर्दै छु," उहाँले भन्नुभयो, "आन्दोलनका कारण पालिका आर्थिक अभावसँग जुधिरहँदा कैयौँ योजना काट्नुपर्ने अवस्था छ । यस वडाका जनताले वर्षौंदेखि धुलो खाएर बस्नुभयो । यस पटक जसरी पनि यहाँका नागरिकलाई न्याय दिने अठोटले व्यक्तिगत लगानीबाटै विकासको कार्य अगाडि बढाएको छु ।"

घोषणा कार्यक्रममा वडाध्यक्ष राजकुमार पाख्रिनले वडा कार्यालय जोडिएकै सडक कच्ची रहँदा स्थानीय वर्षौंदेखि समस्यामा रहेको बताउनुभयो । गाउँदेखि मुख्य सडक सञ्जालसम्म जोडिने कैयौँ सडक निर्माणमा निर्वाचित अध्यक्ष कालाखेतीले ठुलो भूमिका निर्वाह गरेको उहाँको भनाइ थियो ।


**भुन्द्रुङ टाँडीमा सडक निर्माण गर्ने औपचारिक घोषणा गर्नुहुँदै गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती ।**


**धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को अनुसूची १ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**
**आ.व. २०८२/८३ को प्रथम त्रैमासिक प्रतिवेदन**

**Trishuli Jal Vidhyut Company Limited**
**Kathmandu, Nepal**

**Unaudited Quarterly Statement of Financial Position** As at Ashwin 31, 2082 (October 17, 2025)

| Particulars | Quarter ending October 17, 2025 (Ashwin 31, 2082) | Quarter ending July 16, 2025 (Ashad 32, 2082) | Quarter ending October 16, 2024 (Ashwin 30, 2081) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets:** | | | |
| Property, Plant and Equipment | 150,419,387 | 152,337,926 | 156,832,264 |
| Right of Use Asset | 133,800 | 178,401 | - |
| Capital Work-in-Progress | 6,324,257,242 | 6,046,725,815 | 5,004,756,692 |
| Deposit & Other Receivables | 1,125,000 | 1,125,000 | 1,125,000 |
| Income Tax Assets | 8,072,889 | 8,058,595 | 5,736,057 |
| **Total Non-Current Assets** | **6,484,008,319** | **6,208,425,737** | **5,168,450,014** |
| **Current Assets:** | | | |
| Inventories | 182,774 | 70,082 | 145,457 |
| **Financial Assets:** | | | |
| Cash and Cash Equivalents | 61,833,572 | 58,639,819 | 844,820,281 |
| Deposit & Other Receivables | 299,000 | 299,000 | 307,981 |
| **Other Current Assets** | | | |
| Prepayments | 1,116,339 | 1,110,280 | 2,600,288 |
| Other advances | 585,009,256 | 616,684,213 | 127,722,364 |
| **Total Current Assets** | **648,440,940** | **676,803,394** | **975,596,372** |
| **Total Assets:** | **7,132,449,259** | **6,885,229,131** | **6,144,046,385** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY:** | | | |
| Share Capital | 1,789,162,770 | 1,789,162,770 | 1,789,162,770 |
| Retained Earnings | (323,105,293) | (295,630,242) | (679,462,629) |
| **Total Equity** | **1,466,057,477** | **1,493,532,528** | **1,109,700,141** |
| **LIABILITIES** | | | |
| **Non-Current Liabilities:** | | | |
| Loans and Borrowings | 3,781,576,085 | 3,751,176,085 | 3,715,388,725 |
| Trade & Other Payables | 188,099,790 | 177,564,333 | 158,950,151 |
| Provisions | 5,336,541 | 5,580,866 | 5,147,122 |
| **Total Non-current Liabilities** | **3,975,012,416** | **3,934,321,283** | **3,879,485,998** |
| **Current Liabilities:** | | | |
| Financial Liabilities | | | |
| Loans and Borrowings | 255,000,000 | 50,000,000 | 210,000,000 |
| Trade & Other Payables | 1,436,379,365 | 1,407,375,319 | 944,860,246 |
| **Total Current Liabilities** | **1,691,379,365** | **1,457,375,319** | **1,154,860,246** |
| **Total Equity and Liabilities:** | **7,132,449,259** | **6,885,229,131** | **6,144,046,385** |

**Unaudited Quarterly Statement of Profit and Loss**
**For the Quarter ending Ashwin 31, 2082 (October 17, 2025)**

| Particulars | Quarter ending October 17, 2025 (Ashwin 31, 2082) | Quarter ending July 16, 2025 (Ashad 32, 2082) | Quarter ending October 16, 2024 (Ashwin 32, 2081) |
|---|---|---|---|
| Revenue From Operations | - | - | - |
| Less: Direct Cost | - | - | - |
| **Gross Profit** | - | - | - |
| Other Income | 95,292 | 16,339,432 | 6,371 |
| **EXPENSES** | | | |
| Employee Cost | 6,796,303 | 25,158,824 | 6,419,453 |
| Depreciation and Amortization Expenses | 463,386 | 1,853,545 | 477,719 |
| Administrative & General Expenses | 1,521,398 | 16,958,400 | 2,830,203 |
| Foreign Exchange (Gain) / Loss | 18,789,256 | 1,510,538 | - |
| **Total Expenses** | **27,570,343** | **45,481,307** | **9,727,374** |
| **Profit(Loss) From Operations** | (27,475,051) | (29,141,875) | (9,721,004) |
| Finance Cost | - | - | 28,073,292 |
| Finance Income | - | - | - |
| **Profit(Loss) Before Bonus and Tax** | (27,475,051) | (29,141,875) | (37,794,296) |
| Income Tax Expense | - | - | - |
| **Net Profit(Loss) for the Period** | **(27,475,051)** | **(29,141,875)** | **(37,794,296)** |

***Note:*** *The above mentioned figures are subject to change during statutory audit of the books of accounts. Previous period figures have been reclassified/adjusted whenever considered necessary.*

**FIRST QUARTER DISCLOSURE AS OF 31ST ASHWIN 2082 AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION ANNEXURE-14 (RELATED TO SUB REGULATION 1 OF REGULATION 26)**

1. **Financial Statements**
The unaudited financial statements for the First Quarter of FY 2082/83 and key financial ratios have been published along with this report.
**Related party transactions**: Business transaction, if any with related parties has been conducted at arm's length basis in line with section 93(c) of the Company Act, 2063.
The major financial highlights of the company have been given below:

| Earnings Per Share (EPS) | Current Ratio | Net Worth Per Share (NWS) | Market Price Per Share (MPS) | P/E Ratio | Return on Assets( ROA) |
|---|---|---|---|---|---|
| (1.48) | 0.38 | 79.14 | 405.00 | (273.07) | (0.39%) |

**Market price per share has been considered for date Ashwin 31, 2082*

2. **Management Analysis**
Following the termination of construction contract on 16.12.2023 with Previous Contractor, the company has invited tenders for Lot-1 i.e. Civil Works and Lot-2 i.e. Electromechanical and Hydromechanical Works to complete the remaining work of the project. As of Chaitra 31 2081, the selection process for Lot-1 (Civil Works) contractor has been completed, and Fewa Construction Private Limited, Pokhara has been selected as the contractor. The contract with Fewa Construction Private Limited, Pokhara has been signed on 2081.04.28 to complete the remaining civil works of the project. The contractor has commenced the construction work from 2081.05.09. The work is scheduled to be completed by Ashad 2084. Meanwhile, the contract for Lot-2 (Electromechanical and Hydromechanical Works) could not be signed yet due to various reasons. The contract for Lot-2 is expected to be signed within November 2025.
The delay in selection of lot 2 contractor is posed to affect the progress of the project. Timely selection and mobilization of the lot-2 contractor is critical for the timely completion of the project.
   - **Any changes in stock, Income and liquidity during the quarter and the reason for change if any**
   Current ratio has decreased to 0.38 from 0.46 and 0.84 as compared to previous quarter and corresponding previous year quarter
   - **Statement of Management anafoutlysis on the company's upcoming business plan**
   The company does not have any plan for other project development except currently running project i.e. Upper Trishuli 3B Hydroelectric Project.
   - **Analytical Statement on the possible effect on company's profitability, stocks and cash flows by any events known if any, based on past experience**
   There are no any events known that may effect on the company's profitability, stocks and cash flows based on past experience.

3. **Legal Proceedings**
   - Case filed by or filed against the company during the quarter, if any: ***None***
   - Case filed by or filed against the company or its promoter or director for violation of the prevailing regulation or committing the criminal offence during the quarter, if any: ***None***
   - Case filed by or filed the promotor or director on financial crime during the quarter, if any: ***None***

4. **Analysis of Company's Share Transaction**
The major highlights of share transactions during the period are as follows:

| Maximum Price NPR | Minimum Price NPR | Closing Price NPR | Total Transactions | Transaction days | Total traded Volume | Total Traded Value NPR |
|---|---|---|---|---|---|---|
| 523.26 | 405.00 | 405.00 | 6,183.00 | 51 | 5,24,085.00 | 25,49,47,349.20 |

5. **Problems & Challenges**
**Internal**
i. Retention of skilled human resources.
ii. Maintaining the operational efficiency.
iii. Selection and timely mobilization of Lot-2 contractor to complete the remaining work of the project.
**External**
i. Foreign exchange risk exposures in payment to contractor due to fluctuation of currency in the International Foreign Exchange Markets.
ii. Possibility of flood in monsoon season in the rivers at power-plant locations.
iii. Loss due to natural Disaster-Earthquake, Landslide etc.
iv. Delay of statutory approvals
**Strategies**
i. HR Optimization Plan is being implemented
ii. Proper analysis of environment in order to mitigate maximum loss from natural disaster.
iii. Adequate insurance policies against the loss due to natural disaster
iv. Selection and mobilization of new contractor to complete the remaining work of the project at the earliest.

6. **Corporate Governance**
Board of Directors, Audit Committee, Other Committees and Management Team are committed for strengthening good corporate governance within the company. The company has written manuals, policies, rules & regulations for proper functioning of the company. Further, the company has regular meetings with its top management in compliance with Corporate Governance Guidelines, 2074 issued by Securities Board of Nepal. The Provisions of SEBON Corporate Guidelines has been duly compiled with.

7. **Declaration**
I, the Managing Director, of this Company take the responsibility of accuracy of the information and details mentioned in this report for the period up to First Quarter of FY 2082/83 and hereby declare that the information and details provided in this report are true, based on facts, and complete to the best of my knowledge.

सजिलो जिन्दगीको लागि प्रार्थना नगर बरु कठिन समयलाई सहन सक्ने क्षमताको लागि प्रार्थना गर ।
-ब्रुस लि



## सम्पादकीय

# बजेट कार्यान्वयनको समीक्षा

**चालु आर्थिक वर्ष २०८२/८३ को चौथो महिना पूरा भएको छ । संवैधानिक व्यवस्था अनुसार गएको जेठ १५ चालु आवका निम्ति प्रस्तुत गरेको बजेट साउन १ गतेदेखि नै कार्यान्वयनमा आएको हो । बजेट कार्यान्वयनमा आएको दोस्रो महिनामै देशमा ठुलो परिवर्तन भयो । भदौ २३ र २४ गते नवपुस्ता अर्थात् जेनजीले विद्रोह गरे । विश्वका धेरै देशमा नेपाल बढी भ्रष्टाचार हुने मुलुकमै परे पनि त्यसको निराकरण गर्न सकिएको थिएन । भ्रष्टाचारका कारण सुशासन अभाव रहँदा नागरिकले चुस्त सेवा पाउन सकेनन् । आर्थिक विकासमा अवरोध भयो । बेरोजगारी बढ्यो । असन्तोष सघन हुन गयो । त्यसप्रति नवपुस्ताको विद्रोहले केपी ओली नेतृत्वको तत्कालीन सरकार विस्थापित भई निर्वाचन र सुशासनको कार्यदेशसहित अन्तरिम सरकार बन्यो । अन्तरिम सरकारले आगामी फागन् २१ गतेको प्रतिनिधि सभा निर्वाचनलाई अर्जुनदृष्टिमा राखेको छ । सुशासन कायम गर्दै भ्रष्टाचार न्यूनीकरणतर्फ सरकारको ध्यान गएको देखिएको छ । यसै क्रममा सरकारले चालु आवको पहिलो तीन महिनाको नीति, कार्यक्रम र बजेटको गहन समीक्षा गरेको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा शुक्रबार आव २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको समीक्षामा प्रधानमन्त्री सुशीला कार्कीले जनअपेक्षा सम्बोधन गर्न पुँजीगत खर्च बढाउन निर्देशन दिनुभएको छ ।**


**नवपुस्ताको भावना देशको चौतर्फी विकासमा संस्थागत जग बसोस् भन्ने हो । जेनजीको भावना वास्तवमै अहिलेको जनादेश मात्र होइन 'समग्र देशवासी'को जनआकाङ्क्षा पनि हो । प्रधानमन्त्रीले भन्नुभए जस्तै नतिजा देखिने गरी काम गरेर मात्र जनविश्वास जित्न सकिन्छ । चालु आवको पहिलो तीन महिनामा पुँजीगत खर्च ४.७ प्रतिशत मात्र भएको छ । साउन, भदौ र असोज तीन महिनाको यो अवस्था नाजुक नै हो । पछिल्लो ताजा तथ्याङ्कले कात्तिकमा पनि धेरै सुधार देखिन्न । अर्थ मन्त्रालयका अनुसार कात्तिक २८ गतेसम्म पुँजीगत खर्च छ प्रतिशत मात्र भएको छ । चालु आवमा चार खर्ब सात करोड रुपियाँ पुँजीगत खर्च विनियोजन गरिएको थियो । त्यसमध्ये कात्तिक २८ गतेसम्म २४ अर्ब रुपियाँ हाराहारी मात्र खर्च भएको छ । यो अवधिमा चालु र वित्तीय खर्च भने उच्च देखिएको छ । चालु खर्च ११ खर्ब रहेकोमा चार महिनामा २६ प्रतिशत अर्थात् तीन खर्ब १६ अर्ब खर्च भएको छ । त्यस्तै नेपालले लिएको ऋणको साँवा तथा ब्याज फिर्ताका निम्ति तीन खर्ब ७५ अर्ब विनियोजित बजेटमा एक खर्ब २२ अर्ब चुक्ता भई कात्तिक २८ गतेसम्म ३२.६७ प्रतिशत पुगेको छ । यो तथ्याङ्कले पुँजीगत खर्चका अवस्था भने पछाडि नै देखिएको छ । जेनजी विद्रोहका क्रममा घुसपैठ भई सरकारी संरचनामा व्यापक आगजनी र तोडफोड भयो । निजी क्षेत्रको उद्यम व्यवसाय पनि आगजनी र तोडफोडको सिकार भयो । सम्पत्ति र संरचनामा लुटपाटसमेत भयो । यो अवस्थाले समेत अर्थतन्त्रमा प्रतिकूल असर पुग्न गयो । अब पुनर्निर्माणलाई व्यापक बनाउँदै अर्थतन्त्र चलायमान बनाउनुपर्ने चुनौती छ ।**

**सार्वजनिक संरचना पुनर्निर्माण पहिलो प्राथमिकता हो । क्षति भएका कतिपय संरचनाको लगतसमेत अझै यकिन भएको छैन । पुनर्निर्माणलाई गति दिन सक्दा पुँजीगत खर्चले गति लिने छ । यसले आर्थिक पुनरुत्थानको बाटोसमेत लिने छ । अनावश्यक खर्च कटौती गर्दै विकास पूर्वाधार अगाडि बढाउँदा पुँजीगत बजेट कार्यान्वयनमा सक्रियता आउने छ । पूर्वाधार निर्माणका क्रममा सिमेन्ट, छड, इँटा, गिटी बालुवा आदिको खपत बढाउँदै उद्यमव्यवसायलाई समेत गति दिने छ । सङ्घीय सरकारसँगै प्रदेश र स्थानीय सरकारले पनि पुँजीगत खर्च बढोत्तरीका निम्ति क्रियाशीलता देखाउनुपर्ने छ । विगत वर्षमा पनि साधारण खर्च उच्च भइरहँदा पुँजीगत खर्च भने न्यून नै देखिने गरेको थियो । सरकारले पुँजीगत खर्च बढाउँदा निजी क्षेत्रको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्ने छ । लगानी बढ्न सक्ने छ । बैङ्क तथा वित्तीय संस्थामा यतिबेला झन्डै ११ खर्ब रुपियाँ तरलता बसेको छ । लगानीयोग्य रकम उच्च हुँदा अधिक तरलताको अवस्था सिर्जना भएको छ । सस्तो ब्याजदरमा लगानी गर्न सकिने अवस्था छ । विकास गतिविधि बढ्दा अधिक तरलताको लाभ उद्यमव्यवसायले लिन सक्ने छ । रोजगारी र उत्पादन बढ्न सक्ने छ । त्यसैले पनि चालु आवको पहिलो तीन महिनाको समीक्षामा देखिएको कमजोरी सुधार गर्दै अगाडि बढ्नु वाञ्छनीय छ ।**

## १०० वर्ष अधिको

गोर्खापत्र

१९८१ साल पौष ८ गते सोमबार


परदेशी ग्राहकहरुले मूल्य पठाउँदा हि
न्दुस्थानि बाहेक मोफसलकाले हुण्डियान
वा रजिष्ट्री द्वारा पठाउनु हिन्दुस्थानि
ले मूल्य बापत् टिकटपठाउदा आनाआना
वट्टा समेत पठाउनु पनिआर्डर चल्दैन.

### गोर्खापत्रको नियम ।

परदेशी ग्राहकहरुले मूल्य
पठाउँदाहिन्दुस्थानी बाहेक मोफसलले
हण्डियान वा रजिष्टरी द्वारा पठाउनू
हिन्दुस्थानि ले मूल्य बापत टिकटपठाउदा
आनाजाना वटा समेत पठाउनु
पनि आर्डर चल्दैन,

## चिन्तन

एक: स्वादु न भुञ्जीत:
एकश्चार्थान्न चिन्तयेत् ।
एको न गच्छेदध्वानं नैक:
सुप्तेषु जागृयात् ॥

**एक्लै स्वादिलो भोजन नगर्नू, एक्लै कुनै विषयको निर्णयमा नपुग्नू, एक्लै बाटो नहिँड्नू र धेरैजना सुतेको ठाउँमा आफू एक्लो जागा नबस्नू !**

**– विदुर नीति**

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# लोकतान्त्रिक मूल्यको सम्मान



मोहन नेपाली



लोकतन्त्रमा राजनीतिक दल महत्त्वपूर्ण अङ्ग हो, जसले जनतालाई एकत्रित र सङ्गठित गर्नुका साथै तिनका मुद्दाको प्रतिनिधित्व गर्छ । राजनीतिक दल जनताका विविध भोगाइ, आवश्यकता र आकाङ्क्षाबाट निर्मित सङ्गठित शक्ति हो, जसले जनतालाई चिन्नु पर्छ र जसलाई जनताले पनि चिन्नु पर्छ । दलले जनतालाई चिन्नुको अर्थ जनताले भोगिरहेका धरातलीय यथार्थको सही रूपमा बोध गर्नु हो । जनताले भोगिरहेका धरातलीय यथार्थको वस्तुगत बोध गरेपछि नै कुनै पनि जनहितप्रति लक्षित दलले जनताको वस्तुगत प्रतिनिधित्व गर्न आवश्यक वैचारिक खुराक प्राप्त गर्छ । यस अर्थमा कुनै पनि लोकतान्त्रिक दलको सबभन्दा ठुलो विश्वविद्यालय जनता हो, जसको विविधताबाट अथाह ज्ञानको निर्माण हुन्छ । आमजनताको पीडाबोधलाई दलको नेतृत्व पङ्क्तिको अवचेतन मनले ग्रहण गरेको हुनु पर्छ । जनताले राजनीतिक दललाई चिन्नु भनेको शास्त्रको आधारमा होइन, भोगाइका आधारमा मूल्याङ्कन र मार्गदर्शन गर्नु हो ।

अवचेतन मनमा ग्रहण गरिएको जनताको पीडा र पीडाका स्रोत, असर र समाधानसम्बन्धी विश्लेषणका आधारमा सही नीति र कार्यान्वयनको भरपर्दो कार्यदिशा तयार गर्न सम्भव हुन्छ । रूपान्तरणमुखी चिन्तनको विकास गर्दै सामाजिक न्यायप्रति समर्पित राजनीतिक अभ्यासको संस्कृतिलाई अगाडि बढाउने हो भने अधिकांश अवाञ्छित परिणाम ल्याउने सङ्कटको पहिले नै रोकथाम हुन्छ । यस अर्थमा, जनताले भोगिरहेको सङ्कट मिहिन र गहन ढङ्गले बुझेर उनीहरूका राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक अवस्थामा गुणात्मक परिवर्तन ल्याउने रणनीतिसहित काम गर्ने दल मात्र कार्यसम्पादनका हिसाबले उत्कृष्ट जनपक्षीय दल ठहर्ने छ । दल एउटा जुवाडे जस्तो नभई सरकार र राज्य संयन्त्रलाई मनग्ये नीतिगत अन्तर्दृष्टि र कार्य क्षमता आपूर्ति गर्ने मस्तिष्क बन्न सक्नु पर्छ । यसका लागि नै दल चाहिने हो । लाखौँ मस्तिष्क र हातहरूले मुलुकलाई अग्रगतिमा लग्नुपर्ने हुन्छ । गलत दिशामा सङ्गठन जाँदा भने अनपेक्षित परिणाम आउने निश्चित नै हुन्छ ।

नचुँडिने र नधुज्जिने कसिलो, सङ्गठित र चिन्तनयुक्त दल बन्दै गर्दा त्यसको जनतासँगको सम्बन्ध अधिक महत्त्वको हुन्छ । जनतासँग दलले कुन दृष्टिकोणले सम्बन्ध राख्छ सोही अनुसारको परिणाम आउने गर्छ । जस्तै सत्तामा जाने तर जनताको जीवनमा राजनीतिक संस्कृतिको निर्माण र आर्थिक, नैतिक तथा सामाजिक रूपान्तरणबाट विमुख भएर दल क्रियाशील भएको खण्डमा लोकतन्त्रकै बारेमा आम मानसपटल दिग्भ्रमित बन्न पुग्छ । परिणामतः सम्बन्धित दलप्रतिको जनआस्था ह्रासोन्मुख बन्दै जान्छ ।

### लोकतन्त्र भर्सेज व्यक्तितन्त्र

समाजमा विविध शक्ति क्रियाशील हुन्छन्, औपचारिक वा अनौपचारिक तवरमा । जनतालाई मानवीय आत्मसम्मानको अनुभूति दिलाउनु लोकतन्त्रको दायित्व हो । मानव अधिकारको कार्यान्वयनबिना त्यो सम्भव हुन्न । यस सन्दर्भमा, प्रगतिशील संविधान, कानुन र नीति कार्यान्वयनद्वारा जनताको धरातलीय जीवनमा कसरी गुणात्मक रूपान्तरण ल्याउन सकिन्छ भन्ने विषयले दलगत चिन्तनमा पर्याप्त ठाउँ पाएको छ भने मात्र त्यस्तो दल लोकतान्त्रिक ठहर्छ । दल व्यक्तिको चङ्गुलमा फँसेको अवस्थामा भने उन्नत लोकतन्त्रको बहस किचिन्छ । जनजीवन रूपान्तरण गर्न सृजित संरचनामा विविध निजी स्वार्थप्रेरित वृत्तहरूको तीव्र रूपमा प्रभाव बढिरहेको छ । लोकतन्त्रका निम्ति लामो समय लडेका दलभित्र व्यक्तितन्त्रलाई निस्तेज पार्नु आवश्यक छ । नत्र सत्ताको पङ्खेजोरी चलिरहँदा व्यक्तितन्त्रको बुई चढी मुलुकको स्वाधीनता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र सामाजिक सद्भावविरुद्ध समेत षड्यन्त्र गरिन सक्छ ।

देशमा व्याप्त भ्रष्टाचारले उत्पादन गरेका परिणाम र विकृति हामीले भोग्यौँ र अब नेपाली समाजको समग्र अवस्थामा द्रुत गतिमा न्यायोचित परिवर्तन ल्याउन हामी पछिल्ला पुस्ताले पनि सक्रिय भूमिका निर्वाह गर्न चाहन्छौँ भन्ने प्रस्ट सन्देश जेनजी विद्रोहले दिएको छ । यस वस्तुगत तथ्यलाई बेवास्ता गरेर अबको राजनीतिक यात्रा सन्तुलित रूपमा अगाडि बढ्न सक्दैन । आखिर सबै दलमा प्रताडित जेनजी पुस्ता छन् भन्ने स्वयंसिद्ध सत्य हो । सबै दलले लामो समयदेखि जेनजी पुस्तालाई राजनीतिक प्रयोजनका निम्ति परिचालन गर्दै आइरहेको पनि हुन् । पीडित त ११–१२ पढ्दा पढ्दै खाडी मुलुकतिर हानिन विवश जेनजी पुस्ताका युवा मात्रै होइनन् नि । लोकतन्त्र र सामाजिक न्यायका निम्ति लडेर असीमित हण्डर खेपेका सबै वर्ग र समुदायका शोषितपीडित जनसमुदाय अहिले कान्लामुनिको भ्यागुताकै अवस्थामै छन् । यहाँ स्वयम् लोकतन्त्रका निम्ति लामो इतिहास खडा गरेका दलभित्र पनि बारम्बार आन्तरिक लोकतन्त्रको प्रश्न उठ्ने गरेको छ । लोकतन्त्र व्यक्तिको पकड र इच्छामा चल्ने विषय होइन भन्ने दलभित्र सधैँ उठ्ने गरेकै हो ।

> लोकतन्त्र गतिशील र अद्यावधिक प्रक्रिया हो । यो प्रणालीद्वारा सञ्चालित हुनु पर्छ, व्यक्तिको प्रतिक्रिया र 'सेन्टिमेन्ट' बाट होइन । प्रत्येक दलले आफ्नो विधानको वैज्ञानिक संशोधन गरी डिजिटल युगका ऊर्जावान् युवालाई उचित राजनीतिक स्थान दिनु अपरिहार्य छ ।

अघोषित व्यक्तितन्त्र दलको स्तरमा मात्र होइन राज्यका अवयवमा पनि समस्याका रूपमा विद्यमान छ । प्रश्न उठ्दा कानुन, प्रणाली र पद्धति देखाउने गरिन्छ । काम गर्दा भने व्यक्तितन्त्रले कानुन, प्रणाली र पद्धतिलाई निरीह बनाइदिन्छ । यो समस्या देशव्यापी झाँगिएको कारणले जनहितविपरीतको धार अग्रपङ्क्तिमा बढ्दै जाँदा निस्किएका कुपरिणामबाट आम मानसपटल विस्फोटक बनेको हो । राज्यका अवयवमा व्यक्तितन्त्रको धारलाई निस्तेज पारी उन्नत लोकतन्त्रको धारलाई अगाडि बढाउने हो भने प्रत्येक दलले जोडदार रूपमा आन्तरिक लोकतन्त्रको अभ्यासलाई अपनाउनु आवश्यक छ । आन्तरिक लोकतन्त्रको अभ्यास नीतिमुखी, नतिजामुखी र मुद्दा–केन्द्रित हुनु पर्छ । अहिलेसम्म व्यक्ति व्यवस्थापनलाई उच्च प्राथमिकता दिने गरिएकाले व्यक्तितन्त्र फस्टाएको हो । जतिखेर पनि 'को' मा केन्द्रित हुँदा 'के', 'कसरी' र 'किन' भन्ने प्रश्नमा चिन्तन गर्ने लोकतान्त्रिक धार दलभित्र पछाडि परेको हो । दलभित्र आन्तरिक लोकतन्त्रको अभ्यासको परिपाटी बस्दै जाँदा र त्यो धारलाई सही मार्गदर्शन भएमा देशका लागि आवश्यक पर्ने नयाँ प्रतिभा उजागर मात्र हुने छैनन्, सकारात्मक तथा तीव्र प्रतिस्पर्धाको वातावरण पनि बन्ने छ । फलतः मेरिटमा आधारित उन्नत लोकतन्त्रको धारले नेतृत्व प्राप्त गर्न सहज हुन्छ । अहिले नेपाललाई चाहिएको यही हो । हालसालैको जेनजी विद्रोहले सङ्केत गरेको पनि यही हो । जेनजी विद्रोह व्यक्तितन्त्रको विरुद्ध थियो । व्यक्तितन्त्रले भ्रष्टाचारलाई सर्वस्वीकार्य प्रतियोगिताका रूपमा अघि बढाइदियो । जेनजी विद्रोहको सार भन्नु नै उन्नत लोकतन्त्रको धारको आवश्यकता बोध गराउनु थियो । सामाजिक विभेद र वर्गीय खाडलका कारण नेपाली समाज मनोबनोटको विकास र राजनीतिक संस्कृतिका दृष्टिले पनि धेरै पछाडि छ ।

समानता र सामाजिक न्यायको भरपर्दो वातावरण निर्माण गर्न राज्यका तर्फबाट सबै नेपालीका लागि नैसर्गिक मानव अधिकारका रूपमा शिक्षा र स्वास्थ्यको प्रत्याभूत गर्नु उन्नत लोकतन्त्रको धार समातेको पहिलो प्रमाण हुने छ । 'शिक्षा सर्वाधिक शक्तिशाली अस्त्र हो, जसलाई तपाईं संसार बदल्न प्रयोग गर्न सक्नुहुन्छ' भन्ने नेल्सन मन्डेलाको भनाइलाई यहाँ स्मरण गर्न सकिन्छ । नागरिकलाई सोच्ने, खोज्ने र रोज्ने स्व–सशक्तीकरणको क्षमता प्रदान गर्नु राज्यले गर्नुपर्ने लोकतान्त्रिक परिपोषणको कर्तव्यभित्र पर्छ । नागरिकको मेरुदण्ड नै बलियो छैन भने देश कसरी बलियो हुन्छ ? नागरिकलाई विदेशको प्रवासी श्रमिक र बजारको उपभोक्ता मात्र बनाउनु हुन्न भन्ने चेत हामीमा खुल्नै पर्छ । इतिहास जो थियो, सो थियो । वर्तमान जो छ, यसमा ध्यान खिच्नु अपरिहार्य छ । इतिहासको विरासतलाई मात्र मूल्याङ्कनको आधार बनाउनु पर्याप्त हुँदैन । वर्तमानको कार्यसम्पादन र प्राप्त नतिजालाई मुख्य वस्तुगत आधार बनाएर राजनीतिक समीक्षा गर्नु बुद्धिमान हुन्छ ।

अन्त्यमा हाम्रा दलहरूको इतिहास गौरवपूर्ण नै छ । उनीहरूले विभिन्न कालखण्डमा लोकतान्त्रिक सङ्घर्षको कष्टपूर्ण नेतृत्व प्रदान गरे । इतिहासबाट सिक्ने हो, त्यसको सदावहार ब्याजस्वरूप सधैँ निषेधको आत्मकेन्द्रित राजनीति र सत्ताको कुलतमा डुब्ने हो भने लोकतन्त्र पोखरीमा जमेको फोहोर पानी जस्तो बन्छ । लोकतन्त्र गतिशील र अद्यावधिक प्रक्रिया हो । यो प्रणालीद्वारा सञ्चालित हुनु पर्छ, व्यक्तिको प्रतिक्रिया र 'सेन्टिमेन्ट' बाट होइन । प्रत्येक दलले आफ्नो विधानको वैज्ञानिक संशोधन गरी डिजिटल युगका ऊर्जावान् युवालाई उचित राजनीतिक स्थान दिनु अपरिहार्य भएको छ । त्यसपछि नै उन्नत लोकतन्त्रको धार नेपालमा तीव्र बन्ने छ, किनभने उन्नत लोकतन्त्रमा मात्र मानसिक दासत्वबाट मुक्त भएर नागरिकले स्वतन्त्र निर्णय लिने क्षमताको विकास गर्न सक्छ ।

# निर्वाचनप्रति जनउत्साह



डा. देवराज अर्याल

राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिमा आएको बदलावसँगै नेपाल आमनिर्वाचनको सँघारमा उभिएको छ । आउँदो फागुन २१ गते निर्वाचन हुँदै छ । निर्वाचन जेनजी आन्दोलनले ल्याएको परिवर्तनको उपज हो । निर्वाचन आयोगले निर्वाचनको कार्ययोजना र कार्यतालिका निर्माण गरेर तदनुरूप कार्यप्रक्रिया अगाडि बढाइसकेको छ । हरेक प्रभाव र परिणामका पछाडि निश्चित कारण हुन्छन् । जेनजी आन्दोलनले तत्कालीन सरकार विस्थापित हुन पुग्यो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा रहेको तत्कालीन सरकारमा सबैभन्दा ठुलो दल नेपाली कांग्रेस र दोस्रो ठुलो दल एमाले एवं अन्य थप राजनीतिक दलको पनि सहभागिता थियो । तत्कालीन प्रतिनिधि सभामा सुविधाजनक बहुमतका साथ उक्त सरकार विगत डेढ वर्षदेखि कायम रहँदै आएको थियो । विकास र राजनीतिक स्थिरताको सन्दर्भमा तत्कालीन सरकारले सकारात्मक गतिका साथ काम गर्दै आएको पनि थियो । सुशासन कायम गर्न नसकेकै कारण भ्रष्टाचार बढ्दै गएको गुनासा भने व्यापक थिए ।

जेनजी आन्दोलनको विषयमा विभिन्न कोणबाट प्रश्न उठे/उठाइएका छन् । उक्त आन्दोलनको सुरुवात भने भ्रष्टाचार नियन्त्रण, सुशासन स्थापना, नातावाद र क्रिपावादको निर्मूलन एवं युवा रोजगारीको माग अघि सारेर भएको थियो । आन्दोलनको राप र तापले तत्कालीन सरकारको विस्थापन मात्र भएन, सँगसँगै प्रतिनिधि सभासमेत विघटन हुन पुग्यो । अहिले यही प्रतिनिधि सभा जीवन्तताका लागि फागुन २१ गते निर्वाचन गर्ने तयारी भएको हो । नेपालको संविधान २०७२ लाई क्रियाशील राख्न निर्वाचन अपरिहार्य छ । वर्तमान परिस्थितिको यो गम्भीर पक्षलाई प्रमुख राजनीतिक दलले कत्तिको सुझबुझका साथ आत्मसात् गर्छन्, त्यसकै आधारमा मुलुकको भावी राजनीतिले आफ्नो मोड तय गर्ने छ ।

निर्वाचन लोकतन्त्रको प्रमुख आधार हो । लोकतन्त्रमा निर्वाचन भएन भने शरीरमा रक्त सञ्चार प्रणाली रोकिए जस्तै हुन जान्छ । लोकतान्त्रिक प्रणालीलाई चलायमान बनाउन जसरी निर्वाचन महत्त्वपूर्ण अवयवका रूपमा रहेको हुन्छ, त्यसरी निर्वाचनको सार्थकताका लागि दलको सहभागिता अनिवार्य मानिन्छ । यो पक्षलाई हृदयङ्गम गरी अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की सबै दललाई सहभागी गराएर निर्वाचन सम्पन्न गर्ने अभियानमा निरन्तर लागिरहनुभएको छ । केही राजनीतिक दल अझै पनि निर्वाचन स्वच्छ र निष्पक्ष हुन्छ भन्ने विषयमा संशयमुक्त हुन सकिरहेका छैनन् । यसका लागि सरकारले अझै पनि सघन ढङ्गले संवाद र अन्तरसंवाद गरेर समझदारी एवं विश्वासको वातावरण बलियो बनाउन आवश्यक छ ।

जेनजी आन्दोलनको घटनाले दलहरूको कार्यशैली र व्यवहारप्रति गम्भीर प्रश्न उत्पन्न गरिदिएको छ । घटना भएको दुई महिना बितिसक्यो । यतिबेला पनि भ्रष्टाचारविरुद्धको जवाफदेहीमा दलहरूको प्रतिबद्धता देखिएको छैन । जनताले अहिले पनि तुलना गरिरहेका छन्– राजनीतिक दलनिकटमा रहेका आसेपासे व्यक्ति र सर्वसाधारण जनताको जीवनशैलीलाई । यो कटु सत्य हो– गरिब, मजदुर, किसान र श्रम गरी जीविकोपार्जन गर्नु पर्ने वर्ग र समुदायका लाखौँ मानिस स्वास्थ्य सेवा अभावका कारण मृत्युवरण गरिरहेका छन् । त्यसको तुलनामा राजनीतिक दलका नेता, कार्यकर्ता र नेताका स्वकीय सचिवसम्मका 'तरमागा' वर्गको अवस्था हेर्ने हो भने उनीहरूको रवाफ र जीवनशैली निकै माथि छ । उनीहरूको काठमाडौँदेखि लिएर उपत्यका बाहिरका प्रमुख सहर र बजार केन्द्रमा आलिसान महल खडा भएका छन् । तिनका छोराछोरी काठमाडौँका महँगा बोर्डिङ स्कुलमा अध्ययन गरिरहेका छन् । यो वर्गलाई न त महँगीले कुनै असर पर्छ न त सुशासन नै नहुँदा फरक पर्छ । उनीहरूका लागि सार्वजनिक सेवा घरमै प्राप्त हुन्छ । विशेषधिकारका रूपमा उपलब्ध हुने गर्छ । जेनजी आन्दोलन यस्तै असङ्गतिपूर्ण जीवनशैलीले निम्त्याएको हो ।

> निर्वाचन देशका लागि मात्र नभई सबै राजनीतिक दल र अहिलेको नयाँ शक्ति समूहका लागि पनि त्यत्तिकै अपरिहार्य छ । नागरिक तहमा पनि निर्वाचनप्रति उत्साह बढ्दो छ । निर्वाचनलाई अवसरका रूपमा लिनु पर्छ । निर्वाचनले नै देशभित्रका सबै शक्तिबिच सहकार्यको वातावरण बनाउने छ ।

बजारमा महँगी बढ्दै गएको । वास्तविक किसान, उत्पादक र उपभोक्ता बिचौलियाबाट ठगिइरहेका छन् । बिचौलियाबाट भइरहेको ठगीको यो शृङ्खला अहिले पनि अन्त्य भएको छैन । नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, भन्सार, क्वारेन्टाइन, भन्सार र शिक्षा विभाग जस्ता जनताका लागि अति आवश्यक पर्ने काम सहज हुँदैन । जनता सरकारबाट सिधै प्राप्त हुन पर्ने यस्ता सेवामा अवरोध हुँदा वाक्कदिक्क हुन् । सर्वसाधारण जनताको जीवनयापकसँग प्रत्यक्ष जोडिएका यस्ता विषयमा न हिजाका दिनमा आवाज उठाइयो न त आज नै उठिरहेका छन् । दलहरूप्रति जनतामा कायम हुनुपर्ने विश्वास यस कारण टुटिरहेको छ ।

तत्कालीन सरकारको पालामा सुरुङमार्ग, सडकमार्गलगायत शिक्षा, स्वास्थ्य र सञ्चार क्षेत्र अन्तर्गत पूर्वाधार निर्माण कार्य निश्चित रूपमा भएका थिए । राष्ट्रियताको पक्षलाई बलियो रूपमा प्रस्तुत गर्ने काम भएको थियो । त्यसले बेरोजगार युवा, दिनभर श्रम गरेर हातमुख जोर्नुपर्ने वर्गको सम्बोधन हुन सकेन । यसले गर्दा जेनजी आन्दोलन अगाडि बढ्दै गयो । दलका नेताका घर, सिंहदरबार, अदालत, प्रहरी चौकी जलेर खरानी हुँदासमेत आमजनताको त्यहाँ सहानुभूतिसम्म प्रकट हुन सकेन । आन्दोलन सकिएको दुई महिनाको अवधिमा आन्दोलनको राप र ताप सामान्य अवस्थामा पुगिसकेको छ । जेनजी आन्दोलनले उठाएका मुद्दाको भने सम्बोधन हुन सकेको छैन ।

आन्दोलनको माहोलसँगै देशका अमूल्य धरोहर, भवन, सम्पदा र सम्पत्तिमाथि भएको आगजनी एवं प्रहारको विषय पनि कम संवेदनशील छैन । प्रश्न र जिज्ञासा दिनप्रतिदिन थपिँदै गएका छन् । घटनामा संलग्न र घटना घटाउन उकास्ने व्यक्तिको विवरण समयक्रमसँगै सार्वजनिक रूपमा प्रकट हुन थालेका छन् । सूचना प्रविधिको प्रयोगको कारणले विवरण पारदर्शी बन्दै गइरहेका छन् । यो परिवेशलाई विश्लेषण गर्दा ढिलो चाँडो दोषी र अपराधी न्यायको कठघरामा आउने नै छन् । सार्वजनिक सम्पत्तिमा आगजनी गर्ने, विनाश गर्ने अपराधी र दोषी कारबाहीको दायरामा आउनु पर्छ नै । अर्कोतर्फ निहत्था बालबालिकाको हत्या भएको छ । त्यसउपर पनि निष्पक्ष ढङ्गले छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउनै पर्छ । दोषी सुरक्षाकर्मी, मन्त्री, नेता, घुसपैठ गर्ने व्यक्ति वा अन्य जोसुकै होस् कारबाहीको भागीदार हुनै पर्छ । यसका लागि आयोगले सावधानीका साथ निष्पक्ष ढङ्गले छानबिन गरिनु पर्छ ।

भदौ २३ र २४ को घटनापश्चात् आमनेपाली जनताले हरेक क्षेत्रमा सुधारको अपेक्षा गरेका थिए । सुधार, परिमार्जन र परिष्करणको प्रक्रिया अहिलेसम्म कहीँकतैबाट पनि सुरु भएको आमअनभूति छैन । अहिलेसम्म जित नेपालीको पक्षमा भएको छैन । जताबाट, जुन कोणबाट र जुन मात्राको लेन्सबाट हेर्दा पनि नेपालको पक्षमा नोक्सानी नै भएको छ, हार नै भएको छ । राजकीय शक्ति र सत्ताका प्रतिस्पर्धा गर्नेहरूमा मिलेर काम गरौँ, सुधारको बाटोमा सँगै अगाडि बढेर देशको विकास गरौँ भन्ने भावना अझै पनि विकास हुन बाँकी छ । अहिले पनि एकआपसमा आरोप प्रत्यारोप, गाली गलौज र दोषारोपण गर्नुमै राजनीतिक शक्तिहरूको ऊर्जा खर्च भइरहेको छ । समय अझै घर्किसकेको छैन ।

निर्वाचनका मिति तोकिएको छ । निर्वाचन देशका लागि मात्र नभई सबै राजनीतिक दल र अहिलेको नयाँ शक्ति समूहका लागि पनि त्यत्तिकै अपरिहार्य छ । नागरिक तहमा पनि निर्वाचनप्रति उत्साह बढ्दो छ । निर्वाचनलाई अवसरका रूपमा लिनु पर्छ । निर्वाचनले नै देशभित्रका सबै शक्तिबिच सहकार्यको वातावरण बनाउने छ । देश र जनतालाई केन्द्रविन्दुमा राखेर अघि बढ्ने हो भने परिस्थिति सौहार्द बन्दै जाने छ । सौहार्दता र सहकार्यमै देश बलियो हुन्छ । जनताको भलो हुन्छ । संविधानको पनि रक्षा र संवर्धन पनि हुने छ ।

# धेरैको रोजाइमा परेको बैङ्क



अर्जुनबहादुर कँडेल

नेपालमा बैङ्किङ व्यवसायको जग शङ्खधर शाख्वाले ११ औँ शताब्दी पूर्व नै राखिदिएका हुन् । उनले त्यति बेला जनताको ऋण तिरिदिएका थिए भनिन्छ । मानदेवको पालामा मानाङ्क, गुणकामदेवको पालामा गुणाङ्क, रत्न मल्लको पालामा तामाको सिक्का तथा महेन्द्र मल्लको पालामा महेन्द्र मल्ली नामक मुद्रा प्रचलनमा ल्याएका थिए। गुणकामदेवले जनताबाट ऋण उठाइ काठमाडौँ स्थापना गरेको ऐतिहासिक प्रसङ्ग पाइन्छ । राजा जयस्थिति मल्लको शासनकालमा उनले सम्पूर्ण जनतालाई पेसाका आधारमा ६४ जातिमा विभाजन गरेका थिए । उक्त जातिमध्ये टङ्कधारी जाति पनि एउटा थियो, जसले मुद्रा सापटी दिने कार्य गर्दथ्यो । विसं १९३३ मा रणोद्वीप सिंहले स्थापना गरेको 'तेजारथ अड्डा' लाई पहिलो पटक सङ्गठित तवरले स्थापित भएको वित्तीय संस्था मान्न सकिन्छ। विसं १९८९ मा टक्सार अड्डाको स्थापना भई बैङ्किङ प्रणालीको सुरुवात भए पनि कानुनी रूपमा नेपाल बैङ्कको स्थापनालाई बैङ्किङ प्रणालीको टर्निङ पोइन्टका रूपमा लिन सकिन्छ।

विश्वमा १७ औँ शताब्दी अर्थात् सन् १६९४ मा बेलायतमा स्थापना भएको 'बैङ्क अफ इङ्ल्यान्ड' सँगसँगै आधुनिक बैङ्किङ प्रणालीको विकास भएको हो । नेपालमा भने आधुनिक बैङ्किङ प्रणाली सुरुवात गर्न सन् १९३७ सम्म पर्खनु पर्‍यो। विसं १९९४ साल कात्तिक ३० गते नेपाल बैङ्क कानुन तयार गरी राणा प्रधानमन्त्री जुद्धशमशेरले आठ लाख ४२ हजार चुक्त पुँजी भएको नेपाल बैङ्क लिमिटेड स्थापना गरेका हुन्।

नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ अनुसार विसं २०१३ वैशाख १४ गते नेपाल राष्ट्र बैङ्क स्थापना भएको हो। राष्ट्र बैङ्कको स्थापनापछि नेपालको बैङ्किङ क्षेत्रलाई सुपरिवेक्षण, नियमन र नियन्त्रण गर्ने एउटा छुट्टै केन्द्रीय बैङ्कको स्थापना भएको हो । विसं २०४० सम्म नेपालमा दुई वाणिज्य बैङ्क (नेपाल बैङ्क लिमिटेड र राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड) र दुई विकास बैङ्क (कृषि विकास बैङ्क र नेपाल औद्योगिक विकास निगम (एनआइडिसी) गरी जम्मा चार वटा सरकारी बैङ्क मात्र स्थापना भएका थिए। सन् १९८० को दशकपछि विश्वभर आर्थिक उदारीकरणको लहर चल्यो र नेपाल पनि यसबाट अछुतो रहन सकेन। विसं २०४० को दशक आरम्भ सँगसँगै नेपालको अर्थतन्त्रमा उदारीकरणले प्रवेश पाएपछि बैङ्किङ क्षेत्र पनि लगानीका लागि खुला गरियो। संयुक्त लगानीका बैङ्क स्थापना हुन थाले । विसं २०४१ मा स्थापना भएको नबिल बैङ्क लिमिटेड नै निजी क्षेत्रको सहभागितामा विदेशी बैङ्कको संयुक्त लगानीमा स्थापना भएको पहिलो बैङ्क हो।

देशले आर्थिक उदारीकरणको नीति अवलम्बन गरेपछि निजी क्षेत्रसमेतको सहभागितामा विदेशी बैङ्कको संयुक्त लगानीमा धेरै बैङ्क स्थापना हुन थाले । विसं २०४० देखि विसं २०५९ सम्ममा नबिल बैङ्क लि., नेपाल इनभेस्टमेन्ट बैङ्क, ग्रिनलेज बैङ्क, हिमालयन बैङ्कलगायत विभिन्न मितिमा १५ वटा वाणिज्य बैङ्क स्थापना भएका थिए । विसं २०५८ मा राष्ट्र बैङ्क ऐन, २०५८ जारी भएपछि राष्ट्र बैङ्कको अधिकार तथा कार्य क्षेत्र अभिवृद्धि भई नेपाल राष्ट्र बैङ्क एक स्वायत्त, अधिकार सम्पन्न र शक्तिशाली केन्द्रीय बैङ्कको रूपमा स्थापना भएको हो। विसं २०६३ मा बैङ्क तथा वित्तीय संस्थासम्बन्धी छाता ऐन लागु भएपछि बैङ्क तथा वित्तीय संस्थालाई क, ख, ग र घ वर्गमा विभाजन गरी अलग अलग कार्यक्षेत्र तोकेको हो। हाल बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार बैङ्क तथा वित्तीय संस्था स्थापना भई सञ्चालनमा रहेका छन् । नेपाल राष्ट्र बैङ्कको तथ्याङ्क अनुसार विसं २०८२ असोज मसान्तसम्ममा नेपालमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ बित्त कम्पनी ५२ लघुवित्त र एक पूर्वाधार विकास बैङ्कसहित कुल १०७ वटा बैङ्क तथा वित्तीय संस्था र तिनका ११,५१२ शाखा सञ्चालनमा रहेका छन्।

## अर्थतन्त्रमा नेपाल बैङ्कको भूमिका

नेपाल बैङ्क नेपालको पहिलो बैङ्क हो र यही बैङ्कले नै नेपालमा बैङ्किङ प्रणालीको जग बसाल्ने काम 'नेपाल बैङ्क लिमिटेड' को स्थापनाबाट भएको हो। नेपालमा औपचारिक बैङ्किङ सेवाको सुरुवात मात्र नभई स्वदेशी मुद्रा प्रचलनमा सहजता ल्याउने श्रेय पनि नेपाल बैङ्क लिमिटेडलाई जान्छ । भारतीय रुपियाँको दबदबा रहेको समयमा आफ्नै देशको मुद्रा प्रचलनमा ल्याउन नेपाल बैङ्क लिमिटेडले खेलेको भूमिका इतिहासका स्वर्णिम पानामा लेखिइरहने नै छ। त्यसै गरी विसं १९९४ देखि २०१३ सालसम्म देशको केन्द्रीय बैङ्कको भूमिकासमेत निर्वाह गरेको नेपाल बैङ्क नेपालको वित्तीय क्षेत्रमा एउटा छुट्टै अनुभव बोकेको गौरवशाली बैङ्क हो । अर्थतन्त्रको मौद्रिकीकरण तथा देशैभर शाखा सञ्जाल विस्तारमार्फत वित्तीय पहुँच बढाएर एवं सरकारका नीति तथा कार्यक्रमको कार्यान्वयन गरी गरिबी निवारणमा योगदान दिएर उद्योग तथा वाणिज्य क्षेत्रको विकासमार्फत प्रत्यक्ष र परोक्ष रूपमा रोजगारी सिर्जना गरेर नेपाल बैङ्कले आर्थिक विकासमा प्रभावकारी भूमिका खेलिरहेको छ।

साना मझौला एवं ठुला सबै खाले उद्यम र परियोजनामा बैङ्कले ऋण लगानी गरेको छ। कृषि, पर्यटन, जलविद्युत्लगायत सरकारको नीति अनुसार प्राथमिकता प्राप्त क्षेत्रमा बैङ्कको लगानी उल्लेख्य छ। नेपाल बैङ्कले आफ्नो लगानीलाई कुनै निश्चित क्षेत्रमा केन्द्रीकृत नगरी विभिन्न क्षेत्रमा विविधीकृत गरिरहेको छ। लगानी विविधीकृत गरिएकै कारण यस बैङ्कले कर्जा जोखिमको समस्यालाई न्यूनीकरण गर्न सकिरहेको देखिन्छ । साना, मझौला तथा ठुला उद्योग, व्यापार व्यवसाय, कृषि, पर्यटन, जलविद्युत्लगायत सरकारी नीति अनुसार प्राथमिकता प्राप्त क्षेत्रमा बैङ्कको लगानी उल्लेख्य छ।

## आमनेपालीसँगको सम्बन्ध

स्थापनाकालदेखि हालसम्म पनि अनवरत सेवा प्रवाह गर्दै आएको नेपाल बैङ्क नेपाली माटो र हरेक नेपालीजनसँग प्रगाढ सम्बन्ध गासिएको बैङ्क हो। बालक, युवा र प्रौढ हुँदै ज्येष्ठ नागरिक सबैको पहिलो रोजाइको बैङ्क बन्न सफल नेपाल बैङ्कमा हाल २६ लाख बढी ग्राहक छन् । पुस्तौँदेखि पुस्तासम्म गहिरो इतिहास भएको यो बैङ्क हाल 'सबै पुस्ताको साथी' का रूपमा अगाडि बढिरहेको छ । सरकारी वित्तीय कारोबार गर्ने जिम्मेवारी पाएका कारणले पनि नाफा मात्र नभई उच्च सेवा भावले आमनेपालीको मन मस्तिष्कमा रहन यो बैङ्क ओतप्रोत छ। बैङ्कको मूल ध्येय नै ग्राहकलाई कसरी गुणस्तरीय र सहज ढङ्गले वित्तीय सेवा उपलब्ध गराउने भन्ने हो। ठुला उद्यमी व्यवसायीदेखि सामान्य आर्थिक स्तर भएका नेपालीजनको प्राथमिकतामा नेपाल बैङ्क सधैँ अग्रपङ्क्तिमा छ । नेपाल बैङ्क आफ्नो ८९ बर्से लामो यात्रामा लाखौँ नेपालीको मन जितेर उनीहरूको पहिलो रोजाइको बैङ्क बन्न सफल भएको छ।

> नेपाल बैङ्कको मूल ध्येय नै ग्राहकलाई कसरी गुणस्तरीय र सहज ढङ्गले वित्तीय सेवा उपलब्ध गराउने भन्ने हो । ठुला उद्यमी व्यवसायीदेखि सामान्य आर्थिकस्तर भएका नेपालीजनको प्राथमिकतामा नेपाल बैङ्क सधैँ अग्रपङ्क्तिमा छ । नेपाल बैङ्क आफ्नो ८९ बर्से लामो यात्रामा लाखौँ नेपालीको मन जितेर उनीहरूको पहिलो रोजाइको बैङ्क बन्न सफल भएको छ ।

## वर्तमान अवस्था

बैङ्कले नेपालभर २३१ शाखामार्फत कारोबार गर्दै आएको छ । शाखाबाहेक २३७ वटा एटिएम, ६१ वटा एक्सटेन्सन काउन्टरमार्फत देशैभर आफ्नो गतिलो उपस्थिति जनाएको छ । यति मात्रै होइन, हाल आएर नेपाल बैङ्कले आफ्ना लगानीकर्तालाई आकर्षक प्रतिफल दिन सफल भइरहेको छ। बैङ्कका सबै वित्तीय सूचक स्वस्थ र सन्तुलित देखिन्छन् साथै हरेक वर्ष ती सूचकमा उल्लेख्य प्रगति भइरहेको छ। विसं २०८२ असार मसान्तसम्म ३३२ रुपियाँ अर्ब निक्षेप सङ्कलन गरी २३६ अर्ब कर्जा प्रदान गर्न बैङ्क सफल भएको छ। ८८ वर्षअघि आठ लाख ४२ हजार रुपियाँबाट सुरु भएको नेपाल बैङ्कको चुक्ता पुँजी अहिले १४.६९ अर्ब छ। प्रत्येक वर्ष सञ्चालन मुनाफा बढिरहेको छ। बैङ्कको जगेडा कोषमा २३.९३ अर्ब रुपियाँ रहेको छ भने ३८ अर्ब बढी नेटवर्थ छ। प्रशस्त अचल सम्पत्ति, कासा निक्षेप, आधार दरको न्यूनता, स्प्रेड दर व्यवस्थापन, ब्याजदरको सन्तुलित उतारचढाब, खराब कर्जा व्यवस्थापनलगायतका सूचकमा समेत बैङ्क दरिलो देखिन्छ।

## आधुनिक प्रविधिको प्रयोग

नेपाल बैङ्कले समयसँगै प्रविधिको उच्चतम प्रयोग र ग्राहक सुविधामा डिजिटल प्रविधिको प्रयोगलाई उच्च प्राथमकिता दिएर अगाडि बढेको छ। नेपाल बैङ्कका नौ लाख ४४ हजार ग्राहकलाई मोबाइल बैङ्किङ सुविधा, ३० हजार ग्राहकलाई इन्टरनेट बैङ्किङ सुविधा, तीन लाख ६२ हजार ग्राहकलाई डेबिट कार्ड सुविधा, चार हजार पाँच सय ग्राहकलाइ क्रेडिट कार्ड सुविधा, एक लाख १५ हजार ग्राहकलाई मेरो सेयर तथा सिआस्वा सुविधा, ४६ हजारभन्दा बढी क्युआर वितरण गर्दै देशका विभिन्न ठाउँमा रहेका २३७ एटिएम मेसिनबाट नगद निष्कासन गर्ने सुविधा तथा ट्राभल कार्डमार्फत विदेशबाट समेत कारोबार गर्ने व्यवस्था गरेको छ।

आधुनिक बैङ्किङलाई आत्मसात् गर्दै अनलाइन चेक क्लियरिङ मेसिनमार्फत चेक क्लियरिङ गर्ने र क्यास डिपोजिट मेसिनमार्फत ग्राहक आफैँले नगद जम्मा गर्ने व्यवस्थासमेत गरेको छ। एटिएम कार्डमा ईकमर्स सुविधा र मोको डिजिटल वालेटमार्फत कारोबार गर्ने सुविधा थप्दै आधुनिक समयमा प्रचलित रहेका विभिन्न अनलाइन प्लेटफर्ममा समेत कारोबार गर्ने व्यवस्था गरेको छ। यसका साथै ग्राहक घरमै बसी बसी अनलाइनबाट र नागरिक एपबाट खाता खोल्ने सुविधा, अनलाइनबाटै डिम्याट खाता खोल्ने सुविधासमेतको व्यवस्था गरेको छ।

## सारांश

विसं १९९४ देखि हालसम्म नेपाली अर्थतन्त्रको विकासमा नेपाल बैङ्कको अतुलनीय योगदान छ । देशमा मौद्रिकीकरण गर्न, वित्तीय साक्षरताको स्तर माथि उकास्न, व्यापार व्यवसाय विस्तार गर्न, लगानीका अवसर सिर्जना गर्ने र ग्रामीण अर्थतन्त्रको विकासमा जोड दिई विपन्न वर्गको जीवनस्तर सुधार गर्न र गरिबी निवारण गर्नमा नेपाल बैङ्कले अग्रणी भूमिका खेलेको छ । सबै नेपालीलाई गुणस्तरीय र प्रविधिमैत्री बैङ्किङ सेवा उपलब्ध गराउन प्रतिबद्ध भई खरो प्रतिस्पर्धामा उत्रिएको बैङ्क 'समयसँगै अघि बढ्दै' भन्ने मूल नारालाई आत्मसात् गर्दै अघि बढिरहेको छ। आधुनिक प्रविधिसँगै साक्षात्कार गर्ने युवापुस्ता, करिब २५०० कर्मचारी, आमग्राहक, सेयर होल्डर, कुशल व्यवस्थापन र नियामक निकाय नै यस बैङ्कका सफलताका कडी हुन्। हाल आएर नेपाल बैङ्कले आफ्नो ग्राहक सेवामा जुन फड्को मारिरहेको छ, त्यसै अनुसार आमग्राहकको धारणामा समेत व्यापक परिवर्तन आएको देखिन्छ।

नेपाल बैङ्क मुलुकको उन्नति र प्रगतिका मामिलामा नाफा र घाटा मात्र नहेर्ने बैङ्क भएकाले नै आज अनवरत विश्वासको ८९ औँ वर्षमा प्रवेश गरेको हो र यसको सफलताको यात्रा निरन्तर जारी रहने छ । नेपालको बैङ्किङ इतिहासमा कात्तिक ३० एउटा महत्त्वपूर्ण दिन हो र यस दिनलाई नेपालको बैङ्किङ क्षेत्रले एउटा विशेष दिनका रूपमा मनाउन आवश्यक छ।





सन्दर्भ : स्थापना दिवस

# अग्रणी बैङ्कको गौरवमय इतिहास



प्रेमलकुमार खनाल

नेपाल बैङ्क लिमिटेडको स्थापना मुलुकको अर्थतन्त्रको विकासमा ऐतिहासिक परिघटना थियो। आधुनिक वाणिज्य बैङ्क र केन्द्रीय बैङ्कसमेत स्थापना नभएको बेला नेपाल बैङ्कको स्थापनाबाट मुलुकमा उद्योग, वाणिज्य क्षेत्रका गतिविधि अगाडि बढाउन मद्दत पुगेको थियो। बैङ्कले नेपाली रुपियाँको चलनचल्तीमा ल्याउने कामका साथै केन्द्रीय बैङ्कले गर्ने सम्पूर्ण काम गरेर सरकारी कारोबारलाई संस्थागत तवरले भुक्तानी गर्न तथा राजस्व सङ्कलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। नेपाल बैङ्कले पहिलो पटक विदेशस्थित बैङ्कसँग एजेन्सी कारोबारको सम्बन्ध कायम गरेपछि एलसी कारोबारबाट मालसामान आयात निर्यात गर्न सुरु भयो। नेपाली जनतामा बैङ्किङ आदतको सुरु गराउन, जनताका बिचमा छरिएर रहेको बचत रकमलाई निक्षेपका रूपमा सङ्कलन गर्ने कार्यको शुभारम्भ भयो । अर्थतन्त्रका क्षेत्रमा आवश्यक पर्ने रकमलाई कर्जा प्रवाह गरेर निक्षेप कर्ता र ऋणीहरूका बिचमा बैङ्कले मध्यस्थकारी भूमिका निर्वाह गर्‍यो। विभिन्न शाखाका माध्यमबाट देश तथा विदेशमा रेमिट्यान्सका माध्यमबाट रकम पठाउने कार्यको सुरु पनि नेपाल बैङ्कले गरेको हो।

गौरवमय इतिहास बोकेको नेपाल बैङ्क २०२० मा वाणिज्य बैङ्क कानुन लागु हुनुभन्दा अगाडि झन्डै २६ वर्षसम्म आफ्नै नामको नेपाल बैङ्क कानुनबाट सञ्चालित थियो । झन्डै दुई दशकसम्म केन्द्रीय बैङ्कको भूमिकाका साथ एकल ढङ्गले वित्तीय बजारमा वाणिज्य बैङ्कको हैसियतले भूमिका निर्वाह गर्‍यो । विसं २०२२ मा सरकारी स्वामित्वमा राष्ट्रिय वाणिज्य बैङ्क स्थापना भएपछि मात्रै प्रतिस्पर्धात्मक वातावरण सिर्जना भयो । झन्डै दुई दशकसम्म यी दुई वटा सरकारी स्वामित्वका बैङ्कको मात्रै वित्तीय बजारमा भूमिका रहे पनि ४० को दशकसम्म नेपाल बैङ्कले नै अग्रणी बैङ्कको भूमिका निर्वाह गरेको थियो। पञ्चायतीकालमा प्रति ३० हजार जनसङ्ख्यामा एक बैङ्क शाखा पुर्‍याउने सरकारले लिएको लक्ष्यलाई सहयोग पुर्‍याउन बैङ्कले देशका दुर्गम विकट भेगसम्म शाखा सञ्चालन गरेर जनतालाई सेवा पुर्‍याउने काम गर्‍यो।

४० को दशकदेखि वित्तीय उदारीकरणको नीति अवलम्बन गरिएपछि मुलुकमा विदेशी संयुक्त तथा निजी लगानीमा वाणिज्य बैङ्क धमाधम खुल्न थाले। बैङ्किङ प्रणालीमा विकास भएको आधुनिक प्रविधि र सक्षम युवा जनशक्तिबाट निजी क्षेत्रका बैङ्क सञ्चालन हुन थालेपछि परम्परागत शैलीमा सञ्चालन भइरहेको बैङ्कका सामु प्रतिस्पर्धामा खरो रूपमा उत्रनुपर्ने चुनौती थपियो । सरकारी स्वामित्वको बैङ्क भएपछि बढ्दो सरकारी हस्तक्षेपले बैङ्कको व्यावसायिक क्षमता कमजोर बन्यो। सरकारले बैङ्कको पनि निजीकरण गर्ने नीति ल्याएपछि सरकारको बैङ्कमा रहेको ६० प्रतिशत सेयरमध्ये कर्मचारी तथा निजी क्षेत्रमा बिक्री वितरण गर्न थाल्यो। त्यसपछि बैङ्कको नीति निर्माणको तहमा निजी क्षेत्रको वर्चस्व पुनः वृद्धि भयो। सँगसँगै बैङ्कमा बढेको अत्यधिक राजनीतिक हस्तक्षेपले समस्या ग्रस्त बनेको बैङ्कलाई केन्द्रीय बैङ्कले वाणिज्य बैङ्कहरूका लागि वित्तीय एवं व्यवस्थापकीय सुधार र सुशासनका लागि लागु गरेको नियमनकारी व्यवस्था, ऐन कानुनमा भएको सुधारका आधारमा लागु गरेको सुधार कार्यक्रमपछि बैङ्कले गति लिन थाल्यो।

खास गरी बैङ्कमा अन्तर्राष्ट्रियस्तरको लेखामान र लेखापरीक्षणको थालनी, भाखा नाघेको ऋणको असुलीमा कडाइ, बैङ्कमा नयाँ जनशक्तिको पदार्पण र व्यावसायिक क्षेत्रमा मात्रै लगानीको थालनीले बैङ्कको सुधारले गति लियो । बैङ्कमा विदेशी व्यवस्थापनको बहिर्गमनपछि केही समय केन्द्रीय बैङ्कले नै व्यवस्थापन सञ्चालन गरेर बैङ्कलाई नै व्यवस्थापन सञ्चालन गर्ने जिम्मेवारी सुम्पियो । बैङ्कमा नयाँ सञ्चालक समितिको गठन र उच्च व्यवस्थापनमा नयाँ जनशक्तिको पदार्पणपछि बैङ्कले निकै सुधार गरेको छ। झन्डै २० वर्षसम्म बैङ्कको साधारणसभा हुन नसकेको, सेयरहोल्डर, कर्मचारीले लाभांश प्राप्त गर्न नसकेको स्थितिमा बैङ्क व्यावसायिक हिसाबले सञ्चालन भई मुनाफामा सञ्चालन हुन थालेपछि नियमित साधारण सभा गरेर बैङ्कका सेयरहोल्डर, ग्राहक र कर्मचारीका माझ हिजो बैङ्कले हासिल गरेको साख र विश्वास झन् बढेर गएको छ।

बैङ्कले नयाँ व्यावसायिक स्थानमा शाखा स्थापना, एटिएम र एक्सचेन्ज काउन्टरको विस्तार, विगतमा बन्द गरिएका स्थानमा शाखाको पुनर्स्थापनाबाट बैङ्किङ सञ्जाल विस्तार गरेको छ । आधुनिक बैङ्किङ प्रविधिको प्रयोग र डिजिटलाइजेसनका माध्यमबाट ग्राहक वर्गलाई छिटो छरितो सेवा प्रवाहले गर्दा देशको जेठो एवं पुरानो र समस्याग्रस्त बैङ्कबाट तङ्ग्रिएर आधुनिक, सक्षम र प्रतिस्पर्धात्मक स्थितिमा अग्रणी बैङ्कको भूमिकामा छ।

नेपाल बैङ्कको गौरवपूर्ण इतिहास छ। तीन चार पुस्ता अगाडि देखिनका उद्यमी, व्यवसायी र ग्राहक वर्ग र तिनका परिवारजनले बैङ्कप्रति अपार माया देखाएको छ। यही विश्वासबाट बैङ्कले हासिल गरेको ख्याति, बलियो पुँजीको आधार, बैङ्कको अर्बौं अर्ब रकम बराबरको चल अचल सम्पत्ति, राष्ट्रिय/अन्तर्राष्ट्रिय सम्पर्क र सम्बन्ध तथा सरकारी स्वामित्वसमेत बैङ्कमा रहेका कारण प्रतिस्पर्धात्मक स्थितिमा पनि बैङ्कले अग्रगति लिन सक्ने प्रचुर सम्भावना छ।

यति बेला बैङ्किङ क्षेत्रले अनेकन चुनौतीको सामना गरिरहेको छ । विश्वव्यापी बढेको आर्थिक सङ्कट, युद्ध, द्वन्द्वको स्थिति, मुलुकको राजनीतिक अस्थिरता, बाढीपहिरो र विपत्का घटना आदिले आर्थिक गतिविधिमा गिरावट आउनका साथै थप समस्या उत्पन्न गर्ने भयावह अवस्था कायमै छ । रेमिट्यान्स आप्रवाहमा कमी, विदेशी मुद्राको प्रतिफलमुखी ढङ्गबाट परिचालनमा देखिएको समस्या, उच्च तरलता, आयात–निर्यात व्यापारमा गिरावट र बढ्दो खराब कर्जा आदि कारणले थप समस्या उत्पन्न गर्दै छ। बैङ्कमा सक्षम, अनुभवी जनशक्तिको पदार्पण गराउने र उनीहरूको सशक्तीकरण र बैङ्कमा दिगो रूपमा टिकाइ राख्ने आकर्षक उत्प्रेरणाका योजना, आधिकारिक ट्रेड युनियनको निर्वाचन गरेर युनियन–व्यवस्थापन बिच सुमधुर सम्बन्ध कायम गर्नु पर्छ । निक्षेप सङ्कलन र उत्पादनशील एवं रोजगारी वृद्धि हुने क्षेत्रमा कर्जा विस्तार गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउने राष्ट्रिय अभिभारा पूरा गर्न बैङ्कले थप रणनीतिक योजना बनाउन जरुरी छ। यसो हुन सक्यो भने बैङ्कलाई सक्षम, प्रतिस्पर्धी र अग्रणी बैङ्कको रूपमा स्थापित गर्न सकिने छ।



पाठक आवाज

gopafeature@gmail.com
(प्रतिक्रियाका लागि)

## निर्वाचन सफल पारौँ

आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुँदैन । सरकार निर्वाचन सफल बनाउने अभियानमा क्रियाशील छ । प्रमुख राजनीतिक दल बाहिर अनेक शङ्का व्यक्त गरे पनि भित्रभित्रै निर्वाचनको तयारीमा जुटेका छन्। यो सुखद पक्ष हो। लोकतन्त्रको संस्थागत विकासका लागि पनि निर्वाचन अपरिहार्य छ । राष्ट्रपति र प्रधानमन्त्रीले पनि दललाई निर्वाचनप्रति शङ्का नगर्न आश्वस्त परिरहनुभएको छ। प्रमुख दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र नवगठित नेपाली कम्युनिस्ट पार्टीले पार्टी महाधिवेशन गरेर नयाँ नेतृत्व र नीतिसहित जनतामा जान सके भने यसले जनतासँग टुटेको सम्बन्ध पुनर्स्थापित गर्ने छ। विशेष गरी कांग्रेसले कस्तो नेतृत्व र नीति स्थापित गर्छ, त्यसले भावी राजनीतिमा प्रभाव पार्ने छ।

निर्वाचन आयोग निर्वाचनको तयारीमा लागेको छ। निर्वाचन व्यवस्थापनका लागि सबै सरोकारवालासँग संवाद पनि गरिरहेको छ । सबै दलले निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न एकजुट हुनु अहिलेको आवश्यकता हो। आमनागरिकमा निर्वाचनप्रति उत्साह थपिएको छ । सञ्चारकर्मी, नागरिक समाज, मानव अधिकारकर्मी, विभिन्न पेसागत व्यावसायिक सङ्गठन, नेपाल बार एसोसियसनलगायत सबैले यस दिशामा साथ र सहयोग गर्नु पर्छ। सञ्चार माध्यमले पनि समाचार सम्प्रेषण गर्दा निर्वाचनका पक्षमा गर्नु आवश्यक छ। सबैभन्दा बढी लोकतन्त्र सञ्चारजगत्ले उपयोग गर्नु पर्छ, गरिरहेको छ। लोकतन्त्र रहेन भने त्यसको भारमा सञ्चार जगत् पर्ने छ । निर्वाचन स्वतन्त्र, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गराउन सकियो भने यसले संविधानको रक्षा पनि गर्ने छ।



निर्वाचन सफलता पूर्वक सम्पन्न गर्न शान्ति सुरक्षा प्रमुख विषय हुन्छ । शान्ति सुरक्षा र अमन चयन कायम गराउन सकियो भने निर्वाचन सफल बनाउन सकिने छ । सुरक्षा निकायको इच्छाशक्ति भयो भने निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्न कुनै कठिनाइ हुँदैन। सुरक्षाको मनोबल उकास्ने काम भने सरकारको हो। यसतर्फ सरकार लागिरहेको आभास हुन्छ।

निर्वाचन कुनै एक पक्षलाई मात्रै चाहिने होइन। यसलाई सफल पार्न सबैको साथ र सहयोग चाहिन्छ। त्यसो भयो भने आमनागरिक ढुक्कसँग मतदान गर्न सक्ने छन्। तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्न सकियो भने नवपुस्ताले चाहेको परिवर्तन गर्न सकिने छ। अहिले कुन प्रणाली अपनाउने भन्ने विषय महत्त्वपूर्ण होइन। यो विषय निर्वाचित संसद्ले टुङ्गो लगाउने छ। भोलि नयाँ र दृष्टिकोणसहितको नेतृत्व निर्वाचित भएर आयो भने त्यसले यो बाटोमा हिँड्न मार्ग प्रशस्त गर्ने छ। त्यसैले निर्वाचन सफल बनाउने अभियानमा सबैको साथ र सहयोग पहिलो आवश्यकता हो।

**विकास खनाल**
खैरेनीटार, तनहुँ

## स्वस्थ जीवनशैलीको प्रभाव

रगतमा चिनी (ग्लुकोज) को मात्रा बढी हुनुलाई मधुमेह भनिन्छ । मधुमेहका बिरामीमध्ये करिब ५० प्रतिशतले आफूलाई समस्या भएको थाहा नै पाउनुभएको हुँदैन। सुरुमा बिरामी पिसाबको सङ्क्रमण, शरीर दुब्लाउँदै जाने, घाउ निको नहुने जस्ता समस्याको उपचार गर्न अन्य डाक्टरकहाँ पुग्छन् । परीक्षणबाट मधुमेह भएको थाहा पाएपछि मात्रै अस्पता आउने परम्परा छ। मधुमेह हुँदा बारम्बार पिसाब लाग्ने, मुख वा ओठ सुक्खा हुने, दुब्लाउँदै जाने, तीर्खा धेरै लाग्ने जस्ता लक्षण देखिन्छन्।

मधुमेह भए–नभएको भएको पत्ता लगाउन रगतको जाँच गरिन्छ। आजकाल मुटु दुखेको लक्षण लिएर आउनेलाई पनि मधुमेह छ कि भनेर रगतमा चिनीको मात्रा जाँच गरिन्छ । रगतमा सुगर–लेबल अत्यधिक भएमा पिसाबले पनि सुगर फाल्न सक्छ। यस्तो अवस्थामा कहिलेकाहीँ पिसाब परीक्षण गर्दा पनि पिसाबमा सुगर–लेबल बढी भएको देखिन्छ। रगतमा सुगरको मात्रा परीक्षण गर्दा खाली पेटमा ७० देखि १०० एमजी/डिएलसम्म र खाना खाएपछि १०० देखि १४० एमजी/डिएल भन्दा कम हुनु पर्छ। योभन्दा बढी भएमा मधुमेह भएको भनिन्छ । मधुमेहलाई औषधी उपचारले मात्र निको पार्न सकिँदैन, जीवनशैलीमा विशेष ध्यान दिनैपर्ने हुन्छ, जसमा तीन वटा कुरा महत्त्वपूर्ण मानिन्छन्– खाना, शारीरिक व्यायाम र तनाव नियन्त्रण।

तपाईं जतिसुकै व्यायाम गर्नुस्, खानामा नियन्त्रण गर्न सक्नुभएको छैन भने सुगर पनि नियन्त्रणमा आउन सक्दैन। खाना नियन्त्रण भएको छ, शारीरिक व्यायाम पनि गर्नुहुन्छ, तर, तनावमा बाँचिरहनुभएको छ भने पनि सुगर नियन्त्रण हुँदैन। यसैले तनाव व्यवस्थापन पनि अत्यावश्यक मानिन्छ। यी तीन वटै कुरा व्यवस्थापन भयो भने सुगर लेबल पनि नियन्त्रणमा राख्न सकिन्छ।

मधुमेहका बिरामीले जीवनभर औषधी सेवन गर्नु पर्छ वा पर्दैन भन्ने कुरा मधुमेहको प्रकारले पनि निर्धारण गर्छ। मधुमेह पनि टाइप वान र टाइप टु हुन्छ। टाइप टु मधुमेह भएको व्यक्तिले आफ्नो जीवनशैलीमा ध्यान दिनुभएको छ भने औषधी दिनु पर्दैन। अवस्था अनुसार औषधी चलाइएको छ भने पनि लागि जीवनभर औषधी सेवन गर्नुपर्ने अवस्था हुँदैन । औषधी मात्र खाएर सुगर नियन्त्रण हुन्छ, जे खाए पनि हुन्छ भन्नु हुँदैन, जीवनशैलीमा ध्यान दिनु पर्छ। समय समयमा आफ्नो सुगर जाँच गरेर डाक्टरसँग परामर्श भने लिइरहनु राम्रो हुन्छ। मधुमेह भएर औषधी उपचारमा नै नरहेको वा नियमित डाक्टरसँग परामर्श तथा सम्पर्कमा नरहेको व्यक्तिमा पछि अन्य जटिलता देखिन सक्छ। समयमै उपचार वा जीवनशैलीले मधुमेह नियन्त्रण गरिएन भने पछि गएर हृदयघात, मिर्गौला फेल र पिसाबमा जटिल सङ्क्रमण भएर आइसियु भर्ना हुनुपर्ने अवस्था हुन सक्छ। घाउ वा चोटपटक निको नभएर अङ्गहरू नै काट्नपर्ने समेत हुन सक्छ। त्यसैले मधुमेह समयमै नियन्त्रण गर्नु पर्छ।

मधुमेह नियन्त्रणमा राख्ने हो भने इन्सुलिनको प्रयोगसम्म पुग्नुपर्ने अवस्था आउँदैन। औषधी खाने तर सुगर नियन्त्रणका लागि अन्य प्रयास गर्नुभएन भने २० वा २५ वर्षपछि इन्सुलिन लगाउनुपर्ने अवस्था आउन सक्छ। मधुमेह भर्खरै देखिएको छ भने नियन्त्रणमा राख्न प्रयास गर्नुहोला । मधुमेह भएका बिरामीले सिजन अनुसारको फलफूल सीमित मात्रामा खानु पर्छ। सामान्यतया एक दिनमा २५० ग्रामसम्मको फलफूल खान सकिन्छ। बट्टाको जुस, कोक, फेन्टा, रेडबुल, सेतोचिनी, सुगरफ्री चिनी खानु हुँदैन। गुलियो खानेकुरा नभई खान सक्नुहुन्न भने प्राकृतिक रूपमा पाइने गुड वा सक्खर थोरै मात्रामा खान सक्नुहुन्छ।

**डा. कामाक्षा शाह**
नर्भिक इन्टरनेसनल अस्पताल

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को :
गोरखापत्रद्वारा प्रकाशित

मगही भाषा पृष्ठ

# प्रतिनिधि सभा चुनाव



■ डा. सत्य नारायण आलोक




नेपाल एक संघीय लोकतान्त्रिक गणराज्य देश हय। जहाँ जनताके प्रतिनिधित्व, सहभागिता आउ स्वतन्त्रता पर आधारित हय। ई देश मे जनताके इच्छा आउ अधिकार के सम्मान संविधानद्वारा सुनिश्चित कयल गेल हय। नेपाल के संविधान अनुसार प्रतिनिधि सभा देश के सर्वोच्च नीति-निर्माण संस्था हय, जे जनता के आवाज संसद मे पहुंचावेला आउ सरकार के जवाबदेही बनबैत हय। अही कारण से, नेपाल मे प्रतिनिधि सभा के चुनाव के बहुत गहिरा औचित्य हय, खासकर अभी के राजनीतिक, सामाजिक आउ आर्थिक परिस्थिति के दृष्टि से।

**जनताको प्रतिनिधित्व आउ लोकतन्त्र के पुनः पुष्टि**

प्रतिनिधि सभा के चुनाव लोकतन्त्र के आत्मा हय। चुनाव जनता के अधिकार देइत हय कि ऊ अपन प्रतिनिधि चुने, जे ओकर समस्या, सपना आउ नीति संसद मे राख सके। नेपाल मे बितल कुछ वर्ष से राजनीतिक अस्थिरता, पार्टी विभाजन आउ नेतृत्व संकट चल रहल हय। ई परिस्थिति मे नया चुनाव के माध्यम से जनता फेर से अपन भरोसा जता सकत हय कि ऊ कइसन नेतृत्व चाहैत हय।

लोकतन्त्र के मूल आधार "जनता सर्वोपरि" हय _ आउ इ चुनाव ओई सिद्धान्त के जीवित रखैत हय।

**अस्थिर राजनीति के समाधान**

नेपाल मे पछिलका कुछ साल से सरकार बारंबार बदल रहल हय। गठबन्धन राजनीति, व्यक्तिगत स्वार्थ आउ दलगत टकराव से देश के विकास बाधित भेल हय। ई परिस्थिति मे प्रतिनिधि सभा के चुनाव देश के स्थिरता लावे के एक मातरे वैधानिक आउ जनमत आधारित उपाय हय।

नया चुनाव से जनता ऊ पार्टी आउ नेता के समर्थन दे सकत जे सचमुच देश के विकास, सुशासन आउ पारदर्शिता लाबे के इमानदार कोशिश करैत होय।

**आर्थिक संकट आउ नीतिगत सुधार के आवश्यकता**

अभी नेपाल मे बेरोजगारी, महँगाई, युवा पलायन आउ आर्थिक संकट गहरात चल रहल हय। ई स्थिति मे नीति निर्माण आउ कार्यान्वियन के दिशा में नया सोच आउ नया नेतृत्व के जरुरत हय।

> प्रतिनिधि सभा के चुनाव ई नया दिशा के निर्धारण के अवसर देइत हय। जनता अपन मतदानद्वारा तय करत कि देश के भविष्य केनाके बनावल जाय– विकास, समृद्धि आउ सामाजिक न्याय के मार्ग पर, न कि अस्थिरता आउ विभाजन के मार्ग पर।

प्रतिनिधि सभा के चुनाव से जनता नया जनादेश दे सकत जे आर्थिक सुधार, कृषि, पर्यटन, शिक्षा आउ रोजगारी के नीति के प्राथमिकता दे सकत। बिना नया जनादेश के, पुरान राजनीतिक संरचना से ठोस नीतिगत परिवर्तन संभव न होयत।

**संघीयता आउ स्थानीय शासन के सुदृढ़ीकरण**

नेपाल संघीय प्रणाली अंगीकार कयले हय। ई प्रणाली के सफलता के निर्भरता केन्द्र आउ प्रदेश सरकार के समन्वय पर हय। प्रतिनिधि सभा के चुनाव से केन्द्र स्तर पर ओही नेतृत्व के चयन होयत जे संघीय ढाँचा के सन्तुलित रूप से चलाबे आउ प्रदेश सरकार के अधिकार आउ जिम्मेदारी के सम्मान करत। नया संसद संघीय व्यवस्था के कमजोर बिन्दु पर नीति बनाबे आउ देश के एकजुट राखे में योगदान दे सकत।

**भ्रष्टाचार आउ जनता के असन्तोष के निवारण**

अभी नेपाल मे जनता के असन्तोष बहुत बढ़ल हय _ कारण, भ्रष्टाचार, बेरोजगारी, नेतृत्व के आपसी झगड़ा, आउ जनता के आवाज के अनसुनी।

चुनाव के माध्यम से जनता अपन असन्तोष के प्रकट कर सकत आउ अपन मत से सच्चा जनप्रतिनिधि चुन सकत। ई प्रक्रिया लोकतन्त्र के स्वच्छता बढ़ाओत आउ राजनीतिक जवाबदेही तय करत।

**युवावर्ग आउ सामाजिक परिवर्तन के अवसर**

नेपाल के आबादी मे युवावर्ग के अनुपात बहुत अधिक हय। युवामन राजनीतिक रूप से जागरूक हय, ऊ रोजगार, शिक्षा, भ्रष्टाचार नियन्त्रण, पारदर्शी शासन आउ समावेशी नीति चाहैत हय। नया चुनाव ऊ पीढ़ी के अवसर देइत हय कि ऊ राजनीतिक प्रणाली के भाग बन जाय। अहीसे, प्रतिनिधि सभा के चुनाव सामाजिक परिवर्तन के माध्यम बन सकत_ जहाँ नया सोच, नया ऊर्जा आउ नया दिशा देश के भविष्य के तय कर सकत।

**राष्ट्रिय एकता आउ अंतर्राष्ट्रिय छवि**

नेपाल के राजनीतिक स्थिरता केवल देश भीतर के मुद्दा न; ओकरा अंतर्राष्ट्रीय प्रभाव भी होयत। राजनीतिक अस्थिरता आउ बारंबार सरकार परिवर्तन से देश के छवि कमजोर पड़ जायत हय। प्रतिनिधि सभा के नया चुनाव देश के लोकतान्त्रिक अभ्यास के प्रतीक बन सकत आउ अन्तर्राष्ट्रीय समुदाय में नेपाल के स्थिर, जिम्मेदार आउ लोकतान्त्रिक देश के रूप में प्रस्तुत कर सकत। एक मजबूत सरकार, स्थायी संसद आउ स्पष्ट जनादेश के साथ नेपाल क्षेत्रीय आउ वैश्विक स्तर पर अपन नीति मजबूती से राख सकत।

**संविधानिक दायित्व आउ वैधानिक आवश्यकता**

नेपाल के संविधान प्रतिनिधि सभा के पाँच वर्ष के कार्यकाल तय करैत हय। समय पर चुनाव न होयत त संविधानिक संकट लाबे के खतरा पैदा कर सकत।

तईदुवारे, निर्वाचन करावल देश के संविधानिक दायित्व भी हय। समय पर चुनाव न केवल लोकतान्त्रिक परम्परा के निरन्तरता सुनिश्चित करत, बल्कि राजनीतिक संस्थान के वैधता भी बनावत।

**जनता के विश्वास पुनः स्थापन**

जनता के बीच राजनीति के प्रति अविश्वास आउ निराशा बढ़ल हय। चुनाव ओई विश्वास के पुनः स्थापित करेके अवसर देइत हय। जब जनता अपन मत डालके अपन प्रतिनिधि चुनैत हय, तब ऊ अपन भविष्य में अपन भूमिका के महसूस करैत हय। अईसे लोकतन्त्र में जनता के सहभागिता आउ जिम्मेदारी बढ़ जायत हय।

**भविष्य के दिशा निर्धारण**

नेपाल आज एक दोराहा पर खड़ा हय, इया त ऊ राजनीतिक अस्थिरता में फसल रहत, इया त नया दिशा में अगारी बढत। प्रतिनिधि सभा के चुनाव ई नया दिशा के निर्धारण के अवसर देइत हय। जनता अपन मतदानद्वारा तय करत कि देश के भविष्य केनाके बनावल जाय_ विकास, समृद्धि आउ सामाजिक न्याय के मार्ग पर, न कि अस्थिरता आउ विभाजन के मार्ग पर।

**निष्कर्ष**

नेपाल में प्रतिनिधि सभा के चुनाव के औचित्य केवल राजनीतिक प्रक्रिया न, बल्की ई लोकतन्त्र के आत्मा, संविधान के रक्षा आउ देश के भविष्य के निर्माण के आधार हय।

अभी के परिस्थिति में, जब जनता असन्तुष्ट हय, अर्थव्यवस्था संकट में हय आउ राजनीति अविश्वास के दलदल में फसल हय_ तब नया चुनाव एक नया आशा के रूप में देखल जा सकत हय। ई चुनाव से नेपाल फेर से अपन लोकतान्त्रिक परम्परा के पुनः पुष्टि कर सकत, जनता के आवाज संसद में पहुँचा सकत, आउ देश के विकास, एकता आउ स्थिरता के नया दिशा दे सकत।

सारांश रूप में कहें त_प्रतिनिधि सभा के चुनाव नेपाल के वर्तमान स्थिति में केवल आवश्यक न, बल्कि अपरिहार्य हय। ई चुनाव से जनता अपन भागीदारी, प्रतिनिधित्व आउ लोकतन्त्र के असली शक्ति के अनुभव कर सकत।

# ग्रामीण पर्यटन अन्तर्राष्ट्रिय सेमिनार सम्पन्न




कार्यक्रम उद्घघाटन के सत्र के दृश्य।



■ डा. बरिन्द्र दास

"उत्तरपूर्व भारत मे ग्रामीण आउ चाय पर्यटन – एक अन्तर्राष्ट्रिय दृष्टिकोण" विषय मे अन्तर्राष्ट्रिय सेमिनार २०२५ नोभेम्बर ३ आउ ४ गते बोरहाट भवानी प्रसाद बरुवा मेमोरियल (बी.पी.बी.एम.) कलेज, बोरहाट मे सम्पन्न भेल हय। ई कार्यक्रम असाम पर्यटन विकास निगमके प्रायोजन मे आयोजित कयल गेल रहल, जेकर उद्देश्य उत्तरपूर्व भारतके ग्रामीण आउ चाय पर्यटनके अपार सम्भावनासबके अध्ययन तथा प्रवर्द्धन कयल गेले रहल।

कार्यक्रम मे प्रमुख अतिथि के रुपमे लेखक तथा संस्कृति विद् डा.वीर बहादुर महतो, विशिष्ट अतिथि के रुपमे इथियोपियाके वोलायता सोडो विश्वविद्यालयके यिसेहाक ओसा जोक्का, पंजाब सेन्ट्रल विश्वविद्यालयके प्रो-भाइस-च्यान्सलर डा.किरण हजोरिका, मणिपुर सेन्ट्रल विश्वविद्यालयके अनुसन्धान तथा विकास निर्देशक, असम कृषि विश्वविद्यालयके डा.स्वप्नाली बोरा आउ डिब्रुगढ विश्वविद्यालयके व्यवस्थापन अध्ययन केन्द्रके डा.बरनाली पतवारी सहित के ब्यक्तित्वसब अपन-अपन विचार प्रस्तुत कयले रहथिन। नेपाल भारतके सांस्कृतिक सम्बन्ध आउ पर्यटकीय क्षेत्रके जोडके विकास कयलापर एक दोसरा बीचके सम्बन्ध आउरो गाढा आउ प्रगाढ होयके साथे भविष्य के सुखद आधार तयार होयके बिषय पर डा.महतो अपन विचार प्रकट कयले रहथिन।

अई अवसर पर डिब्रुगढ विश्वविद्यालय, असम विश्वविद्यालय, असम डाउन टाउन विश्वविद्यालय, बिराङ्गना सती साधनी राज्य विश्वविद्यालय, काजिरंगा विश्वविद्यालय, गुवाहाटी विश्वविद्यालय आउ अरुणाचल विश्वविद्यालयके अनुसन्धानकर्तासब भी सहभागिता जनयले रहथिन।

दु दिनके ई कार्यक्रमके उद्घाटन असम पर्यटन विकास निगमके अध्यक्ष ऋतुपर्ण बरूआ कयले रहथिन।

उद्घाटन समारोह मे चारैदेव जिल्ला परिषद्के अध्यक्ष संगीता गोगोई, अन्य पिछडो वर्ग विकास निगमके निर्देशक भूपेन कुमार गोगोई, साथे चारैदेव जिल्लाके वरिष्ठ पत्रकारसब भास्कर भाजनी, संजीव गोगोई, तरुण गोगोई सहितके स्थानीय गण्यमान्य व्यक्तिबसके उपस्थिति रहल रहे। दु-दिनके विचार विमर्श सत्रके समापन कलेजके प्राचार्य डा.प्रमोद बोरगोहेनके अध्यक्षता मे सम्पन्न भेल। सहभागीसबके कलेजके प्रतीक अंकित स्मृति चिन्ह आउ प्रमाणपत्र प्रदान कयल गेल।

सेमिनार मे बोरहाट, चारैदेव जिल्ला आउ सम्पूर्ण उत्तरपूर्व भारतके अनेक जातीय समुदायसबके संस्कृति आउ पर्यटन स्थलके विश्व समुदायमे चिन्हाबेवाला उपायसबमे विस्तृत विचार विमर्श भेल। साथे, युनेस्कोद्वारा विश्व सम्पदा स्थलके मान्यता पयले चारैदेव माईडाम के विशेष समीक्षा भी प्रस्तुत कयल गेल। सेमिनार मे १५० से बेसी लोगके सहभागीता रहल। जहाँ अनुसन्धानकर्ता, प्राध्यापक, तथा पर्यटन विज्ञसब भाग लेले रहथिन आउ सेमिनारके संयोजन डा.बरिन्द्र दास कयले रहथिन। कार्यक्रम भटिङडा विश्वविद्यालय के प्रों.भाइस चानसलर प्रो.डा.किरण हजारिका के अध्यक्षता मे सम्पन्न भेल हय।

# नारी



■ डा. राशी सिंहा

एगो गांव में गरिब किसान रहे ऊ अपन दिनचर्या किसानी कके चलबैइत रहे। ओकर बाबु बचपने में मर गेल रहे जई कारण ओकरा बहुत संघर्ष करे पडल रहे। धीरे-धीरे जब ऊ जबान हो गेल त ऊ सादी वियाह कयलक मगर जेहने सादी भेल ओकरा कुछ दिनके बाद गांव के दुस्ट लोग रहे से मिल के बहुत किसिम के जाल झेल रच के ओकरा जेल भेजवा देलक। कुछ दिन के बाद जब लडकी सयान हो गेल त अपना पत्ति के नाम से जेल में चिठी पठयलक ओई चिठी में लिखल रहे "बर फुल बराई लागे सिमर सभा पैस, कह दिअहु सामी जी से छतिया भौरा पैस" जब चिठी जेलर पढईअ त ओकरा समझ में ई बात न अबैअ त ऊ चिठी मंत्रालय में भेज देइअ मगर मंत्रालय के कर्मचारी आउ मंत्री से हो एकर अर्थ न समझे सकल ताही कारण ऊ चिठी राजा के दरबार में भेज देल गेल। ओई चिठीपर बहुत विचार बिमर्श, छलफल भेल मगर ओकर अर्थ कोनो बताबे न सकल तेई कारण से राजा बडका सोच में पड गेल।

**» लोककथा**

जब रात में सुते जाइअ तब राजा के आँख में निन्दे न आबे राजा सोच में पडल रहे तब रानी पुछलक जे कि बात हय अपने बडका सोच में पडल बुझाइत हथ। तब राजा कहलक- रानी एगो बडा भारी समस्या हो गेल हय, हमरा राज मे एगो एहन समस्या हय जे कोनो समाधान न करे सकल हय तेही कारण हम चिन्ता में पडल ही।

रानी कहली- जे कि बात हय से त बतावल जाओ तब राजा चिठी देखयलक। रानी हसे लगली जे एतना साधारण चिठी के लेल अपने एतेक बडा चिन्ता मै पडल हथ। एगो गांव के सोझ लडका अपने के जेल में बन्द भेल हय ओ चिठी के माध्यम से अपना पत्ति के कहे चाहइत हथि जे अब हम सयान हो गेली, अपने जेल से जल्दी लौटके आउ न त अपने के गांव घर के खच्चड छौडासब हमरापर गलत नियत से देखईअ अगर न अइली त हमरा सतीत्व बचाबेला कठिनाई होयत। तही कारण अपने आदेश देके ओकरा घरे पठबा दियौ। राजा प्रसन्न भेल रानी के बातसे आउ तुरन्त जेलरके आदेश कके ओकरा जेलमुक्त करा देलक आउ साथमें एगो निमन घोडा सवारी खातिर सेहो देबाके घर पठाबे के बेबस्था मिलबा देलक। जब लडका घर के लेल प्रस्थान करैत रहे त बीच रस्ता में आयल त देखैअय कि एगो बहुत सुन्दर फुलबारी हय। घोडापर से उतर के ओई फुलबारी में गेल त देखैअ जे ओई फुलबारी में एगो बहुत सुन्दर लडकी जे ओकरा देख के अहइअ 'कहमा के घोरबा रे घोरा कहमा कयले पगाम, तनी ऐसा धुप बटोही लीउ इहा गमाए' तब लडका कहइत हय 'झन मारु पजनी झन मारु लात गे, तोहरो से सुन्दर गोरी हेंरैत होतै बाट गे' से बात कहके लडका फेर घोडा पर चढ गेल आउ अपना घर दिश बिदा भेल।

इम्मर लडकी सोचे लागल जे हम अपना जिवन में आइतक केकरो से न बोलल रही आउ कोनो लडका के प्रती हमरा में आकर्षण न भेल रहे मगर आई जे लडकापर हमरा मन लागल से हमरा तिरस्कार कके चल गेल तही कारण अई जिन्दगी से मरल अच्छा सोच के फुलबारी में एगो बडका इनार रहे। ऊ लडकी अपना शरीर के कपडा सब निकाल लेलक आउ इनार के लग में एगो गाछी के खुट रहे तेही खुट में अपन चिर चोली लटका देलक आउ इनार में कुद के अपन प्राण त्याग देलक। जब लडका अपना घर पहुँचल त बडा खुशी भेल आउ अपना घरबाली के बुद्धी पर नाज कयलक जे तोहरे चिठी के चलते हमरा जेल से छुटकारा मिलल तब ओकरा घरबाली पुछइअ जे केना केना अइली से बात बताउ तब लडका सब बात बता देलक।

जब ओकर पत्नि सुनलक जे फुलबारी मे ओकरा एगो सुन्दर लडकी से भेट भेल रहे आउ कनी काल सुस्ताए के लेल अनुरोध कयले रहे मगर ई न मानल तब एकरा कहलक जे जाउ ओई लडकी से फुलबारी में एकबेर मिल के आउ। तब लडका फुलबारी में अबईअ आउ बहुत खोजला के बाद कहु न मिलल त इनार लगमें जाइअ त देखइअ कि ओई खुट पर चीर चोली लटकल तब ओई चिर चोली से पुछइअ लडका- "वाह वाह रे खासा के चोलिया वाह झिलमिलीया सुत सब दिन देखली गोरी के छतिया आई काहे खैरक खुट"। तब खुट कहइअ-"वाह वाह रे खासा के चोलिया वाह झिलमिलीया सुत तोरे कारण गोरी डुबल तु काहे जियत है रे कपुत"।

ई बात सुनके ओकरा बडा अपशोच भेल आउ फिर अपना घरे लौट गेल आउ अपना जिवन बिताबे लागल मगर ओकरा ई बात के हमेसा दुःख रहे जे हमरे कारण गोरी इनार में कुदके अपन जान दे देलक।

# जेन्जी आन्दोलन के सकारात्मक प्रभाव



■ रीकी साह



नेपाल के इतिहास मे जेन्जी आन्दोलन, जेकर अर्थ हय "भ्रष्टाचार नियन्त्रण आउ पारदर्शिता " नारा से जुड़ल राष्ट्रवादी आन्दोलन) के बहुत बड़ महत्व रहल हय। ई आन्दोलन के प्रभाव समाज, राजनीति, अर्थव्यवस्था आउ संस्कृति के हर कोना में देखल जा सकत हय। नीचा जेन्जी आन्दोलन के बाद के प्रमुख सकारातमक प्रभाव पर विस्तार से चर्चा कयल गेल हय।

**राजनीति में भ्रष्टाचार नियन्त्रण आउ जनसेवा के भावना**

जेन्जी आन्दोलन से राजनीति में भी बदलाव आयल। नेता लोग समझल कि असली शक्ति जनता में हय। भ्रष्टाचार नियन्त्रण, जनसेवा आउ पारदर्शिता के महत्व बढ़ल।

गाँव-गाँव में लोग अपन प्रतिनिधि से काम आउ जवाबदेही माँग करे लागल। आदमी मे सचेतना बढल आउ साथे जिम्मेबारी के बोध भेल।

**राष्ट्र निर्माण के नया सोच**

जेन्जी आन्दोलन से देश में आत्मगौरव आउ आत्म सम्मान के भावना पैदा भेल। लोग समझलन कि देश के विकास में हर नागरिक के भूमिका महत्वपुर्ण हय, चाहे किसान होय, जवान होय, इया मजदूर।

"काम ही पूजा हय" के विचार मजबूत भेल। इहे सोच से नेपाल के नया पहिचान बनल_ आत्मनिर्भर, मेहनती आउ समर्पित राष्ट्र के रूप मे।

**किसान आउ खेती-किसानी के सम्मान में बढ़ोतरी**

जेन्जी आन्दोलन के बाद किसान के स्थिति में बहुत सुधार आइल। पहिले किसान समाज में कमजोर वर्ग मानल जात रहल, लेकिन ई आन्दोलन किसान के महत्व बढ़ल। सरकार खेती पर ध्यान देबेला शुरू कयलक _ बिया बिछन वितरण, खाद मल के समय से ब्यवस्थापन, आधुनिक खेती के तरीका अपनावल गेल। अब किसान के समाज में गर्व आउ सम्मान के नजर से देखल जाय लागल। किसान खुदो अपन अधिकार आउ कर्तव्य के प्रति जागरूक होगेल।

> जेन्जी आन्दोलन नेपाल के इतिहास में सिर्फ एक नारा न रहल, बल्कि भ्रष्टाचारी विरुद्ध के पारदर्शिक जागरण के प्रतीक रहल। अई से देश के आत्मविश्वास आउ एकता मजबूत भेल। आज नेपाल के विकास, प्रगति आउ आत्मनिर्भरता के आधार में जेन्जी आन्दोलन के प्रेरणा गहराई से समाइल हय।

**आर्थिक विकास आउ आत्मनिर्भरता**

जेन्जी आन्दोलन के असर से नेपाल मे आत्मनिर्भरता के भावना जोर पकड़ल। किसान जब उत्पादकता बढ़लन त देश के अर्थव्यवस्था पर सीधा असर पड़ल। कृषि उत्पादन में वृद्धि से अनाज आयात कम होयत, देश खुद अपन जरूरत पूरा करे लागल। उद्योग आउ ग्रामीण हस्तकला के भी बढ़ावा मिलल। सरकार नया-नया विकास योजना शुरू कयलक_ पंचवर्षीय योजना, ग्रामीण विकास कार्यक्रम, किसान क्रेडिट योजना आदि। ई सब से देश के आर्थिक ढांचा मजबूत होयत।

**शिक्षा आउ ग्रामीण जागरूकता**

आन्दोलन के बाद ग्रामीण समाज में शिक्षा के महत्व बढ़ल। लोग समझल कि पढ़ाई से ही समाज आगे बढ़ सकत। कृषि विज्ञान आउ आधुनिक तकनीक के शिक्षा मिलल। अई से किसान अपन उपज आउ जीवन दोनों सुधारे लागलन।

**सामाजिक एकता आउ सामूहिक चेतना**

जेन्जी आन्दोलन से समाज में एकजुटता के भावना जगल। लोग जात-पात, धर्म आउ भाषा से ऊपर उठके "देश पहले" के सोच बनवलक। गाँव-गाँव में लोग सामूहिक श्रम आउ एकता से काम करे लगलन। ई सामूहिक चेतना देश के लोकतंत्र के आधार मजबूत कयलक।

**ग्रामीण विकास आउ अवसंरचना**

आन्दोलन के बाद गाँव के शहर से जोड़ल जाय लागल, जेसे किसान अपन उपज बाजार तक पहुँचा सकत। जल प्रबंधन में सुधार भेल। ई सब सुधार किसान आउ आम जनता के जीवन आसान बनवलक।

**महिला सशक्तिकरण के दिशा में परिवर्तन**

जेन्जी आन्दोलन के प्रभाव से महिला वर्ग में भी चेतना आयल। ग्रामीण महिला खेती, शिक्षा आउ सामाजिक काम में भाग लेबे लागलन। महिला स्वावलंबन आउ आत्मनिर्भरता के ओर बढ़लन। कई जगह पर महिला समूह बनल, जोन आज भी आर्थिक रूप से मजबूत आधार बन चुकल हय।

**पर्यावरण आउ प्राकृतिक संसाधन संरक्षण**

आन्दोलन के बाद कृषि आउ विकास नीति में पर्यावरण के महत्व समझल गेल। पेड़ लगावल, जल संरक्षण आउ माट्टी सुधार के योजना शुरू भेल। अई से धरती के संतुलन बनल रहत आउ भविष्य के पीढ़ी खातिर संसाधन सुरक्षित रहत।

**निष्कर्ष**

जेन्जी आन्दोलन नेपाल के इतिहास में सिर्फ एक नारा न रहल, बल्कि भ्रष्टाचारी विरुद्ध के पारदर्शिक जागरण के प्रतीक रहल।

अई से देश के आत्मविश्वास आउ एकता मजबूत भेल।

आज नेपाल के विकास, प्रगति आउ आत्मनिर्भरता के आधार में जेन्जी आन्दोलन के प्रेरणा गहराई से समाइल हय।

पृष्ठ संयोजक : डा. वीर बहादुर महतो, पत्राचार ठेगाना : नयाँ नेपाल, गोरखापत्र दैनिक, पो.ब.नं.२३, काठमाडौं। Email : magahibhasa@gmail.com



# वाम्रासख्वा आङ वेबसाइटल्वा डिजिटल अर्काइभ च्वाप्सिपर्छ

ओखलढुंगा, हिलेपान, स्वाक्वाप्टारल्वा ज्वाल्साख् नु (नौ) थोचेम उमेरल्वाङ कुडु न्वा द्यालल्वाङ भानाभाना बाक्साख् परैपौमेइ मुयो अविनाथ राई (वाम्बुले द्वान्वाङ्चा) तिम। आङ् गुख्वा 'वाम्बुले राई शब्दकोश', 'किरात वाम्बुले राई जाति र द्वान्वाङ्चा वंशावली', न्वा 'क्वाल खातिर (कविता संग्रह)' ग्याक्तुमेइ बाम इल्वाङ 'डेभिड कप्परफिल्ड' अंग्रेजील्वाङ राडुयोरल्वा ब्लातुमेइ/अनुवाद पौमेइ बाम। कोशकाराङ् कुडु ललितपुर-१४ तिखेदेवलल्वा ब्लान्डिसाख् गणेश वाम्बुले राई न्वा श्याम वाम्बुले राईख्वा पौचिमेइ योरदार त्याँपालि च्वाब्बुन्चो बाम।

**नेपाल सरकारआङ जागिरल्वाङ अवकाश तिर्नुमेइ नौठाङ आमाम पासाङ बानुमेइ बाम ?**

उङ्गु २०७४ साल असारल्वा जागिरल्वाङ अवकासश दुङ्मेइ तिम। खै समै इम्सेस ल्वाचोतिम्मे रैछा। आज्ज्याङ स्वाःचाल्वा समै थामपाराख् लाक्चाम-लोपाच्चाम ड्आङ्मा बिल्वास् बाक्चो रैछा। अवकाश दुङ्मेइ च्याप मैनाल्वास् 'क्वाल खातिर' त्वामल्यावा किताब ब्अ्वार्बे। इल्वाङ चार्ल्स डिकेन्साङ् अंग्रजी योरल्वाम उपन्यास 'डेभिड कप्परफिल्ड' या इक राडु योरल्वा ब्लाउमेइ/अनुवाद पाम थि। इमेइ साइथाच्चुम छापैदुम्मेइ बाम। निकै ड्आम्बिल्वाङ से इक रितुम, रितुमबाया, योर, साहित्य, इतिहास, सालाङसिलि न्वा चाकुमयोरतिङ कुल्साख्वा 'वाम्बुले राई सांस्कृतिक कोश' देन्चो क्वाल किताब ग्याक्साङ बाङ्म। आम किताबल्वा बडेख्वाल योर/विषय कुल्चाम तिमाख्वा तुम्चाम या बडे ब्ब्राउमेइ बाम। त्याङचै बडे आब्ब्राउस्याङ् ब्अ्वाङ्मेइ बाम। आमपाराख्वास् आमाम् पासाङ बाङ्मेइ बाम।

**वाम्बुले राई शब्दकोश २०५७ सालल्वा छापैदुम्मे। ड्आम्बिखेपा उनुख्वा वाम्बुले राडुआङ आज्जा गुनुमेइ २०४५ सालल्वा देचो बाम। थामबेला गुनुमे तिया, ड्आम्बि गुचाम चै थामपाराख् त्वामल्वा ब्लाया ?**

उनुख्वा देङ्चिस्याङ २०४५ सालल्वा वीर अस्पतालल्वा आ मामा सामारि दुम्माख् च्वाब्बुन्चो थि। इमबेला मामा लोःसै राडु योरआङ आज्जा गुमेइ थि। इम 'वाम्बुले राई शब्दकोश'आङ ड्अल्वाङ २०५७ सालल्वा छापैदुम्मेइ तिम। इमब्यालाल्वा मामा न्वा आङ्गुख्वा चेइतुमेइ योरआङ त्वामारिख्वा ड्आङ्मायोर (मातृभाषा) गुचाम त्वामल्वा ब्लामेइ थि ह्वाला देसि फ्वाम।

   **Package-I** **Various construction materials for drinking water supply and sanitation Schemes.**
   **Package-II** **Supply, delivery and installation of solar water lift system accessories of Siyaladhara Solar Lift DWSS, Chamunda-7, Dailekh**
2. The bidders can download bidding documents from the Helvetas Nepal's website: https://notice.helvetasnepal.org/. Any queries about bidding document can be send to **water.np@helvetas.org** by **19 November 2025**. A compiled response to all queries will be posted on the same website by **20 November 2025**.
3. Date of pre-bid meeting (online): **19 November 2025 at 3PM.** Interested potential bidders can contact to **water.np@helvetas.org** on or before 1PM by **19 November 2025** to participate the meeting.
4. Sealed bids must be submitted to the **office address** mentioned in the bidding documents within the deadline specified in the BDS.
5. The last date for submission of sealed bid is on **01 December 2025 latest by 12PM**.
6. The bids will be opened on **01 December 2025, at 1PM** in the presence of Bidder's representatives who choose to attend.
7. Bid security should be accompanied with the sealed bid as specified in the **bidding document**.
8. The purchaser reserves the right to accept or reject any bid partially or fully without assigning any reasons whatsoever.

**Water Resources Management Programme (WARM-P), Helvetas Nepal**
Birendranagar, Surkhet, Email: water.np@helvetas.org

# बाह्र मतदान केन्द्र अति संवेदनशील

**परासी समाचारदाता**
*परासी, कात्तिक २९ गते*

आगामी फागुन २१ गतेका लागि प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति तोकेसँगै पश्चिम नवलपरासीमा निर्वाचनको तयारी र मतदान स्थल निर्धारण कार्यलाई अगाडि बढाइएको छ। जिल्ला सुरक्षा समितिको बैठकले जिल्लाभरका मतदान स्थललाई अति संवेदनशील, संवेदनशील र सामान्य गरी तीन वर्गमा वर्गीकरण गरेको छ।

जिल्लाका सात पालिकामध्ये १२ वटा मतदान स्थललाई अति संवेदनशीलको सूचीमा राखिएको छ। अति संवेदनशीलको सूचीमा सबैभन्दा बढी सुस्ताका चार स्थान परेका छन्। जिल्लामा यसअघि कायम गरिएका १२० मतदान स्थललाई नै कायम गरिएको छ। जसमा जम्मा २८७ मतदान केन्द्र निर्धारण गरिएका छन्। सहायक प्रमुख जिल्ला अधिकारी पोषणराज भण्डारीले यी मतदान केन्द्र २०७० सालको पुराना मतदाता नामावलीका आधारमा निर्धारण गरिएको जानकारी दिनुभयो।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख सुजाता खत्रीले नामावली सङ्कलनपछि केन्द्र थपघट हुन सक्ने जानकारी दिनुभएको छ। १६ वर्ष पूरा भई नेपाली नागरिकता पाएका नागरिकले निर्वाचन कार्यालयमा नामावली दर्ता गरिरहेका छन्। नयाँ मतदाता नामावली सङ्कलन कार्यक्रममा हालसम्म झन्डै एक हजार छ सय नयाँ मतदाता थपिएका छन्।



मतदाता नामावली दर्ता गर्न लाइनमा सर्वसाधारण ।

निर्वाचनको मिति नजिकिएसँगै जिल्ला निर्वाचन कार्यालयले तयारी कामलाई प्रभावकारी रूपमा समन्वयात्मक ढङ्गले अघि बढाएको जानकारी दिएको छ। यसअघिको २०७९ मङ्सिर ४ गते सम्पन्न निर्वाचनमा जिल्लामा दुई लाख ४० हजार ९३० मतदाता थिए।

# रातामाटा–प्याकलुक सडक स्तरोन्नति हुने

**रामपुर समाचारदाता**
*रामपुर (पाल्पा), कात्तिक २९ गते*

पाल्पा रामपुर नगरपालिकाको रातामाटादेखि प्याकलुक पक्की पुल जोड्ने सडक स्तरोन्नति हुने भएको छ। वडा नं. ७ को रातामाटा, कठान वडा नं. ६ को गैटार हुँदै प्याकलुक पुल जोड्ने सडकखण्ड स्तरोन्नति हुने भएको हो।

लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षदेखि यो सडकखण्डको स्तरोन्नति गर्न लागेको हो। बहुवर्षीय योजनाको सडक पूर्वाधार विकास कार्यालय तानसेनसँग ठेक्का सम्झौतासँगै निर्माण कम्पनीले स्तरोन्नति सुरु गरेको छ। छ करोड १४ लाख ९९ हजार ४१२ लागत अनुमान रहेको योजनाको पशुपति मोबाइल जेभी रामपुरले दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी गत कात्तिक १६ गते भ्याटसहित तीन करोड ८४ लाख ६२ हजार ६६२ मा सम्झौता गरेको थियो।

शुक्रबार सडक स्तरोन्नतिको शुभारम्भ गर्दै लुम्बिनी प्रदेश सभा अर्थ, उद्योग तथा पर्यटन समितिका सभापति राजुप्रसाद श्रेष्ठले रामपुर नगरलाई व्यवस्थित सहरका रूपमा विकास गर्न प्रदेशले प्राथमिकताका साथ बजेट विनियोजन गर्दै आएको बताउनुभयो। मुलुकको परिस्थितिसँगै समयमा बजेटको व्यवस्थापन नहुँदा कतिपय आयोजना प्रभावित बनेको बताउँदै उहाँले सञ्चालनमा रहेका आयोजनाका लागि आवश्यक बजेट व्यवस्थापनको पहल गर्ने बताउनुभयो।

सडक पूर्वाधार विकास कार्यालय तानसेनका प्रमुख वासुदेव भण्डारीले आयोजनामार्फत दुई हजार सात सय मिटर सडक पिचसँगै दुई सय मिटर सडक ढलान र आवश्यक स्थानमा मेसिनरी वाल तथा नाली निर्माण हुने बताउनुभयो।

# विद्यालय एक प्रधानाध्यापक तीन



जमुनी माविमा पठनपाठन गरिँदै ।

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, कात्तिक २९ गते*

तिनै जनाले आफूलाई वैधानिक प्रधानाध्यापक बताउँदै विद्यालयको कागजपत्र कब्जा गर्ने प्रयास गर्दा विद्यालयको पठनपाठन अवरुद्ध

बाँकेको दुर्गम क्षेत्र मानिने नरैनापुर गाउँपालिकामा रहेको एक सरकारी विद्यालयमा तीन जना शिक्षकले आफूलाईप्रधानाध्यापक भएको दाबी गरेपछि विवाद बढ्दै गएको छ। तीन जनाले आफूलाई प्रधानाध्यापक भएको दाबी गरेपछि पठनपाठन अवरुद्धसमेत हुन थालेको छ। यस्तो खालका समस्या आएपछि गाउँपालिकाले चासो दिएको छ।

पालिकाका अनुसार नरैनापुर–६ को जमुनी माध्यमिक विद्यालयमा विगत केही महिनादेखि सो विद्यालयका तीन शिक्षक अम्बरलाल यादव, अफसर अली मुकेरी र सन्देश शर्माले आफूलाई प्रधानाध्यापक घोषित गरी काम गर्न खोजेपछि विद्यालयको पठनपाठन अवरुद्ध भई दैनिक जसो विवाद हुने गरेको थियो।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवराज ओलीले तिनै जनाले आफूलाई वैधानिक प्रधानाध्यापक बताउँदै विद्यालयको कागजपत्र कब्जा गर्ने प्रयास गर्दा सो विद्यालयको पठनपाठन अवरुद्ध भएको बताउनुभयो। उहाँले विद्यालयको विवाद गाउँपालिकामा पुगेपछि पालिकाले सोबारेमा अध्ययन अनुसन्धान गरेर तत्काल लागु हुने गरी अम्बरलाल यादवलाई जमुनी माध्यमिक विद्यालयको प्रधानाध्यापकमा नियुक्त गरेको छ। यादवको प्रधानाध्यापकमा नियुक्तिसँगै अफसर अली मुकेरीको काज फिर्ता गरिएको र सन्देश शर्मालाई सोही विद्यालयमै रहेर शिक्षण गर्न निर्देशन दिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओलीले बताउनुभयो।

स्थानीय अभिभावक हरिहर यादवले तीन जनाले प्रधानाध्यापक दाबी गर्दा विद्यालयमा पढाइ रोकिएको र कुर्सी तथा रजिस्टर तानातान हुँदै आएको जनाउँदै बालबालिका विद्यालय जानै छाडेको सुनाउनुभयो।

नरैनापुर गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहले स्थानीय सरकार गठन हुनुभन्दाअघि पालिकामा रहेका अधिकांश विद्यालयको अवस्था निकै चिन्ताजनक रहेको बताउँदै गत आठ वर्षको अवधिमा सुधारका प्रयास भएका दाबी गर्नुभयो। उहाँले अझै पनि जमुनी माविमा प्रधानाध्यापकका लागि वादविवाद भइरहेको बताउनुभयो।

# सवारी नवीकरण र रुट परमिटमा सास्ती

**रेसुङ्गा समाचारदाता**
*रेसुङ्गा (गुल्मी), कात्तिक २९ गते*

यातयात व्यवसायीले सवारीसाधन नवीकरण र रुट परमिट लिन गुल्मीबाट पाल्पा तथा बुटवल धाउनुपर्ने बाध्यता रहेको छ।

गुल्मी यातायात प्रालिका सञ्चालक हिमाल कुँवरले सवारीसाधनको नवीकरण र रुट परमिट जिल्लाबाटै पाउने व्यवस्था नभएकाले टाढा गएर काम गर्नुपर्ने बाध्यता रहेको बताउनुभयो। उहाँले जिल्लामै यस्तो व्यवस्था मिलाउन जिल्लाका सरोकारवाला निकाय र नेतृत्वलाई आग्रह पनि गर्नुभयो।

समय र खर्च व्यवस्थापन गरेर नवीकरण गर्न जिल्लाबाहिर पुग्नुपर्ने बाध्यताले कतिपयको नवीकरण नहुँदा जरिबानामा पर्ने समस्या छ। यो विषयमा आफूहरूले लामो समयदेखि माग गरे पनि सरोकारवाला निकायले नसुनेको कुँवरले गुनासो गर्नुभयो।

जिल्ला समन्वय समिति गुल्मीका प्रमुख द्रोणबहादुर खत्रीको संयोजकत्वमा बसेको मार्ग तथा भाडा निर्धारण सिफारिस समितिको बैठकमा यातायात व्यवसायीले सवारी नवीकरण र रुट परमिटका लागि पाएको सास्तीको विषयमा कुरा उठाएका थिए। लुम्बिनी प्रदेश सरकारको सवारी यातायात तथा परिवहन ऐन, २०७६ को दफा ९० मा जिल्ला समन्वय समिति प्रमुखको संयोजकत्वमा मार्ग तथा भाडा निर्धारण सिफारिस समिति रहने व्यवस्था छ।

पश्चिमाञ्चल यातायात प्रालि गुल्मीका प्रतिनिधि महेश काउछाले सवारीसाधनको सङ्ख्या अत्यधिक भएको जिल्लामा सवारीसाधनसँग सम्बन्धित प्रशासनिक सेवा जिल्लाबाहिर हुँदा व्यवसायी र आमसर्वसाधारणले सास्ती भोग्नु परेको बताउनुभयो। जिल्ला समन्वय समिति गुल्मीका प्रमुख तथा मार्ग तथा भाडा निर्धारण सिफारिस समितिका संयोजक खत्रीले बैठकबाट व्यवसायीका गुनासा सुन्ने र केही भाडा हेरफेरको कामसम्म गर्न सकिएको बताउनुभयो।

उहाँले कालोपत्रे भएका केही मुख्य सडकको भाडा समायोजन र व्यवसायीले उठाएका सवारीसाधन नवीकरण तथा रुट परमिटको विषयलाई सम्बन्धित निकायमा ध्यानाकर्षणका लागि पठाएको बताउनुभयो।

# एमालेद्वारा विभिन्न जिल्लामा प्रदर्शन

**लुम्बिनी प्रदेश ब्युरो**
*लुम्बिनी, कात्तिक २९ गते*

नेकपा (एमाले) ले लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा संविधानको रक्षा, सुशासन, शान्तिसुरक्षा र प्रतिनिधि सभा पुनर्स्थापनाको मागसहित प्रदर्शन र सभा गरेको छ।

प्रदर्शन तथा सभामा एमाले नेताले संविधानको प्रभावकारी कार्यान्वयन, सुशासन, राजनीतिक स्थिरता र युवापुस्ताको आकाङ्क्षा सम्बोधन गर्न सबै राजनीतिक दलले साझा रूपमा ध्यान दिनुपर्नेमा जोड दिएका छन्। सभामा पार्टीका शीर्ष नेताहरूले वर्तमान राजनीतिक अवस्थाको समीक्षा गर्दै लोकतान्त्रिक संस्था बलियो बनाउन संवाद, सहमति र जिम्मेवार नेतृत्व आवश्यक रहेको धारणा व्यक्त गरेका छन्।



एमाले महासचिव शङ्कर पोखरेल बोल्नुहुँदै ।

### तथ्यगत छानबिन जरुरी

बाँकेको नेपालगन्जमा आयोजित सभामा नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले राजनीतिक दलबिच स्वस्थ प्रतिस्पर्धा र राष्ट्रिय मुद्दामा सहकार्य अनिवार्य रहेको उल्लेख गर्नुभयो। उहाँले सुशासन, सेवा वितरण र स्थानीय तहको क्षमता वृद्धिका लागि सबै दलले जनताको अपेक्षा अनुसार जिम्मेवारी वहन गर्नुपर्ने बताउनुभयो।

पोखरेलले जेनजी आन्दोलनका क्रममा देखा परेका केही घटनाको अनुसन्धान पारदर्शी र तथ्यगत आधारमा हुनुपर्नेमा जोड दिनुभयो। उहाँले युवापुस्ताको ऊर्जालाई सकारात्मक दिशामा लैजान राज्यका संयन्त्र सक्रिय हुनुपर्ने बताउनुभयो। बाँकेका एमाले नेता निरक गुरुङ, शान्ता चौधरी, शान्ति ढकाललगायतले शान्तिपूर्ण राजनीतिक वातावरण निर्माणमा सबै पक्ष उत्तरदायी हुनुपर्ने बताउनुभएको थियो।

त्यसै गरी गुल्मीको तम्घासमा आयोजित प्रदर्शन र सभामा एमाले उपमहासचिव प्रदीप ज्ञवालीले संविधानको मूल मर्म अनुसार समावेशी लोकतन्त्र र आर्थिक रूपान्तरणका राष्ट्रिय लक्ष्यमा एकता आवश्यक रहेको उल्लेख गर्नुभयो। उहाँले जेनजीका माग पूरा गर्न प्रतिनिधि सभा पुनर्स्थापना गरी संविधान संशोधनको बाटो अपनाउनुपर्ने उल्लेख गर्नुभयो। ज्ञवालीले स्थानीय तहको क्षमता वृद्धि, पारदर्शी सेवा प्रवाह र उत्तरदायी शासन सबै दलको साझा जिम्मेवारी भएको बताउनुभयो।

कार्यक्रममा एमाले सचिव गोकर्ण विष्टले आमजनताका एजेन्डा र युवापुस्ताका माग बोकेर एमाले सडकमा आएको उल्लेख गर्दै संविधान र लोकतन्त्रको रक्षा एमालेकै काँधमा आएको बताउनुभयो। नेतृ रामकुमारी झाँक्रीले युवापुस्ताको आकाङ्क्षा, डिजिटल प्रविधिको उपयोग, लैङ्गिक समानता तथा अधिकार संरक्षण जस्ता विषयमा राज्यको ध्यान आवश्यक रहेको बताउनुभयो।

रुपन्देहीको बुटवलमा आयोजित सभामा एमाले सचिव छविलाल विश्वकर्माले संवैधानिक निकायको स्वायत्तता तथा कानुनी शासनलाई बलियो बनाउने आवश्यकता औँल्याउनुभयो। उहाँले शान्तिसुरक्षा, विधिको शासन र नागरिक अधिकार सुनिश्चित गर्न राज्य संयन्त्र प्रभावकारी बन्नुपर्ने बताउनुभयो। उहाँले मुलुकमा भएको हिंसात्मक घटनाको छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन माग गर्नुभयो।

*छवि पाण्डे (बुटवल), गोविन्द शर्मा (बाँके) र टोपलाल अर्याल (गुल्मी) को सहयोगमा*

# अस्पताल निर्माणमा ढिलाइ

**तम्घास समाचारदाता**
*तम्घास (गुल्मी), कात्तिक २९ गते*

दुई वर्षमा बन्नुपर्ने गुल्मी अस्पतालको भवन चार वर्षसम्म पनि बन्न सकेको छैन। निर्माण व्यवसायीको ढिलासुस्तीका कारण अस्पताल बन्न नसकेको हो।

निर्माण व्यवसायीले दसैँसम्म काम सक्ने बताउँदै आएका थिए। अहिले पनि उक्त भवन निर्माणले गति लिन सकेको छैन। २०७८ असार १८ गते सम्झौता भई काम सुरु भएको गुल्मी अस्पताल भवनको २०८० साल असार १७ गतेसम्म सम्पन्न गर्ने गरी साढे पाँच तलाको भवन २५ करोड ९५ लाख ६४ हजार २०३ रुपियाँको लागतमा स्वच्छन्द–बानियाँ जेभी हेटौँडा मकवानपुरले निर्माणको जिम्मा पाएको थियो। निर्माण व्यवसायीका सबइन्जिनियर अरविन्द चौधरीका अनुसार हालसम्म भवन निर्माणको भौतिक प्रगति ९० प्रतिशतभन्दा सम्पन्न भएको छ।

भवनको अहिले पेन्टिङ, वायरिङ, आल्मुनियम लगाउनेलगायतका काम भइरहेका छन्। पछिल्लो समयमा देशमा उत्पन्न जेनजी आन्दोलनलगायतका कारण पनि कामले गति लिन नसक्नु र दसैँतिहार तथा छठ जस्ता पर्वले कामदार घर जाने हुँदा पनि काममा सुस्तता आएको उहाँको भनाइ छ। अहिले कामदार फर्किने क्रम जारी रहेकाले कामले गति लिने चौधरीको दाबी छ।

# गाउँघरमै प्रसूति सेवा

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, कात्तिक २९ गते*

बाँकेको दुर्गम नरैनापुर गाउँपालिकामा सुरक्षित र स्तरीय प्रसूति सेवा सञ्चालनमा आएको छ। यसअघि स्वास्थ्य सेवाको पहुँच नहुँदा नेपालगन्ज वा सीमापारि जानुपर्ने अवस्था थियो तर अहिले गाउँमै गुणस्तरीय सेवा पाउँदा सहज भएको छ।

नरैनापुर–१ स्वास्थ्य केन्द्रमा कार्यरत अनमी सामना क्षेत्रीको समर्पणले गाउँभरि स्वास्थ्य सेवाप्रति भरोसा बढाएको छ। सामना र उहाँका सहकर्मी रातदिन नवजात शिशु र आमाको स्वास्थ्य परीक्षण, प्रसूति सेवा र मातृ स्वास्थ्य सचेतनामा व्यस्त छन्। सामनाले भन्नुभयो, "नियमित स्वास्थ्य परीक्षण, सुरक्षित प्रसूति सेवा र सचेतनाले ग्रामीण महिलालाई स्वास्थ्य सेवाप्रति आत्मविश्वासी बनाएको छ।"

स्वास्थ्यकर्मीको माया र सेवाभावले गाउँमा जोखिम मोलेर घरमै बच्चा जन्माउने आमालाई स्वास्थ्य चौकीसम्म आकर्षित गरेको छ। स्वास्थ्य चौकी इन्चार्ज दिनेश मौर्यले चालु आर्थिक वर्षका चार महिनामा ७३ जना नवजात शिशुको जन्म सुरक्षित रूपमा भएको जानकारी दिनुभयो।

गाउँपालिका स्वास्थ्य संयोजक नगेन्द्रकुमार शाहका अनुसार दक्ष स्वास्थ्यकर्मी परिचालन, २४ घण्टा सेवा उपलब्ध गराइरहेको र गाउँमै आवश्यक सेवा प्रदान गर्ने क्षमताले सेवाग्राही वृद्धि भएको हो। नरैनापुर–६ मा साउनदेखि कात्तिकसम्म ८०, नरैनापुर–२ मा ४९, वडा नं. ४ मा ७३ र वडा नं. ५ मा ८९ जना आमाले सुरक्षित प्रसूति सेवा प्राप्त गरेका छन्।

गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहले स्वास्थ्यकर्मीको निरन्तर प्रयासले गाउँमा स्वास्थ्यसेवा रूपान्तरण भएको बताउनुभयो। प्रमुख प्रशासकीय अधिकृत नवराज वलीले गुणस्तरीय स्वास्थ्यसेवा प्रवाहमा सबै एकाइ र वडाध्यक्षको साझा उत्तरदायित्व आवश्यक रहेकोमा जोड दिनुभयो।

नरैनापुरमा स्वास्थ्यसेवा सुधारले दुर्गम गाउँमा पनि मातृशिशु स्वास्थ्य सुरक्षामा नयाँ आशा ल्याएको छ। विशेषज्ञ र गाउँपालिकाले निरन्तर प्रशिक्षण, उपकरण र स्वास्थ्यकर्मी परिचालन गर्दै सेवा विस्तारमा जोड दिनुले भविष्यमा अझ धेरै आमा सुरक्षित प्रसूति सुविधा पाउने विश्वास व्यक्त गरिएको छ।

**Invitation for Bids**
Government of Nepal (GoN)
Nepal Agricultural Research Council
**National Cattle Research Program, Rampur, Chitwan**
**Invitation for Electronic Bids for the Construction of compost manure pit with truss**
**Date of publication: November 16, 2025**

The **National Cattle Research Program, Rampur, Chitwan** invites electronic bids from eligible bidders for the **Construction of compost manure pit with truss** given table below. Bidders may obtain further information at the office *of* **National Cattle Research Program, Rampur, Chitwan** *telephone numbers* **056591255** *and* email address **ncrprampur@gmail.com** or may visit PPMO egp system **www.bolpatra.gov.np/egp**.

| Contract No. | Contract Name | Last Date and time of bid submission | Bid opening date and time | Bid security (Rs.) | Bid document fee (Rs.) |
|---|---|---|---|---|---|
| NCRP/SQ/Works/01-2082/83 | Construction of compost manure pit with truss work (Estimated cost Rs 15,37,135.31 without VAT & Contingency) | December 01, 2025 till 12:00 Hrs. | December 01, 2025 14:00 Hrs. | 45,000/- | 1,000/- |

Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the bank **Nepal Bank Limited, Rampur, Chitwan** Account No: **08500101200532000001** Name of office: **Rastriya Gai Anusandhan Karyakram, Rampur, Chitwan.**

**Kathmandu Metropolitan City**
**काठमाडौं महानगरपालिका**
**Office of the Municipal Executive**
**Kathmandu Plaza, 3rd Floor, Kamaladi**
**Kathmandu, Bagmati Province, Nepal**

**Invitation for Electronic Bids**
**Date of Publication : 2082-07-30**

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive, ward Office-13, has allocated funds from its own resources & GoN towards the cost of the following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Kathmandu Metropolitan City, Office of the Municipal Executive, ward Office-13 invites electronic bids from eligible bidders for the following works.

| IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting | Estimate Amount (NRs.) (Without VAT, P.S. and Contingencies) |
|---|---|---|---|---|---|---|---|
| 01-01-082-83-NCBW-WARD13-KMC | Reconstruction and Rehabilitation of Dhaneshwor Temple | 3,000.00 | 3,25,000.00 (Rupees Three Lakh Twenty Five Thousand Only) | 2082-09-01 12:00 hour 2025-12-16 | 2082-09-01 14:00 hour 2025-12-16 | 2082-08-21 14:00 hour 2025-12-07 | 1,03,85,016.46 |
| 01-02-082-83-NCBW-WARD13-KMC | Reconstruction and Rehabilitation of Shiva Panchayan Temple | 3,000.00 | 1,10,000.00 (Rupees One Lakh Ten Thousand Only) | 2082-09-01 12:00 hour 2025-12-16 | 2082-09-01 14:00 hour 2025-12-16 | 2082-08-21 14:00 hour 2025-12-07 | 36,10,598.40 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Procurement Unit, Kathmandu Metropolitan City, Office of the Municipal Executive, ward Office-13, Kalimati, Bagmati Province, Nepal during office hours or may visit PPMO website **www.bolpatra.gov.np/egp**.
4. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: **www.bolpatra.gov.np/egp**. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the **NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, Account No. - 0012050061475043.**
5. Pre-bid meeting shall be held at Kathmandu Metropolitan City, Office of the Municipal Executive, ward Office-13, Kalimati, Kathmandu, Bagmati Province, Nepal **on above mentioned date and time**.
6. Electronic bids must be submitted to the office Procurement Unit, Kathmandu Metropolitan City, Office of the Municipal Executive, ward Office-13, Kalimati, Kathmandu, Bagmati Province, Nepal through PPMO website **www.bolpatra.gov.np/egp** on or before above mentioned date and time. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office of Kathmandu Metropolitan City, Office of the Municipal Executive, ward Office-13, Kalimati, Kathmandu, Bagmati Province, Nepal. Bids must be valid for a period of 120/90 days after bid opening (45 days for Sealed Quotation) and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in **Kathmandu Metropolitan City, Deposit account, NIC Asia Bank Ltd., Account No. 0012050061493005.**
9. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.

**Procurement Unit**
**Ward Office-13**

# हट्यो बार्दलीमा पढ्नुपर्ने बाध्यता

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, कात्तिक २९ गते*

भिरकोट नगरपालिका अन्तर्गतको गढीभन्ज्याङ आधारभूत विद्यालयमा बार्दली र सिँढीमा विद्यार्थीले पढ्नुपर्ने बाध्यता अन्त्य भएको छ। यहाँ नगरपालिकाको सहयोगमा दुईकोठे नयाँ भवन बनेपछि लामो समयबाट बार्दली र सिँढीमा पढ्नुपर्ने विद्यार्थीको बाध्यता हटेको हो।

जिल्लामा पहिलो पटक बालमैत्री घोषणा भएको भिरकोट नगरपालिकामा २०७२ सालको भूकम्पमा परी विद्यालय भवनमा क्षति पुगेपछि सिँढी र बार्दली नै कक्षाका रूपमा प्रयोग गरिएको थियो। शिशुदेखि कक्षा ३ सम्म पढाइ हुने यो विद्यालयमा कक्षाकोठाको अभावमा सात वर्षसम्म सिँढी र बार्दलीमा विद्यार्थी पढाउनुपर्ने बाध्यता बनेको थियो।

विद्यालयका प्रधानाध्यापक सरला विकले आर्थिक वर्ष २०८१/८२ को बजेटमा दुईकोठे भवन निर्माण भएपछि बार्दली र सिँढीमा पढाउनुपर्ने बाध्यता अन्त्य भएको बताउनुभयो। नगरपालिकाले कक्षाकोठा निर्माणका लागि पाँच लाख रकम विनियोजन भएकोमा पाँच लाख २० हजार लागतमा टिनले छाएको दुईकोठे भवन निर्माण सम्पन्न भएपछि कक्षाकोठामा नै पठनपाठन सुरुवात गरेको विकले बताउनुभयो।

# सेनाको स्वास्थ्य शिविर

**म्याग्दी समाचारदाता**
*म्याग्दी, कात्तिक २९ गते*

म्याग्दीको बेनी नगरपालिका अर्थुङ्गेमा रहेको नेपाली सेनाको गुरु गोरख गुल्म अर्थुङ्गे ब्यारेकको अग्रसरतामा भएको स्वास्थ्य शिविरबाट सर्वसाधारणले स्वास्थ्य सेवा लिएका छन्। पश्चिम म्याग्दीको धवलागिरि गाउँपालिका-७, ताकममा भएको स्वास्थ्य शिविरमा १८४ जनाले स्वास्थ्य सेवा लिएका हुन्। उक्त स्वास्थ्य शिविरमा दन्त चिकित्सा, आँखा, कान, जनरल जाँचलगायतका सेवा प्रदान गरिएको थियो।

किसानको गुनासो

# बाँदर आतङ्क रोकिएन

**बागलुङ समाचारदाता**
*बागलुङ, कात्तिक २९ गते*

जैमिनी नगरपालिकाभित्रका स्थानीयले आफ्नो घरआँगनको सरकारले जनताका आवश्यकता अनुसार काम गर्न नसकेको गुनासो व्यक्त गरेका छन्। नगरपालिकाले समयमा मल र बिउ वितरण गर्न नसकेको, कृषि बालीमा क्षति पुग्दा क्षतिपूर्ति नपाएको र स्वास्थ्य बिमाबाट औषधी पाउन कठिन भएको स्थानीयले गुनासो गरेका छन्।

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिकका लागि जैमिनी नगरपालिका-६, अर्जेवामा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रमका सहभागीले अत्यावश्यक सेवामा नगरपालिकाले नागरिकको हितमा काम गर्नुपर्ने सुझाव दिएका छन्। उनीहरूले कृषि क्षेत्रलाई बचाउन नसके बसाइँसराइको लहर अझै बढ्न सक्ने पनि बताएका छन्।

बाँदर आतङ्कले किसानलाई हैरान पारेकोमा नगरपालिकाले खासै काम गर्न नसकेको गुनासो पोखेका यहाँका किसानले समयमै मल, बिउ पाउने व्यवस्था मिलाउन आग्रह पनि गरेका छन्। झाडी र बुट्यान हटाउने काममा नगरपालिकाले साथ नदिएको, मल र बिउ समयमा नआएको र प्राकृतिक रूपमा पनि खडेरी, हावाहुरी र असिना जस्ता प्रकोपले सताएको कार्यक्रममा उपस्थित अधिकांश स्थानीयको गुनासो छ। त्यसका लागि किसानको बाली बिमा हुनुपर्नेसमेत अधिकांशको भनाइ छ। किसानले समयमा मल र बिउ पाउन नसकेकाले उत्पादनमा असर परेको यहाँका किसानले पीडा पोखेका छन्।

स्थानीय तिलक थापाले पटक/पटक नगरपालिकामा आवाज उठाएपछि ढिलो गरी मल प्राप्त भएको बताउनुभयो। बिमा गरेकाले पनि समयमा औषधी नपाएकाले नगरपालिकाले अत्यावश्यक सेवामा चासो राख्ने र सेवा प्रवाहमा असर परेको देखिएमा हस्तक्षेप गर्नुपर्ने थापाले सुझाव दिनुभयो। उहाँले कृषि प्राविधिक किसानको घरदैलोमा नगएकोसमेत टिप्पणी गर्नुभयो। नगरपालिकाले दिएको सवारीसाधन घर र सदरमुकाम जान मात्र नभई फिल्डमा जानसमेत प्रयोग गर्न आग्रह गर्नुभयो।



सार्वजनिक सुनुवाइ कार्यक्रमका सहभागी।

कार्यक्रममा जैमिनी नगरपालिका-६ का दलबहादुर थापाले बाँदर आतङ्कले खेतीपातीमा असर परेको गुनासो गर्दै प्राकृतिक स्रोतसाधन उत्खननमा नगरपालिकाले अनुगमन गर्न नसकेको बताउनुभयो। कार्यक्रमका अर्का सहभागी चित्रबहादुर थापाले नगरपालिकामा बेरुजु बढ्दै गएको भन्दै विकासनिर्माणका लागि आएको बजेटको सदुपयोग हुनुपर्ने माग राख्नुभयो।

नगरप्रमुख नरबहादुर पुनले कानुन संशोधन अभावमा विकासका काम रोकिएको भन्दै बाँदरको आतङ्क नियन्त्रण र रुख बुट्यान काट्ने काम कानुनी समस्याले असर परेको बताउनुभयो। त्यस्तै औषधी र कृषि मलबारे आएको समस्याको समाधानमा तत्काल पहल गर्ने र आगामी दिनमा अप्ठ्यारो पर्न नदिने पुनले आश्वासन दिनुभएको छ।

नगर उपप्रमुख हरिहर शर्माले कृषि सडक कालोपत्रे गरेर किसानका उत्पादनलाई बजारसम्म लैजाने योजनासहित एसियाली विकास बैङ्कको सहयोगमा कालोपत्रे गर्ने लक्ष्यमा लागेको बताउनुभयो। उहाँले बजेट व्यवस्थापन गरेर अन्य धेरै विकासका कामलाई अगाडि बढाउने सोचबारे समेत जानकारी गराउनुभएको थियो।

पर्यटन प्रवर्धन र कालीगण्डकी कोरिडोरको उपयोग गर्ने अभियानमा स्थानीयलाई समेत जागृत गराउने उहाँको भनाइ थियो। प्रमुख प्रशासकीय अधिकृत श्रीकृष्ण पौडेलले बेरुजु कम गर्न पहल भएको, सैद्धान्तिक बेरुजुबाहेक अन्य न्यूनीकरण भएको, सार्वजनिक खरिद ऐनका कारण आएका समस्या समाधान गर्ने र ठेकेदारलाई काममा फर्काएर अलपत्र काम पूरा गर्ने प्रतिबद्धता जनाउनुभयो।

# चिसो बढेसँगै बेँसी झरे चौँरी

**मनाङ समाचारदाता**
*मनाङ, कात्तिक २९ गते*

मनाङका लेकबाट चौँरी तथा भेडाच्याङ्ग्रा बेँसीतर्फ सरेका छन्। डेढ हप्ताअघिको भारी हिमपात र अत्यधिक चिसोका कारण किसानले आफ्ना पशु तल्लो क्षेत्रमा सारेका छन्।

लेकमा चरन क्षेत्र पूरै हिउँले ढाकिएपछि र पानीका मुहान जमेपछि पशुलाई चिसोबाट जोगाउन बेँसीका न्यानो स्थानमा लगिएको किसानले बताएका छन्। मनाङमा चौँरी र भेडाबाख्राको व्यवस्थापन बर्सेनि यही तरिकाले गर्ने गरिन्छ। हिमपात सुरु भएपछि कात्तिकदेखि जेठसम्म पशुवस्तुलाई बेँसीमा झारिन्छ र हिउँ पग्लेर गर्मी सुरु भएपछि वैशाखदेखि कात्तिक मसान्तसम्म खर्कमा पुर्‍याइन्छ।

मनाङ डिस्याङका पशुपालक कृषक सगर गुरुङले उच्च हिमाली क्षेत्रमा चिसो बढ्नुका साथै घाँसको अभाव भएकाले आफ्ना सबै पशुचौपाया बेँसी झारेको बताउनुभयो। लेकमा हिमपातका कारण चरन क्षेत्रको अभाव हुने, घाँस, पानी र आहाराको व्यवस्थापनमा समस्या हुने तथा गोठालालाई पनि चिसोले सास्ती दिने भएकाले चौँरी तथा भेडाच्याङ्ग्रालाई बेँसीमा झारिएको उहाँको भनाइ छ।

हिमपात र जाडो छल्न नार्पाभूमि गाउँपालिकाका लेकबाट चौँरी तथा भेडाबाख्रा बेँसी झारिएको नार्पाभूमि-२ का अर्का कृषक सुनील गुरुङले बताउनुभयो। आफ्ना ३५ चौँरीलाई लेकबाट गाउँनजिकै झारिएको उहाँले जानकारी दिनुभयो।

हिउँदयाममा चौँरीको रेखदेखमा समस्या हुने र लेकमा घाँस तथा खानेपानीको समस्या हुने भएकाले बेँसीमा सार्नु परेको नार्सों गाउँपालिका-८ का वडाध्यक्षसमेत रहेका यादव घलेले बताउनुभयो। घलेले चौँरीसँगै भेडाबाख्रा र च्याङ्ग्रा पनि गाउँमै झारिएको उहाँको भनाइ छ। हिउँदमा मलका लागि पनि गाउँमै गोठ राख्नु परेको घलेले बताउनुभयो।

पछिल्लो समय हिमाली क्षेत्रमा परम्परागत संस्कृतिका रूपमा रहेको व्यावसायिक चौँरीपालन जलवायु परिवर्तनका कारण सङ्कटमा पर्न थालेको छ। जलवायु परिवर्तनका कारण अनुकूल मौसममा हिउँ नपर्नु, लेकको चरन क्षेत्रमा घाँसको अभाव हुनु र हिमचितुवालगायतका वन्यजन्तुको आक्रमणबाट चौँरीलगायतका घरपालुवा पशुचौपायामा क्षति हुँदै जाने जोखिमले गर्दा यहाँको परम्परागत चौँरीपालन व्यवसाय सङ्कटमा पर्न थालेको हो।

मनाङका किसानले चौँरीको दुधबाट दही, घिउ र छुर्पीलगायतका परिकार बनाउँछन् भने चौँरीको पुच्छर हिन्दु धर्मावलम्बीहरूले पूजाकोठामा राख्ने भएकाले यो महँगो मूल्यमा बिक्री हुन्छ।



# नयाँ मतदान केन्द्र सिफारिस

**तनहुँ समाचारदाता**
*तनहुँ, कात्तिक २९ गते*

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई थप सहज बनाउने उद्देश्यले तनहुँको ऋषिङ गाउँपालिकामा दुई नयाँ मतदान केन्द्र सिफारिस गरिएको छ। प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीको संयोजकत्वमा रहेको जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिमा स्थानीय तहबाट आएको प्रस्तावका आधारमा मतदान केन्द्र थप्ने प्रक्रिया अघि बढाइएको हो। प्रजातान्त्रिक अभ्यासलाई सुगम बनाउने जिम्मेवारीसहित गठित समितिलाई आवश्यक परे सिफारिस पठाउन निर्वाचन आयोगले दिएको निर्देशन अनुसार ऋषिङ गाउँपालिका-४ र ६ ले नयाँ केन्द्रका लागि प्रस्ताव गरेका हुन्।

दुवै वडामा यसअघि एक/एक मतदान केन्द्र रहेका थिए। गाउँपालिका भौगोलिक रूपमा विकट हुनुका कारण धेरै मतदातालाई मतदान स्थलसम्म पुग्न दुई घण्टाभन्दा बढी समय लाग्ने अवस्था रहेकाले केन्द्र थप्न आग्रह गरिएको प्रजिअ अधिकारीले बताउनुभयो। मतदातालाई सहज पहुँच हुने गरी केन्द्र विस्तार आवश्यक रहेको भन्दै सोही अनुरूप सिफारिस आएको उहाँले स्पष्ट पार्नुभयो।सिफारिसपछि जिल्ला सुरक्षा समितिको टोलीले प्रस्तावित स्थानको स्थलगत अनुगमन पूरा गरिसकेको छ। निर्वाचन आयोगले कात्तिक ३० गतेभित्र मतदान स्थल तथा केन्द्रको सूची बनाई आयोगमा पठाउन निर्देशन दिएकाले आवश्यक तयारी तीव्र गरिएको निर्वाचन अधिकारी विकास लम्सालले बताउनुभयो।

लम्सालका अनुसार तनहुँका दुई वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा हाल ३०५ मतदान केन्द्र रहेका छन्। २०८२ असोज ८ गतेसम्म जिल्लामा कुल दुई लाख ४७ हजार चार मतदाता दर्ता भएका छन्। तीमध्ये महिला एक लाख २७ हजार ९१५ र पुरुष एक लाख १९ हजार ८९ जना छन्। निर्वाचन मिति नजिकिँदै जाँदा नयाँ मतदाता दर्ता गराउनेको भिड बढ्दै गएको छ। कात्तिक ३० गतेसम्मको समयावधि रहेकाले जिल्ला निर्वाचन कार्यालय तनहुँमा नामावली दर्ताका लागि नागरिकको घुइँचो लागेको लम्सालले जानकारी दिनुभयो।

**चन्द्रागिरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बलम्बु, काठमाडौं**

**बोलपत्र अस्वीकृत गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति २०८२/०७/३०**

यस कार्यालयबाट मिति २०८२/०३/०४ गते आव्हान गरिएको बोलपत्र **Supply, Delivery & Installation of AC Street Light in Chandragiri Municipality (Contract Id No.: CM/NCB/GOODS/13/2081/082)** का लागि पेश भएका सम्पूर्ण बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही बोलपत्र नभएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २६ बमोजिम सम्पूर्ण बोलपत्रहरु अस्वीकृत गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**चन्द्रागिरि नगरपालिका**

# निर्माणाधीन पुल अलपत्र

**सुलीकोट समाचारदाता**
*सुलीकोट, कात्तिक २९ गते*

गोरखाको बारपाक सुलीकोट गाउँपालिकामा निर्माणधीन जराङखोला मोटरेबल पुल लामो समयदेखि अलपत्र छ। काममा देखिएको ढिलासुस्तीका कारण स्थानीय असन्तुष्ट रहेका बेला निर्माणस्थल जराङखोलामा बिहीबार स्थलगत अनुगमन गरी पुनर्निर्माणको काम अघि बढाउने तयारी गरिएको हो। पुल निर्माण कार्यमा लापर्बाही देखिएको भन्दै गुनासो बढेपछि पूर्वाधार कार्यालय गोरखा, बारपाक सुलीकोट गाउँपालिका र निर्माण कम्पनीका ठेकेदारका प्रतिनिधि पुल निर्माणस्थलमै उपस्थित भएर स्थलगत बैठक गरेका हुन्।

उक्त बैठकमा बारपाक सुलीकोट गाउँपालिकाका अध्यक्ष विष्णु भट्ट, वडा नम्बर-८ का अध्यक्ष शरण गुरुङ, भीमसेन थापा गाउँपालिका-१, मसेलका अध्यक्ष विकास श्रेष्ठसाथै स्थानीय अगुवाको पनि सक्रिय सहभागिता रहेको थियो। बैठकको क्रममा बारपाक सुलीकोट गाउँपालिकाका अध्यक्ष भट्टले पुलको निर्माण अत्यावश्यक भएकाले अब ढिलाइ अस्वीकार्य हुने चेतावनी दिँदै स्थानीयको भरोसा कायम राख्नुपर्ने उहाँले बताउनुभयो।

बारपाक सुलीकोट गाउँपालिकाका अध्यक्ष विष्णु भट्ट, पूर्वाधार कार्यालय गोरखाका प्रतिनिधि मोहन श्रेष्ठ र निर्माण कम्पनीका तर्फबाट राजेश शाहसहितको बैठकले संयुक्त रूपमा निर्णय गर्दै फागुन मसान्तसम्म सम्पन्न गर्ने सहमति भएको पूर्वाधार कार्यालय गोरखाले जनाएको छ। पुल निर्माण रोकिँदा बारपाक सुलीकोट गाउँपालिका र भीमसेन थापा गाउँपालिकाका बासिन्दालाई आवागमनमा ठुलो समस्या भएकाले निर्माण कम्पनीले अबदेखि निरन्तर काम अघि बढाउनुपर्ने जनप्रतिनिधिको भनाइ छ।

निर्माणाधीन स्थलमा उपस्थित पूर्वाधार कार्यालय गोरखाका साइट इन्जिनियर मोहन श्रेष्ठसहितको टोलीले पनि रोकिएको काम तत्काल पुनः सुरु गरी तीव्र गतिमा पुल निर्माण सम्पन्न गर्न सहजीकरण गर्ने प्रतिबद्धता जनाउनुभयो। जराङखोला मोटरेबल पुल बारपाक सुलीकोट गाउँपालिका-८ र भीमसेन थापा गाउँपालिका-१, मसेल जोड्ने महत्त्वपूर्ण पूर्वाधार परियोजना हो।

**त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौं**

**सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२/०७/३०**

यस अस्पतालको तल उल्लिखित स्थानमा निम्नानुसारको कार्य गर्न सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। सिलबन्दी दरभाउपत्र खरिद गर्न इच्छुक इजाजत पत्र प्राप्त फर्मले हिमालयन बैंक लि., महाराजगञ्ज, काठमाडौँको चल्ती हिसाब खाता नं. ००२००५५३६५००१८ मा दुई वटै कार्यको छुट्टाछुट्टै रु. १,०००/- का दरले फाराम दस्तुर बापतको रकम जम्मा गरी (फिर्ता नहुने गरी) सक्कल भौचर यस अस्पतालको योजना, निर्माण तथा कार्यक्रम शाखामा बुझाई दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। Vinyl Flooring कार्यका लागि दरभाउपत्रसँगै अनिवार्य रूपमा नमूना पेश गर्नुपर्नेछ। विस्तृत जानकारीका लागि यस अस्पतालको योजना, निर्माण तथा कार्यक्रम शाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

| क्र.सं. | टेन्डर नं. | दरभाउपत्रको विवरण | बुझाउने अन्तिम मिति र समय | खोल्ने मिति, समय र स्थान | जमानत रकम |
|---|---|---|---|---|---|
| १. | (TUTH/sealed quotation/work/PB-21/2082-083) | Truss Shade Construction in Hemodialysis | २०८२।०८।१४ गते १२:०० बजेसम्म | २०८२।०८।१४ गते ०१:०० बजे योजना शाखा | रु. ३९,६००/- |
| २. | (TUTH/sealed quotation/work/PB-22/2082-083) | Vinyl Flooring of OT | २०८२।०८।१४ गते १२:०० बजेसम्म | २०८२।०८।१४ गते ०१:०० बजे योजना शाखा | रु. ४६,०००/- |

**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८२।०७।३०**

यस नगरपालिकाको कार्यालयबाट प्रथम पटक प्रकाशित मिति २०८२।०७।०२ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका तथा इ-बिड मार्फत प्रकिशत बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रित पूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्याङ्कनबाट सारभूत रुपमा न्यूनतम मूल्याङ्कित प्रभावग्राही देखिएको देहाय बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि.नं. | ठेक्का आई.डि. नं. | विवरण | छनौट गरिएका बोलपत्रदाता | स्वीकृत बोलपत्रको रकम (मु.अ. कर सहित) |
|---|---|---|---|---|
| १ | DKMUN-SQ-GOODS-01-2082-83 | Supply & Delivery of various type of Medi cines & Surgical Goods | Bioplus Medico Pvt Ltd., Kuleshwor- 14, Kathmandu | रु. ९,६४,११६।८४ (अक्षरेपी रु. नौ लाख चौसट्ठी हजार एक सय सोह्र रुपैयाँ पैसा चौरासी मात्र) |

**प्रमूख प्रशासकीय अधिकृत**

**भरतपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भरतपुर, चितवन**
**मिति : २०८२।०७।३०**

**प्रस्ताव आह्वान सम्बन्धी सूचना**

सार्वजनिक निजी साझेदारी विधिबाट भरतपुर महानगरपालिकाको लायन्स चोकमा विकास हुने बहुउद्देश्यीय व्यावसायिक भवन (भरतपुर मेट्रो प्लाजा) का लागि प्रस्ताव पेश गर्नका लागि भरतपुर महानगरपालिकाले योग्यता पुगेका इच्छुक निजी क्षेत्रका लागि यो प्रस्ताव आह्वान गरिएको छ।

| क्र.सं. | प्रस्ताव सङ्केत नं. | परियोजनाको नाम | अनुमानित लागत (रु.) | प्रस्ताव सम्बन्धी कागजात शुल्क (रु.) | प्रस्ताव पेश गर्ने अन्तिम मिति | प्रस्ताव मान्य हुने अवधि | प्रस्ताव जमानत (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | PPP/01/082/083 | बहुउद्देश्यीय व्यावसायिक भवन - भरतपुर मेट्रो प्लाजा | (८०-१००) करोड | २५,००० | २०८२/१०/०२ गते दिनको १२:०० बजे | १२० दिन | २५,००,००० |

प्रस्ताव पेश गर्न चाहने निजी क्षेत्रले प्रस्ताव सम्बन्धी कागजात महानगरको आधिकारिक वेबसाइटबाट डाउनलोड गरी अध्ययन पश्चात् प्राविधिक र वित्तीय सर्तको योग्यता पुग्ने सबै आवेदकहरूले भरतपुर महानगरपालिकाको कार्यालयको छाप र सम्बन्धित अधिकारीको हस्ताक्षर भएको प्रस्ताव सम्बन्धी कागजातहरू तोकिएको दस्तुर (फिर्ता नहुने गरी) राष्ट्रिय वाणिज्य बैंक भरतपुर शाखामा रहेको महानगरको राजस्व खाता नं. १३१०१००३०१०१०००२ मा जम्मा गरेको भौचर सहित भरतपुर महानगरपालिका कार्यालयबाट मिति २०८२/०९/३० गते कार्यालय समयभित्र खरिद गरी सो कागजातमा उल्लेख भए बमोजिमका विवरणहरू भरी सिलबन्दी रूपमा भरतपुर महानगरपालिकामा मिति २०८२/१०/०२ गते दिनको १२:०० बजेसम्म प्राविधिक तथा वित्तीय सम्भाव्यता प्रतिवेदन सहितको प्रस्ताव पेश गर्नुपर्नेछ। साथै २०८२/१०/०२ गते दिनको २:०० बजे भरतपुर महानगरपालिकाको कार्यालयमा आधिकारिक प्रतिनिधिहरूको रोहवरमा प्रस्ताव खोलिनेछ। प्रस्ताव जारी गर्दैमा कुनै एउटा आवेदकलाई परियोजनाका लागि छनोट गर्न बाध्य हुने छैन तथा पेश भएका कुनै वा सबै प्रस्तावहरू इन्कार गर्ने वा कुनै कारण विना प्रस्ताव रद्द गर्ने अधिकार कार्यालयमा निहित रहनेछ।

-यसमा उल्लेख भएका कुराहरूमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा भरतपुर महानगरपालिकाको निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ तथा नियमावली २०७७, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, भरतपुर महानगरपालिकाको नगर कार्यपालिकाको बोर्ड बैठकको निर्णयहरू र नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ।

**अन्य थप जानकारी भरतपुर महानगरपालिका कार्यालयको कार्यालयबाट लिन सकिनेछ।**

**सम्पर्क न.:- ०५६ -५२१०८०,०५६-५२०७२०,ईमेलः kharid.bmc@gmail.com**

**सार्वजनिक निजी साझेदारी एकाइ, भ.म.न.पा**

**Kathmandu Metropolitan City**
**काठमाडौं महानगरपालिका**
**Office of the Municipal Executive**
**Mechanical and Equipment Division, Teku**
**Kathmandu, Bagmati Province, Nepal**

**Invitation for Electronic Bids**

**Notice No. 08-082-83-NBCG-MECH-KMC**
**Date of Publication : 2082-07-30**

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.

| IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting |
|---|---|---|---|---|---|---|
| 08-09-082-83-NCBG-MECH-KMC | Supply and Delivery of ***Electric Double Cab Pick Up*** at KMC | 3,000.00 (Three Thousand Only) | NRs 3,90,000.00 (Rupees Three Lakhs Ninty Thousand Only) | 2082-09-01 12:00 hour | 2082-09-01 14:00 hour | 2082-08-19 14:00 hour |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Mechanical and Equipment Division, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Teku, Kathmandu, Bagmati Province, Nepal during office hours or may visit PPMO website **www.bolpatra.gov.np/egp**.
3. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: **www.bolpatra.gov.np/egp.** Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the **NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, Account No. - 0012050061475043.**
4. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.
5. Matters not covered under this document will be as per the Public Procurement Act 2063, Public procurement Regulations 2064 & Kathmandu Metropolitan Public Procurement Regulations 2079 (1st Revision 2080).

**Environment Management Department**
**Mechanical and Equipment Division**

# मुख्यमन्त्री यादवद्वारा वार्तामा बस्न आग्रह

**जनकपुरधाम समाचारदाता**
*जनकपुरधाम, कात्तिक २९ गते*



तस्बिर : लक्ष्मी चौधरी

**प्रदेशवासीका नाममा सम्बोधन गर्नुहुँदै मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादव ।**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले शनिबार जनकपुरधामस्थित मुख्यमन्त्री निवासबाट प्रदेशवासीको नाममा सम्बोधन गर्दै वर्तमान राजनीतिक परस्थितिबारे आफ्नो धारणा सार्वजनिक गर्नुभएको छ।

सम्बोधनका क्रममा उहाँले मधेशमा जारी आन्दोलन अन्त्य गर्न संवाद र सहकार्य नै एक मात्र मार्ग भएको जकिर गर्दै आन्दोलनरत दललाई वार्ताको टेबलमा आउन अपिल गर्नुभएको हो।

मुख्यमन्त्री यादवले सडक सङ्घर्षले समस्याको समाधान नहुने उल्लेख गर्दै भन्नुभयो, "सडकमा आन्दोलन गर्नुभन्दा आउनूस्, बसेर वार्ता गरौं, समस्याको समाधान मिलेर खोजौं," उहाँले आफ्नो कुनै पनि दलसँग प्रतिस्पर्धा नभएको स्पष्ट गर्दै मधेशमा देखिएको गरिबी, प्रदेशको शान्तिसुरक्षा र समृद्धि नै आफ्नो प्राथमकिता रहेको बताउनुभयो।

उहाँले कोशी प्रदेशमा समेत राजनीतिक असन्तुष्टि हुँदाहुँदै दलहरू सडक सङ्घर्षमा नउत्रिएको उदाहरण प्रस्तुत गर्दै मधेशमा पनि संयमता र राजनीतिक परिपक्वता देखाउन आग्रह गर्नुभयो। साथै नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एस) का नेता–कार्यकर्तालाई पार्टी मार्ग निर्देशन अनुसार व्यवहार देखाउन आग्रह गर्नुभयो।

सम्बोधनमा उहाँले भारतीय दूतावासको हस्तक्षेप भएको आरोप पनि मुख्यमन्त्री यादवले सार्वजनिक गर्नुभयो। उहाँले जेनजी आन्दोलनपछि सङ्घ र प्रदेशमा सरकार गठनको बेला मन्त्री चयनमा समेत भारतीय दूतावासको चासो देखिएको दाबी गर्नुभयो। आफू र आफ्ना मन्त्रीहरू सुरक्षा चुनौतीमा रहेको पनि उहाँले उल्लेख गर्नुभयो। उहाँले आफ्नो नियुक्तिको विषय अदालत गइसकेकाले अदालतको निर्णय आफूलाई मान्य हुने बताउनुभयो।

साथै मुख्यमन्त्री यादवले नयाँ पहलको घोषणा गर्दै अबदेखि प्रत्येक बिहान ७:१५ देखि ८ बजेसम्म जनतासँग मुख्यमन्त्री' कार्यक्रम सञ्चालन गर्ने जानकारी गराउनुभयो। यसमार्फत आमनागरिकसँग प्रत्यक्ष संवाद गरी समस्या तथा सुझाव सुन्ने उद्देश्य रहेको बताइएको छ।

## दलीय गठबन्धनद्वारा प्रदर्शन

**धनुषा समाचारदाता**
*जनकपुरधाम, कात्तिक २९ गते*

नेपाली कांग्रेससहितका सातदलीय गठबन्धनका नेता कार्यकर्ताले शनिबार मधेश प्रदेश सभा भवनअगाडि प्रदर्शन गरेका छन्। मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले पाँच जना प्रदेश सभा सदस्यलाई कारबाही गरेर पद खारेज गरेको विषयको विरोधमा सातदलीय गठबन्धनका नेता कार्यकर्ताले प्रदेश सभा घेराउ गरी प्रदर्शन गरेको हो।

सात दल निकट नेता तथा कार्यकर्ताले जनकपुरधामको कुवारामपुरस्थित मधेश प्रदेश सभा भवन अगाडि आज बिहान भेला भएर सभामुख रामचन्द्र मण्डलविरुद्ध नाराबाजी गर्दै प्रदर्शन गरेका थिए। उनीहरूले सभामुखमाथि महाअभियोग दर्ता गराउन गएको विषयको प्रतिशोधस्वरूप पाँच जना सदस्यलाई सभामुख मण्डलको निर्देशनमा प्रदेश सभा सचिवालयले कारबाही गरेको दाबी गरेका छन्। सात दलका नेता तथा कार्यकर्ता प्रदेश सभा घेराउ गर्न पुगेपछि प्रदेश सभा भवनअगाडि व्यापक मात्रामा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी परिचालन गरिएको छ। प्रदेश सभा बाहिर नाराबाजी भइरहँदा प्रदेश सभा हलअगाडिको खुला चौरमा उपसभामुख बबिता राउत ईशरको नेतृत्वमा सात दलनिकट प्रदेश सभा सदस्यको बैठक बसेको थियो।

बैठकमा सात दल निकटका प्रदेश सभा सदस्यले सभामुखविरुद्धमा लगिएको महाअभियोगको प्रस्तावबारे छलफल गरेका थिए। सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै उपसभामुख ईशरले सभामुखविरुद्धको प्रस्ताव उपसभामुख कहाँ आउनु प्रदेश सभा कार्य सञ्चालन नियमावलीमा नै उल्लेख भएबमोजिम आफू कहाँ आएको प्रस्तावमा तोक लगाइएको बताउनुभयो। उहाँले उक्त प्रस्तावलाई कर्मचारीले दर्ता रजिस्टरमा दर्ता गर्न खोज्दा सभामुख मण्डल निकटकै व्यक्तिले सो रजिस्टर दराजमा लुकाएपछि प्रदेश सभा सचिवालयका सचिवले नयाँ रजिस्टरमा प्रस्ताव दर्ता गरेको बताउनुभयो। उहाँले कसैमाथि प्रस्ताव दर्ता गराउने विषय कानुनी प्रक्रिया भएको भन्दै प्रक्रिया बढाउनका लागि राम्रो वातावरणको आवश्यकता भएको र सो तयार गरिदिनका लागि सबै पक्षलाई आग्रह गर्नुभयो।

# सभामुख घिमिरेद्वारा क्षतिको अवलोकन

**दमक समाचारदाता**
*दमक, कात्तिक २९ गते*



सभामुख देवराज घिमिरेले जेएनजी समूहको आन्दोलनका क्रममा झापामा भएको क्षतिग्रस्त भवन तथा सरकारी कार्यालयको स्थलगत अवलोकन गर्नुभएको छ। जेएनजी आन्दोलनका क्रममा आगजनी र तोडफोड भएको बिर्तामोड नगरपालिका, इलाका प्रहरी कार्यालय अनारमणि, जिल्ला ट्राफिक प्रहरी कार्यालय, नेकपा (एमाले), नेपाली कांग्रेस, माओवादी केन्द्रको जिल्ला कार्यालय तथा यातायात कार्यालयको उहाँले अवलोकन गर्नुभएको हो।

सभामुख घिमिरेले आन्दोलनका क्रममा उठेका माग सम्बोधन गर्नका लागि संसद् पुनर्स्थापना नै सबैभन्दा उत्तम विकल्प भएको बताउनुभएको छ। "छिटोभन्दा छिटो प्रतिनिधि सभा पुनर्स्थापना गरेर संवैधानिक प्रक्रियामा मुलकलाई लैजानु नै हितकर हुन्छ," उहाँले भन्नुभयो। संसद् पुनर्स्थापना मुद्दालाई सर्वोच्च अदालतले शीघ्र सुनुवाइमा लैजानुपर्ने र मुलुकलाई निकास दिनुपर्नेमा उहाँले जोड दिनुभयो। "जननिर्वाचित संस्था प्रतिनिधि सभा विघटन भएपछि मुलुक गम्भीर सङ्कटतिर धकेलिएको छ," उहाँको भनाइ छ। संसद् पुनर्स्थापना गरेर अहिलेका समस्या सम्बोधन गर्न सकिने उहाँको भनाइ थियो।


## Rastriya Jeewan Beema Company Limited

(Ramshahpath, Kathmandu Ph: 01-4262520,web: rbs.gov.np)

### Quarterly Financial Results for First Quarter, F.Y. 2082/83 B.S

### CONDENSED CONSOLIDATED STATEMENT OF FINANCIAL POSITION

| Particulars | Unaudited | |
|---|---|---|
| | At the end of this Quarter | At the end of Immediate Previous Year |
| **Goodwill & Intangible Assets** | | |
| Property and Equipment | 34,294,638 | 35,298,593 |
| Investment Properties | - | - |
| Deferred Tax Assets | - | - |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investments | 56,335,090,086 | 49,517,023,515 |
| Loans | 8,601,619,284 | 8,137,256,773 |
| Reinsurance Assets | - | - |
| Current Tax Assets | - | - |
| Insurance Receivables | - | - |
| Other Assets | 7,836,312,884 | 7,184,108,922 |
| Other Financial Assets | - | - |
| Cash and Cash Equivalent | 1,412,673,575 | 5,325,742,777 |
| **Total Assets** | **74,219,990,468** | **70,199,430,580** |
| **Equity:** | | |
| Share Capital | 181,020,000 | 181,020,000 |
| Share Application Money Pending Allotment | - | - |
| Share Premium | - | - |
| Catastrophe Reserves | 19,660,812 | 19,660,812 |
| Retained Earnings | 272,032,749 | 270,820,655 |
| Other Equity | - | - |
| **Total Equity** | **472,713,560** | **471,501,467** |
| **Liabilities:** | | |
| Provisions | 930,660,469 | 930,660,469 |
| Gross Insurance Contract Liabilities | 64,137,445,412 | 60,246,929,853 |
| Deferred Tax Liabilities | - | - |
| Insurance Payable | - | - |
| Current Tax Liabilities | - | - |
| Borrowings | - | - |
| Other Liabilities | 7,523,422,018 | 7,041,382,154 |
| Other Financial Liabilities | 1,155,749,008 | 1,508,956,637 |
| **Total Liabilities** | **73,747,276,907** | **69,727,929,113** |
| **Total Equity and Liabilities** | **74,219,990,468** | **70,199,430,580** |

### CONDENSED CONSOLIDATED STATEMENT OF PROFIT OR LOSS

Fig in NPR.

| Particulars | Current Year | | Corresponding Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| **Income:** | | | | |
| Gross Earned Premiums | 4,518,949,695 | 4,518,949,695 | 4,611,135,494 | 4,611,135,494 |
| Premiums Ceded | (14,292,874) | (14,292,874) | (18,993,146) | (18,993,146) |
| **Net Earned Premiums** | **4,504,656,821** | **4,504,656,821** | **4,592,142,348** | **4,592,142,348** |
| Commission Income | | - | - | - |
| Other Direct Income | 10,434,752 | 10,434,752 | 147,996,569 | 147,996,569 |
| Interest Income on Loan to Policyholders | 56,606,798 | 56,606,798 | 51,563,410 | 51,563,410 |
| Income from Investments and Loans | 1,053,310,307 | 1,053,310,307 | 1,045,937,692 | 1,045,937,692 |
| Net Gain/(Loss) on Fair Value Changes | - | - | - | - |
| Net Realised Gains/(Losses) | - | - | - | - |
| Other Income | 542,739 | 542,739 | 7,185,269 | 7,185,269 |
| **Total Income** | **5,625,551,417** | **5,625,551,417** | **5,844,825,288** | **5,844,825,288** |
| **Expenses:** | | - | | |
| Gross Benefits and Claims Paid | 1,339,738,652 | 1,339,738,652 | 1,279,013,565 | 1,279,013,565 |
| Claims Ceded | (3,187,020) | (3,187,020) | (4,448,891) | (4,448,891) |
| Gross Change in Contract Liabilities | 3,890,586,637 | 3,890,586,637 | 4,171,995,186 | 4,171,995,186 |
| Change in Contract Liabities Ceded to Reinsurers | - | - | - | - |
| **Net Benefits and Claims Paid** | **5,227,138,269** | **5,227,138,269** | **5,446,559,860** | **5,446,559,860** |
| Commission Expenses | 49,250,931 | 49,250,931 | 48,687,768 | 48,687,768 |
| Service Fees | 33,784,926 | 33,784,926 | 34,583,516 | 34,583,516 |
| Other Direct expenses | 2,781,033 | 2,781,033 | 1,285,800 | 1,285,800 |
| Employee Benefits Expenses | 55,312,397 | 55,312,397 | 365,635 | 365,635 |
| Depreciation and Amortization Expenses | 1,855,617 | 1,855,617 | 1,159,909 | 1,159,909 |
| Impairment Losses | - | - | - | - |
| Other Operating Expenses | 35,332,154 | 35,332,154 | 88,125,963 | 88,125,963 |
| Finance Cost | - | - | - | - |
| **Total Expenses** | **5,405,455,327** | **5,405,455,327** | **5,620,768,451** | **5,620,768,451** |
| **Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax** | **220,096,090** | **220,096,090** | **224,056,837** | **224,056,837** |
| Share of Net Profit of Associates accounted using Equity Method | | - | - | - |
| **Profit Before Tax** | **220,096,090** | **220,096,090** | **224,056,837** | **224,056,837** |
| Income Tax Expenses | 218,883,997 | 218,883,997 | 221,788,919 | 221,788,919 |
| **Net Profit/(Loss) For The Year** | **1,212,093** | **1,212,093** | **2,267,918** | **2,267,918** |
| **Earning Per Share** | **2.68** | **2.68** | **5.01** | **5.01** |
| Basic EPS | 2.68 | 2.68 | 5.01 | 5.01 |
| Diluted EPS | 2.68 | 2.68 | 5.01 | 5.01 |

### CONDENSED CONSOLIDATED STATEMENT OF OTHER COMPREHENSIVE INCOME

| Particulars | Current Year | | Corresponding Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YTDs) | This Quarter | Upto this Quarter (YTD) |
| Net Profit/(Loss) For The Year | 1,212,093 | 1,212,093 | 2,267,918 | 2,267,918 |
| Other Comprehensive Income | - | - | - | |
| **Total Comprehensive Income** | **1,212,093** | **1,212,093** | **2,267,918** | **2,267,918** |

### OTHER DETAILS

| Particulars | Current Year | Corresponding Previous Year |
|---|---|---|
| | Upto this Quarter (YTD) | Upto this Quarter (YTD) |
| 1. Total inforce Policy count | 591,970 | 584,195 |
| 2. First Year Premium | 458,493,056 | 388,601,890 |
| 3. Single Premium | - | - |
| 4. Renewal Premium | 4,060,456,639 | 4,222,533,604 |
| 5. Total Benefits and Claims Paid in Count | 4,416 | 5,387 |
| 6. Outstanding Benefits and Claims in Count | 5,474 | 5,828 |
| 7. Declared Bonus rate (Mention the period) | 55 per 1000 | 60 per 1000 |
| 8. Interim bonus rate | 55 per 1000 | 60 per 1000 |
| 9. Long Term Investments (Amount) | 25,407,125,629 | 24,285,389,896 |
| 10. Short Term Investments (Amount) | 30,927,964,457 | 26,420,000,000 |

**Note:**

1. Figures presented above may change after the statutory audit is completed.
2. The profit of the company shall change after the acturial valuation as a result of the surplus obtained after the valuation.
3. The figures of the previous quarters have been restated as per requirement

**Disclosure as per section 84 (3) of Insurance Act, 2079**

1. Solvency Ratio related disclosure: The solvency ratio of the company is 2.094 as on Ashad 31, 2073.
2. Reinsurance related disclosure: The company have reinsurance arrangement with Nepal Re and Himalayan Re.
3. Corporate Governance : The companycompliant with the Corporate Governance Directives issued by Nepal Insurance Authority.
4. Regulatory limit on expenses ratio: The total expense ratio on TPI is 2.86% this year, which was 3.79% in corresponding previous year.
5. Short term investment presented is the investment having maturity less than one year.


# आफ्नै घरमा बसेर आवास सुविधा लिएपछि विवाद

**विराटनगर समाचारदाता**
*मोरङ, कात्तिक २९ गते*



**कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारी ।**

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारी आफ्नै घरमा बसेर सरकारले तोकिदिएको आवास सुविधाबापत मासिक रकम बुझ्दै आएको तथ्य सार्वजनिक भएपछि विवादमा पर्नुभएको छ। सुनसरीको इटहरीस्थित निजी घरबाटै मन्त्रालय आवतजावत गर्दै आउनुभएका मन्त्री भण्डारीले विसं २०८१ मङ्सिर १७ गते मन्त्री बनेयता १० महिनाको अवधिमा आवास सुविधाबापत दुई लाख ९० हजार रुपियाँ बुझिसक्नुभएको छ। मन्त्रालयले उपलब्ध गराएको सूचना अनुसार भण्डारीले मासिक २९ हजार रुपियाँका दरले रकम बुझ्दै आउनुभएको हो।

प्रदेशमा मन्त्रीले सरकारी आवास नपाएमा मासिक २९ हजार रुपियाँसम्म आवास सुविधा पाउने कानुनी व्यवस्था छ तर 'मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन' मा आफ्नै निजी घर भए/नभएको स्पष्ट उल्लेख नभएकाले भण्डारीले यही प्रावधान प्रयोग गरी घरमै बस्दै सुविधा बुझ्नुभएको हो। प्रदेश सभा सदस्यहरूको सेवा सुविधासम्बन्धी ऐनमा राजधानी वा नजिकै घर भएकालाई घरभाडा दिने व्यवस्था छैन।

समाचार सार्वजनिक भएपछि मन्त्री भण्डारीले शुक्रबार विज्ञप्ति जारी गर्दै आफूले घरभाडा होइन, कानुनले तोकेको आवास सुविधा लिएको जिकिर गर्नुभएको छ। मन्त्री भण्डारीले सरकारी आवास प्रयोग गर्दा महिनामा एक लाख रुपियाँसम्म खर्च हुने भएकाले घरमै बसेर उल्टै राज्यको पैसा बचत गरेको दाबी पनि गर्नुभएको छ। "मैले पाएको रकम घरभाडा होइन, मन्त्री हुँदा आवासमा बसेबापत दिने सुविधा हो," भण्डारीको भनाइ छ।

मन्त्रालयले उपलब्ध गराएको सूचनामा 'घरभाडाबापत' रकम दिएको उल्लेख भएकाले मन्त्री भण्डारीको दाबीमाथि नै प्रश्न उठेको हो। कानुनविद्ले समेत आवास सुविधा भन्नु घरभाडा नै भएको भन्दै आफ्नै घरमा बसेर यस्तो सुविधा लिनु नैतिक रूपमा अनुचित र राज्यकोषको दुरुपयोग भएको दाबी गरेका छन्। उता नेकपा (एमाले) का केही प्रदेश सभा सदस्यले पनि 'कानुनमा छ' भन्ने बहानामा आफ्नै घरमा बसेर घरभाडा बुझ्नु मन्त्रीको नैतिकतामै प्रश्न उठ्ने कार्य भएको प्रतिक्रिया दिनुभएको छ। भण्डारीले भने इटहरीको घर मर्मत गर्न परेकाले आर्थिक भार परेको र आफूले कुनै अनियमितता नगरेको दाबी गर्दै आउनुभएको छ।

## स्वास्थ्यमा जनशक्ति व्यवस्थापन चुनौतीपूर्ण

**मोरङ समाचारदाता**
*विराटनगर, कत्तिक २९ गते*

कोशी प्रदेशका स्वास्थ्यमन्त्री भूपेन्द्र राईले दुर्गम क्षेत्रका स्वास्थ्य संस्थामा समयमै औषधी आपूर्ति गर्ने र जनशक्तिको व्यवस्थापन गर्ने कुरामा मुख्य चुनौती रहेको बताउनुभयो। प्रदेश मन्त्रालयले विराटनगरमा आयोजना गरेको प्रदेशस्तरीय एकीकृत वार्षिक समीक्षा गोष्ठीमा बोल्दै उहाँले सो कुरा बताउनुभएको हो।

कार्यक्रममा बोल्दै उहाँले दुर्गम क्षेत्रका अस्पतालमा भवन बनाउने र इक्युपमेन्टको व्यवस्थापन गर्ने कुराभन्दा जनशक्तिको व्यवस्थापन गर्ने काम बढी चुनौती रहेको बताउनुभयो। "खोटाङ जिल्लामा ५० शय्याको अस्पतालका लागि भवन निर्माण भयो, आवश्यक इक्युपमेन्ट पनि पुऱ्याइएका छ तर दरबन्दी अनुसार जनशक्ति पुऱ्याउन नसक्दा अस्पतालले पूर्ण क्षमतामा काम गर्न सकेको छैन," मन्त्री राईले भन्नुभयो। खोटाङको जस्तै पीडा अन्य दुर्गम क्षेत्रका अस्पतालमा पनि रहेको स्वास्थ्यमन्त्री राईको भनाइ छ।

उहाँले स्वास्थ्य र शिक्षाको सुविधा पुऱ्याउन नसक्दा पहाडी जिल्लाको बसाइँसराइ रोक्न नसकिएको दृष्टान्त प्रस्तुत गर्दै उहाँले पहाडी जिल्लाका बासिन्दा स्वास्थ्य र शिक्षाकै सुविधा उपभोग गर्न अन्यत्र बसाइँसराइ गर्न बाध्य भएको स्पष्ट पार्नुभयो।

कार्यक्रममा बोल्दै उहाँले पहाडी जिल्लाका स्वास्थ्य संस्थामा समयमै औषधी आपूर्ति गर्ने व्यवस्था मिलाउन मन्त्रालयका कर्मचारीलाई निर्देशन गर्नुभयो। समयमा औषधी आपूर्ति गर्न सकियो भने मात्र स्वास्थ्य क्षेत्रका समस्यालाई टुङ्गोमा पुऱ्याउन सकिने उहाँको भनाइ छ। कार्यक्रममा बोल्दै मन्त्री राईले मन्त्रालयले गत वर्ष गरेको राम्रा कामलाई निरन्तरा दिन र कमीकमजोरीलाई सच्याउन सकियो भने मात्र वार्षिक समीक्षा गोष्ठीले सार्थकता पाउने बताउनुभयो।

## एक सय सतसट्ठी परिवारलाई लालपुर्जा

**सर्लाही समाचारदाता**
*सर्लाही, कात्तिक २९ गते*

बर्सौंदेखि गाउँब्लक जग्गामा बासोबास गर्दै आएका सीमावर्ती ब्रह्मपुरी गाउँपालिका–४, त्रिभुवननगरका १६७ परिवारलाई जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) वितरण गरिएको छ।

नापी कार्यालय मलङ्गवाले कानुनी प्रक्रिया पूरा गरी लामो प्रयासपछि बल्ल लालपुर्जा वितरण गर्न सफल भएको हो। गाउँपालिका अध्यक्ष रामपदारथ साह, सहायक प्रमुख जिल्ला अधिकारी शिवहरि पोखरेल, नापी कार्यालय मलङ्गवाका प्रमुख सञ्जय मानन्धर, वडाध्यक्ष श्यामबाबु साहलगायत भएर १६७ परिवारलाई लालपुर्जा हस्तान्तरण गर्नुभएको छ।

८० वर्षीय पार्वती देवीले बर्सौंदेखि भोगचलन गर्दै आइरहेको जग्गाको अहिले आएर लालपुर्जा हात पर्दा असाध्यै खुसी लागेको बताउनुभयो। उहाँले भन्नुभयो, "आफ्नो जीवनको अन्तिम उमेर भइसक्दा भए पनि जग्गाको लालपुर्जा पाउँदा राहत महसुस गरेको छु।"

त्रिभुवननगरका स्थानीयले पाँच दशकभन्दा बढी समयदेखि भोगचलन गर्दै आइरहेको जग्गाको नापी कार्यालयले जग्गाको नापजाँच, तथ्याङ्क अभिलेखीकरण र अन्य प्रक्रिया पूरा गरेर लालपुर्जा उपलब्ध गराएको हो। लालपुर्जा पाएसँगै स्थानीयले अब बैङ्कमा जग्गा राखेर ऋण लिन तथा अन्य प्रयोजनका लागिसमेत प्रयोग गर्न पाउने भएपछि खुसी देखिन्छन्।

अर्का स्थानीय ७५ वर्षीय प्रह्लाद साह रौनियारले कैयौं वर्षदेखि सदरमुकाम मलङ्गवा धाउँदा धाउँदा बल्ल लालपुर्जा प्राप्त गर्दा असाध्यै खुसी लागेको बताउनुभयो। नापी कार्यालय मलङ्गवाका अनुसार त्रिभुवननगर क्षेत्रका गाउँब्लक अन्तर्गत पर्ने २८८ कित्ता जग्गामध्ये १८५ कित्ता जग्गा दर्ता भइसकेको छ।

बाँकी १०३ जग्गा पनि दर्ता प्रक्रियामा लगेर लालपुर्जा वितरण गरिने नापी कार्यालय मलङ्गवाका प्रमुख मानन्धरले बताउनुभयो। मानन्धरले सबैको साथ सहयोग र प्रयासबाट अहिले १६७ परिवारलाई लालपुर्जा वितरण गर्न सफल भएको जानकारी दिनुभयो।

तीन वर्षको अवधिमा एक हजार परिवारलाई यसै गरी लालपुर्जा वितरण भइसकेको नापी कार्यालय मलङ्गवाले जनाएको छ। "स्थानीय बासिन्दा र सबै निकायको सामूहिक प्रयासले गाउँब्लक जग्गामा बसोबास गर्नेलाई लालपुर्जा दिन सफल भएका हौं," कार्यालय प्रमुख मानन्धरले भन्नुभयो, "म कार्यालयको नेतृत्वमा आएको तीन वर्षमा एक हजार परिवारलाई लालपुर्जा वितरण भइसकेको छ।"

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

# ८९औँ वर्ष प्रवेश विशेष

प्रधानमन्त्री

काठमाडौँ, नेपाल



## शुभकामना

नेपालको पहिलो वाणिज्य बैंकका रूपमा स्थापित नेपाल बैंक लिमिटेडको ८९औँ वार्षिकोत्सवका अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

लामो इतिहास बोकेको यस संस्थाले नेपालको वित्तीय प्रणालीको विकास र बैंकिङ सेवाको विस्तारमा पुऱ्याएको योगदान अतुलनीय छ। आधुनिक बैंकिङ प्रणालीको प्रतिस्पर्धामा समेत सफलता हासिल गर्दै यस संस्थाले राष्ट्रको आर्थिक तथा वित्तीय क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

नेपाल बैंक लिमिटेडले आफ्नो गौरवमय इतिहास र समृद्ध अनुभवलाई निरन्तरता दिँदै आधुनिक सूचना प्रविधिसँग जोडेर नेपाली जनताको आर्थिक समृद्धिमा योगदान पुऱ्याउने छ भन्ने मलाई विश्वास छ। नवीन लगानीका क्षेत्रहरूको पहिचान, डिजिटल बैंकिङको विस्तार, ग्राहकमैत्री सेवा प्रवाह र संस्थागत सुशासन कायम राख्दै राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरणमा नेपाल बैंक लिमिटेडले महत्त्वपूर्ण योगदान दिन सकोस् भन्ने मेरो अपेक्षा छ।

अन्त्यमा, नेपाल बैंक लिमिटेडको उत्तरोत्तर प्रगति र सफलताको कामना गर्दै यस संस्थाको ८९औँ वार्षिकोत्सवका अवसरमा सम्पूर्ण ग्राहक वर्ग, सञ्चालक समिति, शेयरधनी, कर्मचारी तथा शुभेच्छुकहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

३० कात्तिक, २०८२
ने.सं. ११४६ कछलागाः १२, आइतबार

सुशीला कार्की

---

नेपाल सरकार
**अर्थ मन्त्रालय**
सिंहदरबार, काठमाडौँ
नेपाल

रामेश्वरप्रसाद खनाल
अर्थमन्त्री



## शुभकामना

नेपाल बैंक लिमिटेडको ८९औँ वार्षिकोत्सवका अवसरमा शुभकामना सन्देश व्यक्त गर्न पाउँदा अत्यन्त हर्षित छु। नेपालको पहिलो बैंकका रूपमा स्थापित यस बैंकले नेपालको वित्तीय क्षेत्रको विकासमा अतुलनीय योगदान पुऱ्याएको छ।

सुशासन तथा सदाचारयुक्त राष्ट्र निर्माणका लागि भएको परिवर्तनलाई आत्मसात गर्दै समृद्ध र आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा बैंकिङ क्षेत्रको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको हुन्छ। यसमा नेपाल बैंक लिमिटेडको भूमिका प्रशंसनीय रहनुको साथै बैंकले वित्तीय समावेशीकरणमा टेवा, उद्यमशीलताको प्रोत्साहन र राष्ट्रिय बचतको प्रवर्द्धन मार्फत आर्थिक विकासमा सबल योगदान पुऱ्याएको छ। डिजिटल बैंकिङको विस्तार, लघु, साना तथा मझौला उद्यमको वित्तीय पहुँचमा विस्तार, हरित अर्थतन्त्रको प्रवर्द्धन र वित्तीय साक्षरताको प्रवर्द्धनमा बैंकको नेतृत्वदायी भूमिका रहने विश्वास मैले लिएको छु। यसैगरी, आगामी दिनमा बैंकबाट प्रभावकारी, पारदर्शी एवं उत्तरदायी बैंकिङ सेवाको अपेक्षा गर्दछु।

अन्त्यमा, यस बैंकका ग्राहक, शेयरधनी, सम्पूर्ण कर्मचारी र शुभेच्छुकलाई बैंकको वार्षिकोत्सवका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु। सबैको मिहिनेत, परिश्रम र प्रतिबद्धताबाट बैंकले असाधारण उपलब्धि हासिल गर्न सफल भएको छ। बैंकले भविष्यमा पनि देश र जनताको सेवामा समर्पित भएर आगाडि बढ्नेछ भन्ने मेरो अटल विश्वास रहेको छ। यस पावन अवसरमा बैंकको उत्तरोत्तर प्रगति र सफलताको कामना गर्दछु।

२०८२ कात्तिक ३०

(रामेश्वरप्रसाद खनाल)
अर्थमन्त्री

---

**नेपाल राष्ट्र बैंक**
**NEPAL RASTRA BANK**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौँ
Central Office
Baluwatar, Kathmandu

गभर्नर
Governor



## शुभकामना

नेपाल बैंक लिमिटेडले आफ्नो स्थापनाको ८८ वर्ष पूरा गरी ८९औँ वर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

नेपालको पहिलो वाणिज्य बैंकका रूपमा स्थापना भएको यस बैंकले नेपालमा आधुनिक बैंकिङ सेवासँगै वित्तीय पहुँचको अभिवृद्धि र वित्तीय समावेशीकरणको प्रवर्द्धन मार्फत अर्थतन्त्रको सबलीकरणमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। हाल बैंकले २३१ शाखा, ६१ एक्सटेन्सन काउन्टर र २३७ एटीएम लगायतका सेवाका माध्यमबाट देशभर छरिएर रहेका सर्वसाधारणको बचतलाई परिचालन गर्दै राष्ट्रिय पुँजी निर्माणमा पुऱ्याएको योगदान प्रशंसनीय छ।

विभिन्न कालखण्डमा देखापरेका चुनौतीपूर्ण अवस्था हुँदाहुँदै पनि ग्राहक वर्गको विश्वास र भरोसालाई अक्षुण्ण राख्दै प्रतिस्पर्धात्मक बैंकिङ व्यवसायमा आफूलाई सक्षम रूपमा प्रस्तुत गरेको यस बैंकले आगामी दिनमा आफ्ना बैंकिङ सेवा र सुविधालाई थप सुदृढ, आधुनिक र ग्राहकमैत्री बनाउँदै नवप्रवर्तन र प्रविधिमैत्री बैंकिङ सेवा मार्फत नेपालको आर्थिक विकास र रोजगारी सिर्जनामा अझ महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु।

अन्त्यमा, ८९औँ वर्ष प्रवेशको यस विशेष अवसरमा बैंक व्यवस्थापन, शेयरधनी, कर्मचारी वर्ग, ग्राहक र सम्पूर्ण सरोकारवालामा पुनः हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

२०८२ कात्तिक ३०

(प्रा. डा. विश्वनाथ पौडेल)

---

नेपाल सरकार
**अर्थ मन्त्रालय**
सिंहदरबार, काठमाडौँ
नेपाल



## शुभकामना

नेपाल सरकार र निजी क्षेत्रको साझेदारीमा नेपालको पहिलो बैंकका रूपमा स्थापना भई अनवरत रूपमा बैंकिङ सेवा प्रवाह गर्दै ८९औँ वर्षमा प्रवेश गरेको नेपाल बैंक लिमिटेडको मुलुकको आर्थिक विकासमा विशेष योगदान र महत्त्व रहेको छ।

देशका दुर्गम क्षेत्रसम्म शाखा विस्तार गरी ग्रामीण क्षेत्रका नागरिकसम्म विश्वासिलो एवं शुलभ बैंकिङ सेवा उपलब्ध गराउन सफल यस बैंकले नेपालको बैंकिङ क्षेत्रको विकासमा समेत उल्लेखनीय टेवा पुऱ्याएको छ। नेपालको पहिलो बैंकका रूपमा यसको छुट्टै ऐतिहासिक महत्त्व र पृष्ठभूमि हुनुका साथै लगानीको माध्यमबाट देशको व्यापार, व्यवसाय, उद्योगधन्दा र कलकारखानाको विकासमा टेवा दिएको छ।

आर्थिक एवं सामाजिक विकासका लागि सबै नेपालीको वित्तीय पहुँच एवं वित्तीय साक्षरता अभिवृद्धि गर्नमा योगदान गरिरहेको बैंकले आफ्नो सेवालाई थप सूचना प्रविधिमैत्री बनाउँदै आगामी दिनमा नेपालभर सेवा सुविधालाई थप परिस्कृत एवं विश्वसनीय बनाउँदै सेवा प्रदान गर्न बैंकलाई थप सफलता मिल्ने विश्वास व्यक्त गर्दछु। बैंकको ८९औँ वर्ष प्रवेशको अवसरमा सबैमा हार्दिक मङ्गलमय शुभकामना।

कात्तिक ३०, २०८२

(डा. घनश्याम उपाध्याय)
अर्थ सचिव

---

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
सञ्चालक समिति
धर्मपथ, काठमाडौँ



## शुभकामना

नेपालको पहिलो बैंक, नेपाल बैंक लिमिटेड आज कात्तिक ३० गते आइतबारदेखि ८९औँ वर्षमा प्रवेश गरेको छ। यस बैंकले बैंकिङ सेवाको अविच्छिन्न ८८ वर्ष पूरा गरेको यस ऐतिहासिक सुखद अवसरमा ग्राहक वर्ग, शेयरधनी तथा सम्पूर्ण सरोकारवालामा हार्दिक बधाई तथा शुभकामना सहित खुशी साट्न चाहन्छु।

नेपाल बैंक लिमिटेड नेपालको बैंकिङ सम्पदा हो। नेपाली जनता, उद्यमी व्यवसायीको विश्वासको धरोहरका रूपमा रही गौरवमय इतिहास कायम गरेको यस बैंकले विभिन्न कालखण्डमा थुप्रै आरोह अवरोह पार गर्दै आजको प्रतिस्पर्धी बैंकिङ परिवेशमा निरन्तर रूपमा सबल, सक्षम र प्रभावकारी बैंकिङ सेवा प्रवाह गरिरहेको छ। देशमा बचत संस्कृतिको विकास सँगसँगै आर्थिक स्रोत परिचालन र पुँजी निर्माणमा महत्त्वपूर्ण योगदान रहेको यस नेपाल बैंक लिमिटेडले मुलुकको औद्योगिक एवं व्यापार व्यवसायको विकास एवं विस्तारमा समेत उल्लेख्य भूमिका निर्वाह गर्दै आएको छ।

नेपाल सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा स्थापना भएको यस बैंकमा नेपाल सरकार र निजी क्षेत्रको साझेदारी कायमै छ। बैंकको नीतिगत तथा निर्णय प्रक्रियामा भइरहेको निरन्तर सहयोगका लागि नेपाल सरकार, अर्थ मन्त्रालय, बैंकको विकास, विस्तार र नियमनमा मार्गनिर्देशकको भूमिका निर्वाह गर्ने नेपाल राष्ट्र बैंक तथा सबै नियमनकारी निकायप्रति हार्दिक आभार व्यक्त गर्दछु। निरन्तर बैंकिङ सेवा प्रदान गर्ने अवसर प्रदान गर्नुभएकोमा सम्पूर्ण सेवाग्राही तथा ग्राहक वर्गप्रति उच्च सम्मान व्यक्त गर्दै आगामी दिनमा समेत नवीनतमः प्रविधिमा आधारित प्रतिस्पर्धी बैंकिङ सेवा प्रदान गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

अन्त्यमा, यस बैंकको लामो यात्रामा निरन्तर साथ र सहयोग प्रदान गर्नुहुने ग्राहक वर्ग, शेयरधनी महानुभावहरू, सहकर्मी सञ्चालकहरू, बैंक व्यवस्थापन, कर्मचारी, बैंकमा क्रियाशील ट्रेड युनियन तथा सम्पूर्ण सरोकारवालाप्रति आभार व्यक्त गर्दै यस वार्षिकोत्सवका अवसरमा पुनः हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु।

आइतबार, कात्तिक ३०, २०८२

प्रा.डा. डिल्लीराज शर्मा
अध्यक्ष

---

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
धर्मपथ, काठमाडौँ



## शुभकामना एवं प्रतिबद्धता

नेपालमा आधुनिक बैंकिङ प्रणालीको सुरुवात गर्ने ऐतिहासिक बैंकका रूपमा रहेको नेपाल बैंक लिमिटेड आजदेखि ८९औँ वर्षमा प्रवेश गरेको छ। यस पुनीत अवसरमा नेपाल सरकार, नेपाल राष्ट्र बैंक, अन्य नियामक निकायहरू, शेयरधनी, सेवाग्राही, कर्मचारी तथा सम्बद्ध सबै सरोकारवाला समक्ष खुसी बाँड्दै शुभकामना व्यक्त गर्दछु।

सार्वजनिक र निजी साझेदारीको अनुपम उदाहरण बोकेको यस बैंकले स्थापना कालदेखि नै निरन्तर सेवाग्राहीहरूको आवश्यकता र समयको मागलाई सम्बोधन गर्दै उपयुक्त दृष्टिकोण सहित अघि बढ्दै आइरहेको छ। आफ्नो सेवा सुविधालाई थप विस्तार एवं नवप्रवर्द्धन गरी समयानुकूल डिजिटल प्रविधिमैत्री बैंकिङलाई आत्मसात गर्दै आर्थिक विकास तथा रोजगारी सिर्जनामा अझ सशक्त भूमिका निर्वाह गर्न बैंक प्रतिबद्ध छ। नेपाल सरकारले लिएको दिगो विकास लक्ष्यसँग आत्मसात हुनेगरी नेपाल राष्ट्र बैंकले निर्देशित गरेका क्षेत्रसँग सम्बन्धित निर्देशनको पूर्ण परिपालना गर्दै कर्जा प्रवाह गर्न र बैंकिङ सेवा पुऱ्याउन बैंक उच्च मनोबलका साथ अघि बढिरहेको व्यहोरा स्मरण गराउन चाहन्छु। देशभर रहेका ७१ जिल्लामा आफ्ना २३१ शाखा, ६१ एक्सटेन्सन काउन्टर, २३७ एटीएम आउटलेट तथा डिजिटल एवं अनलाइन प्रविधि मार्फत देश तथा विदेशमा रहेका ग्राहक समेत गरी करिब २७ लाख ग्राहकलाई सरल एवं सहज अत्याधुनिक बैंकिङ सेवा उपलब्ध गराउँदै आएको छ। २०८२ को पहिलो त्रैमास सम्ममा बैंकले रु. ३४२ अर्ब निक्षेप सङ्कलन र रु. २३७ अर्ब कर्जा लगानी गर्न सफल भएको छ। आगामी दिनमा देशका सबै जिल्लामा बैंकिङ सेवा पुऱ्याउने लक्ष्यका साथ बैंक अघि बढिरहेको छ।

अन्त्यमा, ग्राहक वर्गलाई उन्नत, गुणस्तरीय, भरपर्दो र अत्याधुनिक बैंकिङ सेवा उपलब्ध गराउँदै शेयर होल्डर, सेवाग्राही र सम्बद्ध पक्षलाई उचित प्रतिफल दिन हाम्रा कर्मचारी वर्ग र बैंक व्यवस्थापन सदैव प्रयत्नशील छौँ। ८९औँ वार्षिकोत्सवको यस सुखद क्षणमा सम्बद्ध सबै सरोकारवाला समक्ष नेपाल बैंक लिमिटेडलाई अझ सबल एवं सक्षम बनाउन अविछिन्न रूपमा आधुनिक बैंकिङ सेवा उपलब्ध गराउँदै जाने प्रतिबद्धता व्यक्त गर्दछु।

कात्तिक ३०, २०८२

(तिलकराज पाण्डेय)
प्रमुख कार्यकारी अधिकृत

---

# बैंकमा संस्थागत सुशासनको सुनिश्चितता अनिवार्य सर्त हो

***बैंक निकै संवेदनशील क्षेत्र हो किनभने राष्ट्रकै ढुकुटी मानिने बैंक अनुशासनहीनताका कारण लड्खडायो भने सिङ्गो राष्ट्र नै आर्थिक रूपले धराशायी हुन पुग्छ। जनताको जीविकोपार्जनसँग प्रत्यक्ष जोडिएको आर्थिक कारोबार गर्नुपर्ने संस्था भएकाले पनि यसका लागि अनुशासन अपरिहार्य मानिन्छ। अनुशासनको सुनिश्चितताबिना बैंकले प्रभावकारी कार्य गर्न सक्दैन। बैंकका लागि आधारभूत आवश्यकता मानिने संस्थागत सुशासनको सुनिश्चितताका सम्बन्धमा नेपाल बैंक लिमिटेड सञ्चालक समितिका अध्यक्ष, प्रा.डा.डिल्लीराज शर्मासँग नेपाल बैंक लिमिटेडको ८९औँ वार्षिकोत्सवको विशेष अवसरमा लिइएको अन्तर्वार्ताको सारांश :***

नेपाल बैंकका सबल पक्षहरू भनेका नेपालमा बैंकिङ इतिहास रचेको पहिलो र नेपालीलाई बैंकिङ सेवासँगै बचत संस्कृति र वित्तीय साक्षरता सिकाएको ख्याति र इज्जत-प्रतिष्ठा भएको बैंक हो। नेपाल बैंक लिमिटेड सम्पूर्ण बैंकिङ सुविधा सहित देशभरका ७१ जिल्लामा शाखा सञ्जाल भएको ऐतिहासिक बैंक हुनाका साथै सबै नेपालीका लागि बैंकको पर्यायवाची जस्तै साख भएको नेपालको फ्ल्यागसिप बैंक हो। स्थापना कालदेखि नै यो बैंक नेपाल सरकार र निजी क्षेत्रको साझेदारी संस्था हो। हामीलाई एकातिर सरकारी बैंकका रूपमा राज्यको बैंक भन्न पाउने अवसर पनि छ भने अर्कातर्फ प्रतिस्पर्धात्मक बजारमा निजी क्षेत्रको समेत सहभागिता भएकाले हामी व्यावसायिक निर्णय प्रक्रिया अवलम्बन गर्ने स्वायत्त एवं सक्षम व्यावसायिक बैंक हौं भन्ने पहिचानका साथ विगत ८८ वर्षदेखि अविच्छिन्न रूपमा ग्राहक तथा सेवाग्राहीहरूको विश्वास र भरोसा सहितको छवि प्राप्त गर्नु नेपाल बैंकका सबल पक्ष हुन्।

बैंकमा कार्यरत अनुभवी, दक्ष तथा इमानदार कर्मचारी, व्यवस्थापकहरूका साथै पर्याप्त तरलता, उचित क्षेत्रहरूमा भएका लगानी र देशभरका प्रमुख सहरहरूमा आफ्नै कार्यालय भवन तथा जग्गाजमिन हुनु पनि यस बैंकको थप सबल पक्ष हो।

लामो इतिहास, परिवर्तित सन्दर्भ र सूचना प्रविधिमा भएको क्रान्ति र बैंकिङ बजारको प्रतिस्पर्धालाई सामना गर्ने नेपाल बैंकका सामु पनि थुप्रै चुनौती र सुधार गरिहाल्नुपर्ने सबाल पनि छन्।

डिजिटल बैंकिङको अहिलेको जमानामा हामीले अन्तर्राष्ट्रिय स्तरको कोर बैंकिङ सिस्टम अर्थात् मोडर्न टेक्नोलोजी खरिद गरी बैंकिङ सेवा र कार्य प्रणालीमा आधुनिकीकरण गर्नुपर्नेछ।

सङ्गठन तथा व्यवस्थापन सर्भेका आधारमा कर्मचारी व्यवस्थापन, कर्मचारीको वृत्ति विकासका अवसर तथा कर्मचारीलाई उत्प्रेरणा सहित उत्पादकत्व सँगसँगै व्यवसायको विस्तार र मुनाफाको वृद्धि एवं गुणस्तरीय सेवा प्रवाह गर्दै लगानीकर्ता शेयरधनीहरूलाई आशातीत लाभांश वितरण गर्नुपर्ने हुन्छ। सोका लागि काम गर्ने जनशक्तिको विकासमा समेत ध्यान दिनुपर्दछ।

हामीले कर्जा निक्षेप अनुपात अर्थात् सिडी रेसियो र पुँजी/कर्जा निक्षेप अनुपात अर्थात् सिसिडी रेसियोको सन्तुलन कायम राख्दै जोखिम र प्रतिफलको विश्लेषण सहित अवसर पहिचान गर्दै गुणस्तरीय कर्जा विस्तार र बजारको माग बमोजिमका कर्जा सेवाका प्रोडक्टहरू सहित लगानीलाई पनि विविधीकरण एवं विस्तार गर्दै जानुपर्ने छ। समग्र बैंकिङ बजारको चुनौतीका रूपमा रहेको निष्क्रिय कर्जा असुली हाम्रा लागि पनि चुनौती हो। त्यसैगरी, डिजिटल प्रडक्टहरूको विकास, विभिन्न बाह्य साझेदारहरू सँगको सहकार्यमा डिजिटल कारोबारमा वृद्धि, रेमिट्यान्स आम्दानी बढाउनुपर्ने, फि तथा कमिसन आम्दानी वृद्धि, लगानीका क्षेत्रहरूको विस्तार आदिका लागि धेरै कार्य गर्नुपर्ने छ र सबै शाखालाई मुनाफाको केन्द्र बनाउनुपर्ने अर्को चुनौती पनि हाम्रासामु छ।

बैंकमा कार्यरत सबै कर्मचारीमा व्यावसायिक कौशल, सुशासनप्रति प्रतिबद्ध, ग्राहक मैत्री व्यवहार सहितको कार्यसंस्कृति हुनुपर्छ। कर्मचारीको सीप, क्षमता र दक्षता सहित उत्पादकत्व अभिवृद्धि गर्नुका साथै बदलिँदो सेवा तथा प्रविधिमा अद्यावधिक भई व्यावसायिक कार्यसंस्कृति सहितका बैंकिङ कार्य गर्नु अर्को चुनौती रहेको छ।

नेपाल बैंक भनेको पब्लिक ट्रेजरी अर्थात् जनताको विश्वासको ढुकुटी हो। बैंकमा संस्थागत सुशासनको सुनिश्चित गर्नु पहिलो अनिवार्य सर्त हो। सुशासनको विषयमा तर, किन्तु, परन्तु, अपितु आदि केही पनि हुनुहुँदैन। उच्च व्यवस्थापकीय दक्षता, उच्च नैतिक आचरण, पारदर्शिता, सहभागिता, मितव्ययिता, उत्तरदायी एवं जवाफदेहिता सहितको जिम्मेवारी वहन गर्ने गराउने काम नै सञ्चालक समिति, बैंक व्यवस्थापन र कर्मचारीहरूको हो।

बैंक सञ्चालन तथा कार्य सम्पादनका लागि नेपाल सरकार, नेपाल राष्ट्र बैंक, अन्य नियामक निकायहरू तथा बैंक सञ्चालक समितिबाट बैंक सञ्चालन तथा व्यवस्थापनका ऐन, कानुन, नीति, नियम, निर्देशन, तथा कार्यविधिको व्यवस्था गरिएको छ सोको परिपालना त्यस्तै सम्मानित अदालतबाट भएको निर्णय तथा आदेशको परिपालनको सुनिश्चितताका लागि आन्तरिक तथा बाह्य लेखापरीक्षण, नेपाल राष्ट्र बैंकको निरीक्षण, अनुगमन तथा लेखापरीक्षण समेत नियमित रूपमा हुने गरेको छ।



**प्रा.डा. डिल्लीराज शर्मा**
अध्यक्ष, सञ्चालक समिति, नेपाल बैंक लिमिटेड

संस्थागत सुशासन सम्बन्धी विभिन्न कार्यगत संरचना र सञ्चालक समितिका विभिन्न उपसमिति मार्फत समेत बैंकमा संस्थागत सुशासनको सुनिश्चितताको अनुगमन र मूल्याङ्कन हुनेगरेको छ। सम्बद्ध सबै पक्षलाई जिम्मेवार, उत्तरदायी, जवाफदेही, इमानदार, उच्च नैतिक आचरण सहितको व्यवहारको सुनिश्चित गर्न प्रयासरत छौँ।

झन्डै नब्बे वर्ष पुग्न लागेको संस्थामा इतिहासमा कहिलेकाहीँ केही अस्वाभाविक घटना भएका पनि हुन सक्छन्। सञ्चालक समिति संस्थागत सुशासन सुनिश्चित गर्न र प्रवर्द्धनका लागि प्रतिबद्ध छौँ। यसका निम्ति बैंकमा अत्याधुनिक सूचना प्रविधिको प्रयोग र व्यावसायिक कार्य संस्कृतिको विकास गर्दै रूपान्तरण गर्नुपर्ने चुनौती समेत देखिएको छ।

यस बैंकमा हामी ग्राहकको सेवामा लागिपरेका छौँ। हाम्रा लगानीकर्तालाई राम्रो प्रतिफल दिनुपर्ने पनि हाम्रो दायित्व हो। उत्पादकत्व अभिवृद्धि गरेर कोषको लागत अर्थात् कस्ट अफ फन्डमा कमी ल्याई कर्जा ग्राहकहरूलाई प्रतिस्पर्धी बजारका तुलनामा सहज, सुलभ र कम ब्याजदरमा कर्जा प्रवाह गर्न सक्षम हुनुपर्ने छ। ग्राहक सेवा गुणस्तरमा वृद्धि गरेर सबै नेपालीको रोजाइको पहिलो बैंक बनाउने व्यावसायिक कार्यसंस्कृति बनाउनु नै अहिलेको हाम्रो चुनौती र अवसर हो।

व्यावसायिक, अत्याधुनिक प्रविधिमा आधारित प्रतिस्पर्धात्मक सेवा सुविधा उपलब्ध गराई दिगो मुनाफा आर्जन गरेर लगानीकर्ताहरूका लागि समेत उचित प्रतिफल वितरण गर्न सक्ने संस्थाका रूपमा विकास गर्न जरुरी छ। नाफामूलक संस्थामा काम गर्ने हामी सबैले ग्राहक सेवाको गुणस्तर र हाम्रो पेसागत दक्षताको अभिवृद्धि गरी अविच्छिन्न सेवा प्रदान गर्नुपर्दछ। अर्को शब्दमा भन्नुपर्दा हामी सबैले बिजनेस लाइक भएर काम गर्ने कार्यसंस्कृति बनाउनुपर्दछ।

बैंकमा क्रियाशील युनियनहरूले समेत बैंकको श्रीवृद्धिमा, पेसागत हकहितमा, उत्पादकत्व वृद्धिमा सकारात्मक एवं प्रेरणादायी योगदान गरी मर्यादित कार्यवातावरण सहितको कार्यसंस्कृति बनाउनमा थप योगदान पुऱ्याउनुहुनेछ भन्ने विश्वास लिइएको छ।

नेपालको पहिलो बैंक आफ्नो ८८ वर्षे यात्रा पूरा गरी ८९औँ वर्षमा प्रवेश गर्दै छ। अटुट सेवाको निरन्तरताका साथै अत्याधुनिक प्रतिस्पर्धात्मक बैंकिङ सेवा सुविधा सहित देशभर शाखा विस्तार गर्दै ७७ वटै जिल्लाबाट सेवा प्रवाह गर्न प्रतिबद्ध छौँ। नेपाल सरकार र अर्थमन्त्रालयलाई नीतिगत तथा निर्णय प्रक्रियामा भइरहेको निरन्तर सहयोगका लागि आभार प्रकट गर्दै नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिस्ट्रारको कार्यालय सहितका सबै नियमनकारी निकायलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।

सम्पूर्ण सेवाग्राही तथा ग्राहक वर्गमा सम्मान सहित निरन्तर बैंकिङ सेवा प्रदान गर्ने अवसर प्रदान गर्नुभएकोमा हार्दिक आभार व्यक्त गर्दै अझै अत्याधुनिक बैंकिङ सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ। शेयरधनी महानुभावहरूले निरन्तर धैर्य धारण गरेर बैंकलाई उचित एवं अधिकतम प्रतिफल वितरण गर्न सक्ने बैंक बन्नमा गरेको सहयोग र सहभागिताका लागि उच्च सम्मान सहित उचित प्रतिफल वितरण गर्न प्रतिबद्ध रहेका छौँ।

सम्पूर्ण व्यवस्थापक तथा कर्मचारीहरूलाई हाल सम्मको बैंकको साखः एवं श्रीवृद्धिमा पुऱ्याउनुभएको योगदानका लागि उच्च सम्मान प्रकट गर्दै हार्दिक बधाई सहित संस्थागत सुशासन कायम गर्दै अनुशासित, मर्यादित एवं मिहिनेतका साथ सम्पूर्ण ग्राहक तथा सेवाग्राहीहरूलाई निरन्तर उच्च गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्ने सफलता मिलोस्, हार्दिक शुभकामना।

नेपाल बैंक लिमिटेडसँग सम्बद्ध सम्पूर्ण सरोकारवालाप्रति आभार सहित बैंकिङ सेवाको ८९औँ वर्ष प्रवेशका अवसरमा सबैलाई हार्दिक बधाई तथा शुभकामना!!!

---

# नेपाल बैंक लिमिटेडको गौरवशाली ८९ वर्षे यात्रा

### स्थापना/इतिहास

नेपालको पहिलो बैंकको रूपमा वि.सं. १९९४ साल कात्तिक ३० गते स्थापना भएको नेपाल बैंक लिमिटेडले ८८ वर्ष पार गरी ८९औँ वर्षमा प्रवेश गरेको छ। नेपालमा औपचारिक बैंकिङ सेवाको सुरुवात मात्र नभई स्वदेशी मुद्रा प्रचलनमा सहजता ल्याउने श्रेय पनि नेपाल बैंक लिमिटेडलाई जान्छ। भारतीय रुपैयाँको धेरै चलनचल्ती रहेको समयमा आफ्नै देशको मुद्रा प्रचलनमा ल्याउन नेपाल बैंक लिमिटेडले खेलेको भूमिका इतिहासका स्वर्णिम पानाहरूमा सदा लेखिइरहने नै छ। वि. सं. १९९४ देखि २०१३ सालसम्म देशको केन्द्रीय बैंकको भूमिका समेत निर्वाह गरी एक अलग पहिचान बनाइसकेको नेपालको पहिलो बैंक, नेपाल बैंक लिमिटेड, १९९४ सालदेखि हालसम्म अनवरत सेवा र विश्वासको ८८ वर्षसम्म अटुट रूपमा बैंकिङ सेवा प्रदान गर्न सफल भई आफ्नो निरन्तर यात्रामा अघि बढिरहेको छ।

### बैंकिङको पर्याय, नेपालीको मनमुटुको बैंक

स्थापना कालदेखि हालसम्म अनवरत सेवा प्रवाह गर्दै आएको नेपाल बैंक, बैंकिङकै पर्यायका रूपमा रहेको र सबै नेपालीको मनमुटुमा बस्न सफल रहेको नेपालको फ्ल्यागसिप बैंक हो। हरेक नेपाली जनसँग प्रगाढ सम्बन्ध गाँसिएको बैंक हो। बैंकिङ क्षेत्रको जननी बैंकका रूपमा स्थापित यस बैंकले देशको आर्थिक र सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। 'सबै पिँढीको साथी' का रूपमा युवादेखि ज्येष्ठ नागरिकसम्म सबैको रोजाइको बैंक बन्न सफल यस बैंकमा हाल देश र विदेशमा रहेका समेत गरी करिब २७ लाख ग्राहक छन्। सरकारी बैंकिङ कारोबार समेत गर्ने जिम्मेवारी पाएको यस बैंकले मुनाफा सँगसँगै सामाजिक सेवा भावलाई समेत उच्च प्राथमिकतामा राखेको छ। बैंकको मूल ध्येय नै ग्राहकलाई कसरी गुणस्तरीय र सहज ढङ्गले वित्तीय सेवा उपलब्ध गराउने भन्ने हो। सम्पूर्ण ग्राहकप्रति समभाव राखी सेवा पुऱ्याइरहेको यस बैंकले आफ्नो ८८ वर्षे लामो यात्रामा लाखौँ नेपालीको मन जितेर पहिलो रोजाइको बैंक बन्न सफल भएको छ। सेवाग्राहीको यही अटुट साथ र सहयोगले बैंकलाई थप हौसला प्रदान गर्दै अघि बढ्न प्रेरित गरिरहेको छ।

### प्रभावकारी ग्राहक सेवा

नेपाल बैंकले आफ्नो ग्राहक सेवामा जुन फड्को मारिरहेको छ त्यसै अनुसार आम ग्राहकहरूको धारणामा समेत व्यापक परिवर्तन आएको देखिन्छ। हालका वर्षहरूमा यस बैंकले प्रभावकारी ग्राहक सेवा र संस्थागत कार्य संस्कृतिमा धेरै ठूलो परिवर्तन गरेको छ। आफ्ना ग्राहकहरूलाई सन्तुष्टि प्रदान गर्दै र नयाँ ग्राहकलाई आकर्षित गर्ने नयाँ-नयाँ रणनीतिका साथ बैंक अगाडि बढिरहेको छ। समयानुकूल बजारको मागलाई ध्यानमा राखी ग्राहक वर्गमा समयानुरूप नयाँ-नयाँ बैंकिङ सेवा सुविधा पस्कन सफल यस बैंकले आधुनिक डिजिटल प्रविधिलाई आत्मसात गरेको छ। ग्राहक सेवामा अझै बढोत्तरी गर्ने उद्देश्यले बैंकको प्रधान कार्यालयमा सञ्चालित कलसेन्टर मार्फत सेवाग्राहीलाई बैंकका सेवाका बारेमा जानकारी गराउने, ग्राहकहरूका गुनासा तथा जिज्ञासा




सङ्कलन गरी यथाशीघ्र समाधानका लागि पहल गर्ने समेत कार्य भइरहेको छ।

### सुरक्षित लगानीका साथ आर्थिक विकासमा योगदान

नेपाल बैंकले आफ्नो लगानीलाई कुनै निश्चित क्षेत्रमा मात्र केन्द्रित नगरी विभिन्न क्षेत्रमा विविधिकृत गरिरहेको छ। जनताको नासोका रूपमा रहेको निक्षेपको पूरापूर सुरक्षा गर्दै अत्यन्त सावधानीपूर्वक निक्षेपलाई परिचालन गर्दै आइरहेको छ। लगानी विविधिकृत गरिएकै कारण यस बैंक कर्जा जोखिमको समस्यालाई न्यूनीकरण गर्न सफल भएको छ।

अर्थतन्त्रको मौद्रिकीकरण तथा देशैभर शाखा सञ्जाल विस्तार मार्फत वित्तीय पहुँच बढाएर एवं सरकारका नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गरी गरिबी निवारणमा समेत योगदान दिँदै उद्योग तथा वाणिज्य क्षेत्रको विकास मार्फत प्रत्यक्ष र परोक्ष रूपमा रोजगारी सिर्जना गरेर नेपाल बैंकले आर्थिक विकासमा प्रभावकारी भूमिका खेलिरहेको छ। नेपाल सरकारले लिएको दिगो विकासका लक्ष्यलाई टेवा पुग्नेगरी नियमनकारी निकायको निर्देशनमा रही लगानीका क्षेत्रलाई विस्तार गरिरहेको छ। समग्रमा वित्तीय नीति र मौद्रिक नीतिको सफल कार्यान्वयनमा बैंकले अग्रणी भूमिका निर्वाह गर्दै आएको छ।

### संस्थागत सामाजिक उत्तरदायित्व तथा वित्तीय पहुँच

बैंकिङ सेवासँगै सरकार र समुदायसँग रहेर कार्य गर्ने सोच अनुरूप बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका धेरै महत्त्वपूर्ण क्षेत्रमा आफ्नो सहभागिता जनाएको छ। त्यसैगरी हरेक नेपालीमा वित्तीय ज्ञान एवं चेतना अभिवृद्धिका लागि वित्तीय समावेशीकरण मार्फत आर्थिक समृद्धिको आधारशिला निर्माणमा टेवा प्रदान गर्ने देशव्यापी रूपमा वित्तीय तथा डिजिटल साक्षरताका कार्यक्रम सञ्चालन गर्दै आएको छ। प्राकृतिक प्रकोप, भूकम्प, बाढी, महामारी लगायतका विभिन्न सङ्कटमा बैंकले अतुलनीय रूपमा सामाजिक उत्तरदायित्व निर्वाह गरिरहेको छ।

### अत्याधुनिक प्रविधिको प्रयोग

समयको माग र खरो प्रतिस्पर्धामा उत्रन बैंकले आधुनिक प्रविधिको उच्चतम प्रयोग र ग्राहक सुविधामा डिजिटल प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिएर अगाडि बढेको छ। बैंकका कुल ग्राहकमध्ये करिब पन्ध्र लाख ग्राहकलाई विभिन्न प्रकारका डिजिटल माध्यम (मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, डेबिट कार्ड, क्रेडिट कार्ड, ट्राभल कार्ड, क्यूआर, डिम्याट, सिआस्वा लगायत) मा आबद्ध गर्दै डिजिटल बैंकिङ सेवा उपलब्ध गराइरहेको छ। यस्तैगरी आधुनिक बैंकिङलाई आत्मसात गर्दै बैंकले अनलाइन चेक क्लियरिङ मेसिन मार्फत चेक क्लियरिङ गर्ने र क्यास डिपोजिट मेसिन मार्फत ग्राहक आफैँले नगद जम्मा गर्नसक्ने व्यवस्था समेत गरेको छ। साथै ए.टी.एम. कार्डहरूमा ई-कमर्स सुविधा साथै डिजिटल वालेट मार्फत कारोबार गर्ने सुविधामा थप गर्दै आधुनिक समयमा प्रचलित रहेका विभिन्न अनलाइन प्लेटफर्ममा समेत कारोबार गर्ने व्यवस्था गरेको छ। यसका साथै अनलाइनबाट र नागरिक एपबाट खाता खोल्ने सुविधा, अनलाइनबाटै डिम्याट खाता खोल्ने सुविधा समेतको व्यवस्था गरेको छ।

### वर्तमान अवस्था

ग्राहक सेवा विस्तारमा आक्रामक ढङ्गले प्रस्तुत भई बैंकले २३१ शाखा मार्फत कारोबार गर्दै आएको छ। बैंकले शाखासँगै २३७ वटा एटीएम, ६१ वटा एक्सटेन्सन काउन्टर मार्फत देशैभर आफ्नो गतिलो उपस्थिति जनाएको छ।

विगत केही वर्षदेखि मुलुकको अर्थतन्त्रमा आएको शिथिलताले गर्दा तरलता, लगानीको मात्रा एवं गुणस्तर लगायत समग्र बैंकिङ प्रणालीमा परेको प्रभाव र त्यसबाट सिर्जित जोखिमलाई न्यूनीकरण गर्दै स्वस्थ लगानी तथा चुस्त बैंकिङ सेवाको विस्तार गर्नका लागि बैंकले आफ्ना रणनीतिक योजना मार्फत व्यावसायिक विकास र संस्थागत सुदृढीकरणका क्रियाकलाप सञ्चालन गरिरहेको छ। बैंकका सबै वित्तीय सूचक स्वस्थ र सन्तुलित रहेका छन्। साथै हरेक वर्ष ती सूचकमा उल्लेख्य प्रगति भइरहेको छ। आ.व. २०८१/८२ आषाढ मसान्तसम्म बैंकले रु. ३३७ अर्ब निक्षेप सङ्कलन गरी २३६ अर्ब कर्जा प्रवाह गर्न बैंक सफल भएको छ। ८९ वर्षअघि ८ लाख ४२ हजार रुपैयाँबाट सुरु भएको नेपाल बैंकको चुक्ता पुँजी हाल १४.६९ अर्ब छ। बैंकको जगेडा कोषमा २३.९३ अर्ब रुपैयाँ रहेको छ भने ३८ अर्बभन्दा बढी नेटवर्थ रहेको छ। त्यस्तै बैंकको सञ्चालन मुनाफामा बढोत्तरी भइरहेको छ। वित्तीय परिसूचकहरूका आधारमा नेपाल बैंक नेपालको बैंकिङ क्षेत्रको एउटा सशक्त बैंकका रूपमा उभिएको छ।

### दक्ष युवा जनशक्ति तथा कुशल व्यवस्थापन

कुनै पनि संस्थाको सफलता त्यस बैंकमा रहेको दक्ष जनशक्तिमा निर्भर रहन्छ। आधुनिक डिजिटल प्रविधिसँगै साक्षात्कार गर्ने युवा पुस्ताको बाहुल्य रहेको यस बैंकमा आउटसोर्सिङ सहित करिब ३६०० को सङ्ख्यामा कार्यरत कर्मचारीहरूको औसत उमेर ३६ वर्ष रहेको छ भने महिला र पुरुष कर्मचारीहरूको सङ्ख्यामा उचित सन्तुलन रहेको छ। सक्षम सञ्चालक, कुशल व्यवस्थापक तथा शैक्षिक र प्राविधिक निपूर्णताले खारिएका जनशक्तिका कारण निरन्तर रूपमा ग्राहकको अपार माया पाउन बैंक सफल भएको छ। आफ्नो ८८ वर्षे इतिहासका दौरानमा बैंकले धेरै नै आरोह अवरोह हरेक चुनौती पार गर्दै वित्तीय क्षेत्रको बलियो खम्बाका रूपमा आफूलाई स्थापित गराउन बैंक सफल भएको छ र आगामी दिनहरूमा समेत समयानुकूल दक्ष जनशक्ति भित्र्याउँदै अघि बढ्नेमा बैंक विश्वस्त छ।

### नेपाली अर्थतन्त्र विकासका लागि बैंकले गरेको प्रतिबद्धता

बैंकले हालसम्म आइपुग्दा नेपाली अर्थतन्त्रको विकासमा अतुलनीय योगदान गरेको छ। हाल आएर नेपाल सरकारले लिएको दिगो विकास लक्ष्यलाई पूरा गर्नेगरी निर्देशित गरेका क्षेत्रहरूमा नियमनकारी निकायले दिएका निर्देशनको पालना गर्दै बैंक लगानी गर्न कटिबद्ध छ। हरेक स्थानीय तहका हरेक व्यक्ति वित्तीय रूपमा साक्षर बन्ने, लगानीका अवसर सिर्जना हुने र ग्रामीण अर्थतन्त्रको विकासमा उदाहरणीय योगदान गर्ने सोचका साथ बैंक अघि बढेको छ। कृषि सहित प्राथमिकता प्राप्त क्षेत्रको विकासमा बैंकले आफ्ना सबै अवयव परिचालन गर्ने लक्ष्य पनि लिएको छ।

सबै नेपालीलाई प्रविधिमैत्री बैंकिङ सेवा उपलब्ध गराउने प्रतिबद्धताका साथ बैंक निरन्तर अघि बढेको छ। डिजिटल नेपालको अभियानमा दर्बिलो सारथीका रूपमा आफूलाई उभ्याउन बैंकले प्रभावकारी ग्राहक सेवामा जोड दिएको छ। यति मात्रै होइन, सामाजिक उत्तरदायित्वका क्षेत्रमा बैंकले देशभरि नै प्रभावकारी उपस्थिति जनाउँदै आएको छ। नेपाल बैंक मुलुकको आर्थिक उन्नति र प्रगतिका मामिलामा नाफा र घाटा मात्र नहेरी राष्ट्रभक्तिको भावले ओतप्रोत भई मुलुकको पहिलो बैंक, नेपाल बैंक लिमिटेडले ८८ वर्षदेखि अविरल सेवा प्रदान गर्दै आइरहेको छ।

**महत्त्वपूर्ण तथ्याङ्कहरू**

| | |
|---|---|
| चुक्ता पुँजी | : १४ अर्ब ६९ करोड |
| निक्षेप | : ३ खर्ब ३७ अर्ब |
| कर्जा | : २ खर्ब ३६ अर्ब |
| नेटवर्थ | : ३८ अर्ब |
| जगेडा कोष | : २३ अर्ब ९३ करोड |
| पुँजी पर्याप्तता अनुपात | : १३.०६% |
| निष्क्रिय कर्जा अनुपात | : ४.४७% |
| कर्जा निक्षेप अनुपात | : ७०.७२% |
| कुल शाखा सङ्ख्या | : २३१ |
| एक्सटेन्सन काउन्टर | : ६१ |
| ग्राहक सङ्ख्या | : करिब २७ लाख |
| कर्मचारी सङ्ख्या | : करिब ३६०० |
| एटिएम सङ्ख्या | : २३७ |
| मोबाइल बैंकिङ ग्राहक सङ्ख्या | : करिब १० लाख |

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,४९,७०० ▼ |
| चाँदी | : | ३२८५ ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २५४५.७३ (+१.१३) ▲ |
| कारोबार रकम | : | ३,४९९,८२१,६७९ ▼ |
| कारोबार भएका सेयर | : | ७,६०५,५८४ |
| कारोबार सङ्ख्या | : | ५०,६२१ |
| कारोबार भएका कम्पनी | : | ३२९ |

### उनानब्बे वर्षको यात्रामा नेपाल बैङ्क

## लेजर बुकदेखि डिजिटल बैङ्किङसम्म

**भेषराज बेल्बासे**
*काठमाडौँ, कात्तिक २९ गते*

भारतीय रुपियाँको प्रभाव घटाउँदै जनतालाई औपचारिक बैङ्किङतर्फ डोऱ्याउने श्रेय पाएको नेपाल बैङ्क लिमिटेडले ८९ वर्षको यात्रा तय गरेको छ। लेजर बुक, धातुको टोकन र पासबुकमार्फत सुरु भएको यसको यात्रा अब पूर्ण डिजिटल बैङ्किङतर्फ उन्मुख भएको छ।

नेपालको जेठो वाणिज्य बैङ्क नेपाल बैङ्क आइतबारदेखि औपचारिक रूपमा ८९ औँ वर्षमा प्रवेश गरेको हो। विसं १९९४ कात्तिक ३० गते स्थापना भएको यो बैङ्कबाट नै नेपालमा संस्थागत बैङ्किङ प्रणालीको सुरुवात भएको हो।

भारतीय रुपियाँको छायाबाट नेपाली मुद्रालाई उठाउँदै जनतामा 'बैङ्क' अभियानसहित अघि बढेको यो बैङ्क अहिले आधुनिक प्रविधि र जुझारु युवा जनशक्तिसहित देशभर सेवा प्रवाह गरिरहेको छ। सरकारी स्वामित्वमा सुरु भए पनि सार्वजनिक–निजी साझेदारी (पिपिए) मोडेलमा १० जना लगानीकर्ताको लगानीबाट प्रारम्भ भएको नेपाल बैङ्कले अहिले देशव्यापी सञ्जाल फैलाइसकेको छ।

नेपाल बैङ्कले समय मात्र नभई एक राष्ट्रको आर्थिक चेतना परिपक्व हुँदै गएको प्रमाण पेस गरेको बैङ्कका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेयले बताउनुभयो। नेपालको बैङ्किङ इतिहासको जननीका रूपमा रहेको यो बैङ्कले अहिले समय अनुसार अपग्रेड भइरहेको उहाँले जानकारी दिनुभयो। गत आवको असार मसान्तसम्ममा तीन अर्ब ७७ करोड रुपियाँ खुद मुनाफा आर्जन गरेको बैङ्कको समग्रमा वित्तीय स्वास्थ्य राम्रो छ।

सस्तो ब्याजदर भएकै कारण पहिलेदेखि नै नेपाल बैङ्क कर्जाका लागि आकर्षक रहेको सिइओ पाण्डेयले बताउनुभयो। विश्वसनीयताकै कारण ग्राहकहरू निरन्तर आइरहेको उहाँको भनाइ छ। कर्जा र निक्षेप विस्तार भइरहेको बैङ्कमा चालु आवको पहिलो त्रैमाससम्ममा दुई खर्ब ३६ अर्ब रुपियाँ कर्जा प्रवाह भएको छ भने निक्षेप तीन खर्ब ४२ अर्ब रुपियाँ रहेको छ।

सञ्जाल विस्तारका हिसाबले ७१ जिल्लामा बैङ्क पुगेको छ भने देशका विभिन्न स्थानमा २३१ वटा शाखा, ६१ वटा एक्सटेन्सन काउन्टर र २३७ वटा एटिएम सञ्चालनमा छन्।



तस्बिर : कविन अधिकारी

**नेपाल बैङ्कका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेय।**

- साहुबाट भन्दा पनि बैङ्कबाट ऋण लिनु पर्छ भन्ने पाठ नेपाल बैङ्कले नै सिकाएको हो।
- नेपालको बैङ्किङ इतिहासको जननीका रूपमा रहेको यो बैङ्कले अहिले समय अनुसार अपग्रेड भइरहेको छ।

बचतकर्ता र ऋणीसमेत गरेर बैङ्कसँग अहिले करिब २७ लाख ग्राहक रहेको जानकारी दिँदै उहाँले पूर्ण रूपमा प्रतिस्पर्धी र आधुनिक बैङ्कका रूपमा नेपाल बैङ्क अग्रसर रहेको बताउनुभयो। सरकारी स्वामित्वमा रहे पनि नियामक निकायको नियमनमा बसेर काम गर्न निजी क्षेत्रका बैङ्कसँग काँधमा काँध र कुममा कुम जोडेर बैङ्क अगाडि बढिरहेको उहाँले बताउनुभयो।

अहिले कर्जाको तुलनामा निक्षेप उच्चदरले बढिरहेको भन्दै उहाँले यसलाई व्यवस्थापन गर्नका लागि उपयुक्त अवसर नभएको बताउनुभयो। अहिले बजारमा आइरहेको हल्लाले देशको अर्थतन्त्रको भविष्यबारे चिन्ता प्रकट भइरहेको अवस्थामा बैङ्किङ क्षेत्रमा प्रशस्त मात्रामा तरलता रहेको उहाँको भनाइ छ।

स्थापनाकालमा भारतीय मुद्रा विस्थापन गर्न मुख्य भूमिका खेलेको नेपाल बैङ्क संस्थागत सामाजिक उत्तरदायित्वमा अगाडि रहेको भन्दै उहाँले नेपाली बैङ्किङ क्षेत्रको विकास र विस्तारमा महत्त्वपूर्ण छाप बसाल्दै केही महत्त्वपूर्ण काम पनि गरेको बताउनुहुन्छ। बैङ्क भनेको थाहा नभएका आमसर्वसाधारणलाई बैङ्क सिकाउनेसम्मको भूमिका बैङ्कले खेलेको उहाँको भनाइ छ।

साहुबाट भन्दा पनि बैङ्कबाट ऋण लिनु पर्छ भन्ने पाठ नेपाल बैङ्कले नै सिकाएको विगत सम्झँदै उहाँले भन्नुभयो, "बैङ्कले सुरुवाती दिनमा लेजर बुक, धातुको टोकन माध्यमबाट निक्षेप बुझी भुक्तानी दिने, कारोबारको पासबुक रेकर्ड राखी ग्राहकलाई दिने, रुपियाँ, पैसा घडा तथा बाकसमा हैन बैङ्कमा राख्नुपर्ने अवस्थाबाट अहिले डिजिटल बैङ्कमार्फत कारोबार र प्रतिस्पर्धामा उत्रेको छ।"

आमजनतामा बचत गर्ने बानीको विकास गर्दै उद्योग व्यवसायका लागि कच्चा पदार्थ आयात गर्न, देशमा उत्पादित वस्तु निकासी गर्न मद्दत पुगोस् भन्ने अभिप्रायले यो बैङ्क खोलिएको उहाँले स्पष्ट पार्नुभयो।

आठ लाख ४२ हजार रुपियाँ पुँजीमा स्थापना भएको नेपाल बैङ्क तत्कालीन साहु महाजनका निजी डिलर तथा व्यापारिक केन्द्रमा सीमित रहेको वित्तीय कार्य (मौद्रिक लेनदेन) लाई औपचारिक माध्यमबाट सञ्चालन गर्न, जनतामा बचत गर्ने बानीको विकास गर्दै उद्योग व्यवसायका लागि कच्चा पदार्थ आयात गर्नकै लागि खोलिएको उहाँले बताउनुभयो। साथै देशमा उत्पादित वस्तु निकासी गर्न मद्दत पुगोस् भन्ने अभिप्रायले सरकार तथा निजी क्षेत्रको संयुक्त लगानीमा यो बैङ्क स्थापना गरिएको बैङ्कका सिइओ पाण्डेयले बताउनुभयो।

बैङ्कले ८९ वर्षको अवधिमा विभिन्न उतारचढाव सामना गर्दै अहिले अन्य सरकारी तथा निजी बैङ्कसँग प्रतिस्पर्धा गरिरहेको छ। सरकारको ५१ र सर्वसाधारणको ४९ प्रतिशत सेयर स्वामित्व रहेको बैङ्क अहिले नयाँ नयाँ प्रविधिको प्रयोगले आमग्राहकलाई आकर्षित गर्ने प्रयास गरिरहेको छ। नेपाली बैङ्क बजारमा अत्याधुनिक प्रविधिमैत्री, प्रभावकारी कर्मचारी र देशभर शाखा सञ्जाल भएको बैङ्कका रूपमा नेपाल बैङ्क परिचित छ।

बैङ्क सेवाको हिसाबले नेपाल बैङ्कमा रहेको अहिलेको जनशक्ति जुझारु युवाको काँधमा पुगेको छ। बजारमा रहेको सक्षम जनशक्तिले यो बैङ्क हाँकेको छ। अहिले नेपाल बैङ्कका कर्मचारीको औसत उमेर ३६ रहेको छ। बैङ्कसँग २१ वर्षदेखि ५७ उमेर पुगेका कर्मचारी छन्। नेपाल बैङ्कमा सबै युवा कर्मचारी छन्। पुरानो बैङ्क भए पनि कर्मचारी सबै नयाँ पुस्ताका छन्। बैङ्कको बाहिरबाट बोर्ड र भवन हेरेर बैङ्कको मूल्याङ्कन गर्ने परिपाटी अब नरहेको सिइओ पाण्डेयले बताउनुभयो। बैङ्क हामी अस्तीभन्दा हिजो उन्नत, हिजोभन्दा आज उन्नत र आजभन्दा भोलि उन्नत, गुणस्तरीय, भरपर्दो र अत्याधुनिक बैङ्क सेवा उपलब्ध गराउन सदैव प्रयत्नशील रहेको उहाँले बताउनुभयो।

## विकल्प पनि बनेनन् दुई अन्तर्राष्ट्रिय विमानस्थल






**मीनराज भण्डारी**
*काठमाडौँ, कात्तिक २९ गते*

नेपालमा अन्तर्राष्ट्रिय उडान गर्दै आएका जहाजले काठमाडौँको विकल्पमा देशभित्रकै दुई विमानस्थललाई प्रयोग गर्न नरुचाउँदा जहाज देशबाहिर डाइभर्ट हुने क्रम रोकिएको छैन।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कारणवश अवतरण हुन नसकेका जहाजले वैकल्पिक विमानस्थलका रूपमा सबैभन्दा नजिकको विमानस्थललाई पहिलो प्राथमिकता दिनुपर्ने हो। नेपालमा अन्तर्राष्ट्रिय उडान गर्ने कुनै पनि हवाई कम्पनीले भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थललाई विकल्पका रूपमा प्रयोग नगर्दा आधा घण्टानजिकको विमानस्थलमा अवतरण हुन सक्ने जहाज एक घण्टा ४५ मिनेटको एकतर्फी उडान गरेर देशबाहिर डाइभर्ट हुँदै आएका छन्।

काठमाडौँभन्दा अवतरण गर्न सहज र कम खर्चिलो मानिएको भैरहवा विमानस्थलमा उडान गर्दै आएका वायुसेवाले समेत आफ्नो प्राथमिकतामा नराखेपछि यी विमानस्थल आन्तरिक उडानमा मात्रै सीमित भएका छैनन्, सरकारले अन्तर्राष्ट्रिय हब बनाउने र काठमाडौँको विकल्प बनाउने गरी गरेका प्रयाससमेत असफल भएका छन्।

नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार भैरहवामा हाल हप्तामा तीन अन्तर्राष्ट्रिय उडान हुँदै आएका छन्। त्यहाँ उडान गर्दै आएका जहाजसमेत भैरहवामा डाइभर्ट नभएर महँगो शुल्क तिरेर देशबाहिरका विमानस्थलमा अवतरण गर्छन्।

भुलका अनुसार विदेशबाट आउने हरेक उडानले आफ्नो उडान तालिकामा प्रयोग गर्न सक्ने दुई वटा वैकल्पिक विमानस्थल उल्लेख गरेका हुन्छन्। काठमाडौँ विमानस्थलमा अवतरण हुन नसकेको जहाज भैरहवामा अवतरण हुन सक्ने अवस्था हुँदाहुँदै पनि हवाई कम्पनीले देशबाहिरकै विमानस्थललाई प्राथमिकता दिँदै आएका छन्। "चालक दलले जहाज डाइभर्ट हुनुपर्ने अवस्थामा तत्काल आवश्यक पर्ने इन्धन, खाना, प्राविधिक सहयोग, ग्राउन्ड ह्यान्डलिङ, आपत्कालीन उपकरणलगायतका सेवालाई हेर्ने भएकाले नेपालभन्दा भारतलाई नै प्राथमिकता दिने गरेका छन्," उहाँले भन्नुभयो, "यसलाई प्राधिकरणले नियन्त्रण गर्न सक्दैन।"

गत कात्तिक २२ गते एक घण्टाभन्दा बढी समय काठमाडौँको आकाशमा फन्को लगाएर देशबाहिर डाइभर्ट भएका दर्जनौँ उडान र शुक्रबार काठमाडौँको आकाशमा १० मिनेट होल्ड गर्न नसकेर नेपाल वायुसेवा निगमको जहाज भारतको दिल्ली पुगेको घटनाले विदेशी वायुसेवा मात्रै नभएर हाम्रै राष्ट्रिय ध्वजावाहकले समेत देशभित्रकै विमानस्थल वैकल्पिक रोजाइमा पर्न नसकेको देखिन्छ।

प्राधिकरणका अनुसार डाइभर्ट भएका र आपत्कालीन अवस्थाका उडानलाई सुरक्षित, सहज, सस्तो र अनुकूलका हिसाबले अवतरण गर्न गौतम बुद्ध विमानस्थल उपयुक्त विमानस्थल हो।

त्यहाँ अन्तर्राष्ट्रिय वायुसेवालाई आकर्षित गर्न सरकारले विसं २०८३ भदौ मसान्तसम्म यात्रु सेवा शुल्क, पार्किङ, ल्यान्डिङ र न्याभिगेसन सेवा शुल्कमा शतप्रतिशत छुट प्रदान गरिएको छ भने ग्राउन्ड ह्यान्डलिङ सेवामा ७५ प्रतिशतसम्म छुट दिएको छ।

सरकारले विमानस्थल सञ्चालनमा आएदेखि नै छुट दिए पनि प्रविधिमा आधारित अवतरण प्रणाली नहुनु, भूउपग्रहमा आधारित प्रविधि (आरएनपी एआर) प्रयोगमा नआउनु, २४ सै घण्टा एयर ट्राफिक कन्ट्रोल, भन्सार, अध्यागमन, प्रशस्त पार्किङ, क्वारेन्टाइन र यात्रु व्यवस्थापनलगायतका सेवामा हवाई कम्पनी विश्वस्त नहुँदा काठमाडौँमा वर्षा, हावाको गति र दृश्यापन कम हुँदा जहाज मुलुकबाहिर पुग्ने गरेका छन्।

## अझै घटेन तरकारीको भाउ



**सीता शर्मा**
*काठमाडौँ, कात्तिक २९ गते*

दसैँका बेला र तिहारपछिको पनि अविरल वर्षाका कारण महँगिएको हरियो तरकारीको भाउ अझै घटेको छैन। माग अनुसार ताजा तरकारीको आपूर्ति नहुँदा तरकारीको भाउ बढेको छ, जसको मारमा सर्वसाधारण उपभोक्ता परेका छन्।

स्थानीय काउली थोकमै प्रतिकेजी १२० देखि १३० रुपियाँसम्म पुगेको छ भने बन्दा ७० रुपियाँ छ। काउली र बन्दा मात्रै होइन अधिकांश ताजा तरकारीको भाउ सय रुपियाँभन्दा माथि छ।

कालीमाटी फलफूल तथा तरकारी बजार व्यवस्थापन समितिका अनुसार गोलभेँडा थोकमै प्रतिकेजी ९० देखि एक सय रुपियाँ, गाजर १३० देखि १५० रुपियाँसम्म, सेतो मुला ५० रुपियाँ, बोडीतने १२० रुपियाँ, घिउसिमी १२० रुपियाँ, मटरकोसा १८० रुपियाँ कारोबार भएको छ।

त्यस्तै हरियो मोटरकोसा प्रतिकेजी १५० रुपियाँ, मकै बोडी एक सय रुपियाँ, घिउ सिमी १४० रुपियाँ, रातो (नेपाली) आलु ७० रुपियाँ, फर्सी हरियो प्रतिकेजी ८० रुपियाँ थोकमा कारोबार भइरहेको छ। यो अवस्थामा रहेको तरकारीको भाउ खुद्रामा झनै छोइ साध्यै छैन। साग पनि महँगो छ। चम्सुरको साग प्रतिकेजी १८० रुपियाँ, तोरीको साग प्रतिकेजी एक सय रुपियाँ र मेथी प्रतिकेजी २२० रुपियाँ थोकमा किनबेच भएको छ।

### उपभोक्ता र व्यापारी हैरान

कलङ्की चोकमा तरकारी भाउ बुझिरहनुभएका ट्याक्सी ड्राइभर विनोद थापाले अब रोजेको तरकारी किनेर खान सोच्नुपर्ने दिन आउन थालेको सुनाउनुभयो। उहाँले हाल तरकारीमा रायो साग, पाकेको फर्सी, मुला, इस्कुस खाने गरेको बताउनुभयो। तिहारपछि गोलभेँडा, काउली, आलु, बोडी र सिमीलगायतको भाउ घट्ने आशा भए पनि झन् महँगिएको उहाँको गुनासो छ।

तरकारी महँगो हुँदा उपभोक्ता त मारमा परेका छन् नै व्यापारी पनि हैरान छन्। सस्तो हुँदा त बिक्री नहुने अवस्थामा र महँगो हुँदा बिक्री गर्न साह्रै गारो हुने व्यापारी बताउँछन्।

कालीमाटीको थोक बजारका व्यापारी गीताप्रसाद आचार्यले थोरै आएको तरकारी पनि महँगो भएर बेच्न गारो भएको गुनासो गर्नुभयो। कालीमाटी फलफूल तथा तरकारी बजारका थोक व्यापारी संस्थाका अध्यक्षसमेत रहनुभएका आचार्यले दसैँदेखि नै तरकारीको कारोबार घटेको सुनाउनुभयो।

### उत्पादन र आयात दुवै कमी

समितिका अनुसार तरकारीको माग अनुरूप आपूर्ति नभएकाले पनि भाउ महँगो भएको छ। कालीमाटीमा सामान्य अवस्थामा दैनिक एक हजारदेखि एक हजार एक सय मेट्रिक टन तरकारी आपूर्ति हुने गरेकामा अहिले पाँच सयदेखि छ सय मेट्रिक टनको हाराहारीमा मात्रै तरकारी भित्रिने गरेको छ।

कालीमाटी समितिका प्रवक्ता विनय श्रेष्ठले बर्खे तरकारी सकिएको र हिउँदे तरकारी बजारमा पर्याप्त नआइसकेकाले बजारमा तरकारी महँगो भएको बताउनुभयो। खुला बजार नीतिमा माग अनुसार आपूर्ति नहुनेबित्तिकै भाउ बढ्नु स्वाभाविक भएको उहाँको भनाइ छ। समितिका अनुसार हाल कालीमाटी बजारमा तरकारी आउने स्रोत जिल्ला उपत्यकाका तीन (काठमाडौँ, ललितपुर र भक्तपुर), धादिङ, चितवन, नवलपरासी, मकवानपुर, काभ्रे नुवाकोट, दोलखा, तराईका बारा, पर्सा, सर्लाही, सप्तरी छन्। प्याज, आलु, कागती, तरुल, तनेबोडी, परबर, करेला, पाकेको फर्सी भारतबाट र लसुन चीनबाट ल्याउने गरिएको समितिले जनाएको छ। समितिका अनुसार उपत्यकावासीको मागमध्ये लगभग ७५ प्रतिशत कालीमाटी बजारले धान्ने गरेको छ र बाँकी साना बजार बल्खु, बालाजु, बानेश्वर, जडीबुटीलगायतका तरकारी बजारबाट आपूर्ति हुने गरेको छ।

**स्थानीय सरकार**

# मध्यपुर थिमि नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

**बागमती प्रदेश, भक्तपुर, नेपाल**

**समस्याग्रस्त कृषि विकास बचत तथा ऋण सहकारी संस्था लि. गट्ठाघर, मध्यपुर थिमिकातत्कालिन ऋणीहरुलाई ऋणको दायित्व राफसाफ गर्न तथा तत्कालिन पदाधिकारी व्यवस्थापक एंव कर्मचारीहरु सम्पर्क राख्न आउने सम्बन्धमा दोस्रो पटक जारी गरिएको ७ (सात) दिने जरुरी सूचना**

मध्यपुर थिमि नगरपालिका वडा नं. ३ गट्ठाघर स्थित (हाल समस्याग्रस्त घोषित) उक्त सहकारी संस्था स्थापना भए पश्चात सो सहकारी संस्थाबाट कर्जा ऋण लिन हुने ऋणीहरुले उक्त संस्था समक्ष आफू वा आफ्नो कम्पनीका तर्फबाट सो कर्जा ऋणको साँवा व्याज रकम हर्जाना बुझाइएको भन्ने हाल सम्मको अनुसन्धान छानवीनबाट देखिन आएको छैन।

यस समितिले हालसम्म गरेको शूक्ष्म अध्ययन एंव छानवीन अनुसन्धानबाट उक्त सहकारीका सम्बन्धित ऋणीहरुका अलावा व्यवस्थापक, कर्मचारी एंव पदाधकारीहरुको समेत यकिन भैसकेको हुदाँ उक्त सहकारीबाट ऋण लिनु हुने, ऋण दिनु हुने वा कर्जा, ऋण दिलाउनु हुने जो कोही पनि सो कर्जा / ऋण राफसाफ गर्ने दायित्वबाट कानूनतः उन्मुक्ति पाउन सक्ने अवस्था छैन।

अतः आफू वा आफ्नो कम्पनीका नाउँमा सो सहकारीबाट विभिन्न मितिमा कर्जा/ऋण लिनु हुने सम्पूर्ण ऋणीहरुले आफ्नो सो ऋणको दायित्व राफसाफ गर्न आउनु हुनका साथै तत्कालिन समयमा उक्त सहकारीमा कार्यरत वा बहाल रहनु भएका व्यवस्थापक, पदाधिकारी एंव कर्मचारीहरुका हकमा तपाईहरुसंग केही कुरा नबुझी नहुने देखिएकाले यहाँहरु (उल्लेखित) सबै व्यक्तिहरुको हकमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उपस्थित हुन आउनु होला भनी मिति २०८२/०६/२१ गतेका दिन गोरखापत्र दैनिकमा एंव स्थानिय पत्रिका मध्पयपुर पोष्टमा १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएकोमा सो बमोजिमको म्याद भित्र उपस्थित हुन नआउनु भएकोले दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ।

अतः माथि उल्लेख गरिए बमोजिमका काम कार्वाहीको प्रयोजनार्थ यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस समितिको कार्यालयमा सम्पर्क राख्न आउनुहोला। अन्यथा तँपाईहरुको फोटो सहित तिन पुस्ते विवरण समेत सार्वजनिक गरिनुका साथै कानून बमोजिम कार्वाही अघि बढाईने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ।

**समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय**
**मध्यपुर थिमि नगरपालिकाको कार्यालय भवन**
**भक्तपुर**
सम्पर्क नम्बरहरु : ०१-५९२४१४६, ९८४१३११५०२

# ‘समस्या समाधानमा महासङ्घ सक्रिय’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले उद्यमी, व्यवसायी र अर्थतन्त्रको समस्या समाधानमा महासङ्घले ‘ट्रबलसुटर’ को काम गरिरहेको बताउनुभएको छ । शनिबार काठमाडौँमा आयोजित नेपाल विद्युतीय व्यवसायी महासङ्घको १६ औँ वार्षिक साधारण सभा एवं छैटौँ महाधिवेशनको उद्घाटन कार्यक्रममा सम्बोधन गर्दै अध्यक्ष ढकालले महासङ्घले उद्यमी, व्यवसायी तथा अर्थतन्त्रका हरेक समस्याको समाधानका लागि निरन्तर लागि परेको बताउनुभयो।

उद्यमी व्यवसायीका हरेक अप्ठ्यारा र समस्या समाधानका लागि प्रयत्न गर्दै आएको बताउँदै अध्यक्ष ढकालले उद्योगको श्रम समस्या वा डेडिकेटेड तथा ट्रङ्क लाइन विवादको विषय छिट्टै समाधान हुने धारणा राख्नुभयो।

“लगानीको वातावरण निर्माणका लागि कानुन परिवर्तनको कुरा होस्, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको कुरा होस् वा कालाबजारी ऐन संशोधनको कुरा, उद्यमी व्यवसायीका समस्या समाधानका लागि राज्यसँग छलफल, संवाद र वार्ता गरी त्यसको समाधान निकाल्ने प्रयत्न गरेका छौँ,” उहाँले भन्नुभयो।

लामो समयदेखि बल्झिरहेको डेडिकेटेड तथा ट्रङ्क लाइन विवादको समाधानका लागि आफूले प्रधानमन्त्री सुशीला कार्की तथा ऊर्जामन्त्री कुलमान घिसिङलाई आग्रह गरेको उल्लेख गर्नुभयो । यो आग्रहलाई उहाँहरूले गम्भीरतापूर्वक लिएर समस्याको समाधानका लागि पहल गरेको भन्दै प्रधानमन्त्री तथा ऊर्जामन्त्रीलाई ढकालले धन्यवाद व्यक्त गर्नुभयो । मुलुकमा उत्पादन वृद्धि तथा रोजगारी सिर्जनाका लागि ठुलो मात्रामा स्वदेशी तथा विदेशी पुँजीको आवश्यकता रहेको र त्यसका लागि मुलुक तथा मुलुकबाहिर छरिएर रहेको सानो सानो पुँजी सङ्कलन गरी ठुला र बहुआयामिक आयोजनामा लगानी गर्न आवश्यक रहेको अध्यक्ष ढकालको भनाइ छ। महासङ्घको नेतृत्वमा अन्य निजी क्षेत्रसँग आबद्ध सङ्घ संस्था र त्यसका सदस्यको समेत सहभागितामा १० अर्ब रुपियाँ पुँजीको नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड कम्पनीको स्थापना भएको उहाँले जानकारी दिनुभयो।

# रासायनिक मलको मूल्य समायोजन गर्ने तयारी

**लक्ष्मी सापकोटा**
*काठमाडौँ, कात्तिक २९ गते*

सरकारले रासायनिक मलको मूल्य समायोजन गर्ने तयारी गरेको छ। अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य बढ्दै गएपछि लागत मूल्य महँगो पर्न थालेपछि स्थानीय बजारमा समेत मूल्य समायोजन गर्ने तयारी गरिएको हो।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्द शर्माले अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेर आएकाले रासायनिक मलको मूल्य समायोजन गर्ने तयारी गरिएको जानकारी दिनुभयो। शुक्रबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा भएको छलफलमा सचिव शर्माले मलको मूल्य समायोजन गर्ने विषयमा अर्थमन्त्री रामेश्वर खनाललाई जानकारी गराउनुभयो।

अर्थमन्त्री खनालले रासायनिक मलको मूल्य मन्त्रालय तहबाटै समायोजन गर्न निर्देशन दिनुभयो । रासायनिक मल, उखुको अनुदान र बाढीबाट भएको क्षति मन्त्रालयबाट टुङ्गो लगाउन उहाँले निर्देशन दिनुभयो।

अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य बढेकाले चालु आर्थिक वर्ष २०८२/८३ मा विनियोजन गरेको बजेटले लक्ष्य अनुसार खरिद गर्न नसकिने देखिएको उहाँले जानकारी दिनुभयो। चालु आवमा छ लाख मेट्रिक टन रासायनिक मल खरिद गर्न २८ अर्ब ८२ करोड १४ लाख रुपियाँ विनियोजन गरिएको थियो। हालसम्म चार लाख ७१ हजार मेट्रिक टनका खरिदका लागि विनियोजन गरिएको बजेट सकिएकाले थप एक लाख ४६ हजार मेट्रिक टन मल टेन्डर गर्न बजेट व्यवस्थापन गर्नुपर्ने देखिएको सचिव शर्माले जानकारी दिनुभयो। मन्त्रालयका अनुसार हालसम्म दुई लाख ३७ हजार ६१९ मेट्रिक टन मल आयात भइसकेको छ। एक लाख पाँच हजार २५९ मेट्रिक टन मल मौज्दात रहेको मन्त्रालयले जनाएको छ।

एक वर्षको अवधिमा अन्तर र्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य २० देखि २५ प्रतिशतले बढेकाले पनि लक्ष्य अनुसार खरिद गर्न बजेट अपुग भएको मन्त्रालयले जनाएको छ। अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य बढ्दा खरिद मूल्य बढे पनि अनुदानका कारण किसानले भने सस्तोमा मल पाउने गरेका छन् । हाल अन्तर्राष्ट्रिय बजारमा युरिया प्रतिमेट्रिक टन ५४७ अमेरिकी डलर, डिएपी ८९९ अमेरिकी डलर र पोटास प्रतिमेट्रिक टन ४६२ अमेरिकी डलर रहेको छ।

कृषि सामग्री कम्पनी लिमिटेडका अनुसार हाल बजारमा प्रतिकेजी युरिया १५ रुपियाँ, डिएपी ४४ र पोटास ३२ रुपियाँ मूल्यमा बिक्री भइरहेको छ। मुलुकमा वार्षिक सात लाख मेट्रिक टन मलको माग हुने गरेको छ। माग अनुसार मलको आयात नहुँदा बर्सेनि धान रोप्ने बेलामा किसानले अभाव खेप्नु परेको छ।

हाल नियमित रूपमा मल आयात भइरहेको र पर्याप्त मात्रामा मौज्दात रहेकाले अभाव नहुने मन्त्रालयले जनाएको छ।

हिउँदे बालीका लागि डिएपी र युरिया गरेर एक लाख ८० हजार मेट्रिक टन मल खपत हुन्छ। कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनले आयात गरेको मल सहकारीमार्फत किसानलाई वितरण हुने गरेको छ।

# नबिलको ऋणपत्र सूचीकृत

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

नबिल बैङ्कको ‘७ प्रतिशत नबिल डिबेन्चर २०८९’ नामक ऋणपत्र नेप्सेमा सूचीकृत भएको छ। नबिल बैङ्कका प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवाली र नेप्सेका प्रमुख कार्यकारी अधिकृत चूडामणि चापागाईंले सूचीकरणसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नुभयो।

आठबर्से अवधिको ऋणपत्रमा वार्षिक सात प्रतिशत ब्याजदर पाइने बैङ्कले जनाएको छ । एक हजार रुपियाँ अङ्कित मूल्यका दरले ३० लाख कित्ताले हुन आउने तीन अर्ब रुपियाँ बराबरको ऋणपत्र दोस्रो बजारमा बिहीबारदेखि कारोबार सुरु भएको बैङ्कले जनाएको छ । ऋणपत्र रजिस्ट्रार सेवासम्बन्धी काम नबिल इन्भेस्टमेन्ट बैङ्किङ लिमिटेडले गर्ने छ।

# माउन्टेन इनर्जीको नाफा बढ्यो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

माउन्टेन इनर्जी नेपाल लिमिटेडको खुद नाफा ३८.६७ प्रतिशतले बढेको छ। पहिलो त्रैमासको अवधिमा कम्पनीले ४२ करोड ३४ लाख ९६ हजार रुपियाँ खुद नाफा कमाएको हो। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा कम्पनीको खुद नाफा ३० करोड ५३ लाख ९३ हजार रुपियाँ थियो।

समीक्षा अवधिमा कम्पनीले विद्युत् बिक्रीबाट ६१ करोड ३५ लाख ५९ हजार रुपियाँ आम्दानी गरेको छ। जुन अघिल्लो आवको यसै अवधिको तुलनामा २३.७० प्रतिशत बढी हो। अघिल्लो आवको यसै अवधिमा कम्पनीको विद्युत् बिक्रीको आम्दानी ४९ करोड ६० लाख १९ हजार रुपियाँ थियो।

समीक्षा अवधिमा कम्पनीले बिमा दाबीको नौ लाख रुपियाँ पनि प्राप्त गरेको जनाएको छ। कम्पनीको सञ्चालन मुनाफा ३७ करोड ६५ लाखबाट बढेर ४७ करोड १६ लाख पुगेको छ। कम्पनीको कर अगाडिको नाफा भने ४३ करोड ४७ लाख रहेको छ। कम्पनीको चुक्ता पुँजी दुई अर्ब ६० करोड २७ लाख रहेको छ। कम्पनीको रिटेन अर्निङ एक अर्ब ७६ करोड रहेको छ। अघिल्लो आवको सोही अवधिमा कम्पनीको चुक्तापुँजी दुई अर्ब २६ करोड ३२ लाख थियो।

कम्पनीले आव २०८०/८१ बाट १५ प्रतिशत बोनस सेयर वितरण गरेपछि चुक्तापुँजी बढेको हो । कम्पनीले हालै मात्र आव २०८१/८२ का लागि २० प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि १.०५२६ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ।

समीक्षा अवधिमा कम्पनीको वार्षिकीकरण नगरिएको प्रतिसेयर आम्दानी १३.४९ रुपियाँबाट बढेर १६.२७ रुपियाँ पुगेको छ। कम्पनीको प्रतिसेयर नेटवर्थ १६७ रुपियाँ ७८ पैसा रहेको छ। कम्पनीले ४२ मेगावाटको मिस्ट्री खोला र पाँच मेगावाटको तादीखोला आयोजनाबाट नियमित विद्युत् उत्पादन गरिरहेको जनाएको छ।

# बाजुरामा धान उत्पादन वृद्धि

**बाजुरा समाचारदातमा**
*बाजुरा, कात्तिक २९ गते*

बाजुरामा धान उत्पादनमा वृद्धि भएको छ । गत आर्थिक वर्षभन्दा यो आवमा ७५८ मेट्रिक टनले धान उत्पादनमा वृद्धि भएको छ । गत वर्षमा १७ हजार पाँच सय मेट्रिक टन धान उत्पादन भएकामा यस पटक १८ हजार २५८ मेट्रिक टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र बाजुराले जनाएको छ।

आव २०८०/८१ मा १६ हजार ५६५ मेट्रिक टन धान उत्पादन भएको थियो । कृषि ज्ञान केन्द्र बाजुराका प्रमुख जसिराम साहनीका अनुसार पुराना र स्थानीय जातको धानको सट्टा नयाँ धान रोप्न थालेपछि धान उत्पादन बढेको हो। बाजुराका हिमाली, जगन्नाथ, स्वामीकार्तिक खापर, बुढीनन्दा, बडीमालिका, गौमूल, बुढीगङ्गा त्रिवेणी र खप्तड छेडेदह गाउँपालिकालगायत स्थानमा धान खेती हुने गर्छ। यहाँका किसानले चैत वैशाखमा पाखो र जेठ असारमा धान रोपाइँ गर्ने गर्छन्।

बाजुरामा दुई लाख ३० हजार ३७ हेक्टर जमिनमध्ये २२ हजार हेक्टर मात्र खेतीयोग्य छ। यहाँ छ हजार ९१५ हेक्टर जमिनमा मात्र धान खेती गरिन्छ। यसमा १३ हजार १४० हेक्टर जमिनमा धान उत्पादन हुन्छ। १.९ मेट्रिक टन प्रतिहेक्टर धान उत्पादकत्व हुने गरेको साहनीले बताउनुभयो।


नेपालको पहिलो बैंक
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**Rate of Interest**

**Effective From 1st Mangsir 2082**

**Interest Rate on Deposits**

| S.N. | Types of Deposit | Rate (%) Per Annum* | Minimum Balance |
|---|---|---|---|
| 1 | Saving Deposit | | NPR |
| 1.1 | Normal Saving | 2.75 | 500.00 |
| 1.2 | NBL Diamond Saving | 3.00 | 500.00 |
| 1.3 | Women Special Saving | 3.00 | 500.00 |
| 1.4 | Yuva Bachat Khata | 3.00 | 0.00 |
| 1.5 | Santati Saving | 3.00 | 0.00 |
| 1.6 | NBLStaff Pension Saving | 3.50 | 0.00 |
| 1.7 | Remittance Saving | 5.50 | 0.00 |
| 1.8 | NBL Remittance IPO saving | 5.50 | 0.00 |
| 1.9 | Investor's Saving | 3.00 | 0.00 |
| 1.10 | Senior Citizens Special Saving | 3.00 | 500.00 |
| 1.11 | Professional's Saving | 3.00 | 500.00 |
| 1.12 | Social Security Saving | 3.00 or Negotiable | 0.00 |
| 1.13 | Pension Payment Saving | 3.50 | 0.00 |
| 1.14 | NBL Special Saving | 3.50 | 1000.00 |
| 1.15 | Earthquake Relief Saving | 3.50 | 0.00 |
| 1.16 | TU Pension Saving | 3.50 | 0.00 |
| 1.17 | NBL Staff Salary Saving | 4.50 | 0.00 |
| 1.18 | Staff Salary Saving | 4.50 | 0.00 |
| 1.19 | Nari Samman Bachat Khata | 3.50 | 10000.00 |
| 1.20 | Sambandha Bachat Khata | 3.50 | 0.00 |
| 1.21 | Nagarik Bachat Khata | 3.50 | 1000.00 |
| 1.22 | Sambriddha Nepal Abhiyan Bachat Khata | 3.50 | 0.00 |
| 1.23 | Green Saving Account | 3.50 | 1000.00 |
| 1.24 | Chhori (Beti) Kalyan Bachat Khata | 3.50 | 5000.00 |
| 1.25 | Chhori Surakshya Bachat Khata | 3.50 | 0.00 |
| 1.26 | Balbalika Bachat Khata | 3.50 | 0.00 |
| 1.27 | NBL Shubha Gyan Bachat Khata | 2.75 | 0.00 |
| 1.28 | NBL Sahayatri Bachat Khata | 2.75 | 500.00 |
| 1.29 | NBL Pioneer Saving Deposit Account | 4.50 | 10000.00 |
| 1.30 | NBL Ex- Staff Saving Account | 4.50 | 0.00 |
| 2 | Fixed Deposit | | |
| 2.1 | 3 Months to above 5 Years (Individual) 6 months upto 5 Years (Institutional | | |
| 2.1.1 | Individual Fixed Deposit 3 Months to 1 Year | 3.15 | 25000.00 |
| 2.1.2 | Individual Fixed Deposit Above 1 Years - Upto 2 Years | 3.65 | 25000.00 |
| 2.1.3 | Individual Fixed Deposit Above 2 Years - Upto 5 Years | 4.00 | 25000.00 |
| 2.1.4 | Individual Fixed Deposit (Above 5 year) | 5.25 | 25000.00 |
| 2.1.5 | Institutional Fixed Deposit-6M to 1Y | 2.75 | 25000.00 |
| 2.1.6 | Institutional FD-Above 1 year upto 2Y | 2.75 | 25000.00 |
| 2.1.7 | Institutional Fixed Deposit-Above 2Y | 3.25 | 25000.00 |
| 2.2 | Remittance Fixed Deposit | | |
| 2.2.1 | Remittance Fixed Deposit 3 Months to 1 years | 4.15 | 5000.00 |
| 2.2.2 | Remittance Fixed Deposit Above 1 years Upto 2 years | 4.65 | 5000.00 |
| 2.2.3 | Remittance Fixed Deposit Above 2 Years - Upto 5 Years | 5.00 | 5000.00 |
| 2.2.4 | Remittance Fixed Deposit (Above 5 year) | 6.25 | 5000.00 |
| 3 | Recurring Deposit | 3.15 | 1000.00 |
| 4 | Samridhha Nari Recurring Deposit | 3.15 | 25000.00 |
| 5 | Employee Welfare Account | 3.50 | |
| 6 | Akchhaya Kosh | 2.75 or Negotiable | 25000 |
| 7 | NBL Trust Fund | 2.75 | 0.00 |
| 8 | Normal Call Deposit | 0.500 | 100000.000 |
| 9 | FCY Saving Deposit | | |
| 9.1 | USD | 3.00 | USD100 |
| 9.2 | EURO | 1.00 | EURO100 |
| 9.3 | GBP | 1.50 | GBP100 |
| 9.4 | JPY | 0.50 | JPY 100 |
| 10 | NRN Saving Deposit | | |
| 10.1 | USD | 3.00 | USD 1,000 |
| 10.3 | GBP | 1.50 | GBP 900 |
| 10.3 | AUD | 2.00 | AUD 1600 |
| 11 | FCY Fixed Deposit (upto 5 Years) | | |
| 11.1 | USD | 3.50 | USD500 |
| 12 | NRN Fixed Deposit (upto 5 Years) | | |
| 12.1 | USD | 3.50 | USD 1,000 |
| 12.2 | GBP | 3.50 | GBP 900 |
| 12.3 | AUD | 4.00 | AUD 1600 |
| 13 | FCY Call Deposit | | |
| 13.1 | USD | 1.50 | USD100 |

* Payable quarterly

**Interest Rate on Loans and Advances**

| S.N. | Types of Loans and Advances | Rate (%) per annum |
|---|---|---|
| 1 | Export Finance | |
| 1.1 | Pre/Post shipment (NPR) | BR+ 0.50 to 2.00 |
| 1.2 | Pre/Post shipment (USD) | SOFR+ 0.50 to 1.75 |
| 1.3 | Loan Against Bills Collection | BR+ 0.50 to 2.00 |
| 2 | Import Finance | |
| 2.1 | Trust Receipt (NPR) | BR+ 0.25 to 2.00 |
| 2.2 | Trust Receipt (NPR)- For Trading | BR+ 0.50 to 1.75 |
| 2.3 | Trust Receipt (USD) | SOFR+ 0.50 to 2.00 |
| 3 | Business Term Loans | |
| 3.1 | Industrial | BR+ 1.25 to 3.25 |
| 3.2 | Commercial - For Trading | BR+ 1.50 to 3.00 |
| 3.3 | Real Estate-Housing Plan | BR+ 1.75 to 2.75 |
| 3.4 | Real Estate-Comercial Complex | BR+ 1.75 to 2.75 |
| 3.5 | Hire Purchase loan | BR+ 1.00 to 3.00 |
| 4 | Working Capital Loans (Hypothecation/Overdraft/Pledge/ Demand/RWC/Contract Loan) | |
| 4.1 | Industrial Working Capital | BR+ 0.25 to 2.25 |
| 4.2 | Commercial Working Capital - For Trading | BR+ 0.50 to 2.25 |
| 4.3 | NBL Permanent WC | BR+ 0.25 to 2.25 |
| 5 | Special SME Loans | |
| 5.1 | Mortgage loan | BR+ 2.50 to 4.50 |
| 5.2 | Sajilo Byabasaya Karja | BR+ 1.00 to 3.00 |
| 5.3 | Sambriddha Byabasaya Karja | |
| 5.3.1 | Sambriddha Byabasaya Term | BR+ 1.25 to 3.25 |
| 5.3.2 | Sambriddha Byabasaya Working Capital | BR+ 0.75 to 2.75 |
| 5.4 | Laghu Udhyam karja | BR+ 1.00 to 3.00 |
| 5.5 | Anniversary Business Loan* | BR+ 1.00 to 3.00 |
| 5.6 | 85th Anniversary Business Loan | BR+ 0.75 to 2.75 |
| 6 | Deprived Sector loan | |
| 6.1 | Individual | BR+ 1.00 to 2.00 |
| 6.2 | Institutional (Wholesale)- Revolving | BR+ 0.50 to 2.00 |
| 6.3 | Institutional (Wholesale)- Term loan | BR+ 1.00 to 2.00 |
| 6.4 | Institutional (Retail)- Revolving | BR+ 0.50 to 2.00 |
| 6.5 | Institutional (Retail) -Term Loan | BR+ 1.00 to 2.00 |
| 7 | Agriculture Loan | |
| 7.1 | Subsidized | BR+ 1.50 to 2.00 |
| 7.2 | Non Subsidized | BR+ 1.00 to 2.00 |
| 7.3 | NBL Saral Krishi Karja Working Capital | BR+ 0.50 |
| 7.4 | NBL Saral Krishi Karja Term Loan | BR+ 0.50 |
| 8 | Other Loans | |
| 8.1 | Gold and Silver loan | BR+ 2.50-4.00 |
| 8.2 | Loan against first class bank guarantee | BR+ 2.00 to 3.00 |
| 8.3 | Loan against FD receipt | Coupon Rate + 2.00 |
| 8.4 | Loan against Government Securities | Coupon Rate + 1.00 or 1 year fixed deposit, whichever is higher |
| 8.5 | Sahuliyatpurna Karja | BR+ 2.00 |
| 8.6 | Entrepreneurship Term Loan-Lumbini | As per MOU |
| 8.7 | NBL Com. Agri. & Livestock TL- Karnali | BR+ 2.00 |
| 8.8 | NBL Com. Agri. & Livestock WC- Karnali | BR+ 2.00 |
| 8.9 | NBL Byebasaye Ji. Rakchya TL- Gandaki | BR+ 1.00 to 3.00 |
| 9 | Retail loans | |
| 9.1 | Auto Loan | |
| 9.1.1 | Private Vehicle 5 years term | BR+ 0.50 to 2.50 |
| 9.1.2 | Private Vehicle 7 years term | BR+ 0.75 to 2.50 |
| 9.1.3 | Private vehicle business use 5 years term | BR+ 0.75 to 2.50 |
| 9.1.4 | Commercial vehicle 3-5 years term | BR+ 1.50 to 2.50 |
| 9.1.5 | Auto loan (Nepalaxmi)* | BR+ 3.00 to 3.50 |
| 9.1.6 | Professional Auto Loan | BR+ 0.50 to 2.50 |
| 9.1.7 | Auto Loan (Electrical Vehicle) | BR+ 1.00 to 2.50 |
| 9.2 | Home Loan | |
| 9.2.1 | 5 years term | BR+ 2.42 |
| 9.2.2 | 10 years term | BR+ 2.42 |
| 9.2.3 | Above 10 years term | BR+ 2.42 |
| 9.2.4 | Professional Home Loan | BR+ 2.42 |
| 9.2.5 | Nepalaxmi Home Loan | BR+ 2.42 |
| 9.3 | Shulav Aawas Karja | |
| 9.3.1 | 10 years term | BR+ 1.99 |
| 9.3.2 | Above 10 years term | BR+ 1.99 |
| 9.4 | NBL Sarbasulav Awash karja | |
| 9.4.1 | Up to 5 years | BR+ 0.50 |
| 9.4.2 | Above 5 up to 10 years | BR+ 1.00 |
| 9.4.3 | Above 10 to 15 years | BR+ 1.50 |
| 9.4.4 | Above 15 to 25 years | BR+ 2.00 |
| 9.5 | Personal Term Loan | |
| 9.5.1 | Upto 10 years term | BR+ 2.50 to 3.50 |
| 9.5.2 | Above 10 years term | BR+ 3.50 to 4.00 |
| 9.6 | Personal Overdraft | |
| 9.6.1 | POD-Professional | BR+ 2.50 to 3.50 |
| 9.6.2 | POD-Others | BR+ 3.00 to 4.00 |
| 9.7 | NBL Professional Loan | |
| 9.7.1 | Overdraft | BR+ 2.50 to 3.50 |
| 9.7.2 | Term Loan | BR+ 2.50 to 3.50 |
| 9.8 | Education Loan | |
| 9.8.1 | 5 years term | BR+ 2.00 to 3.00 |
| 9.8.2 | 10 years term | BR+ 2.50 to 3.50 |
| 9.9 | Margin Lending | BR+ 1.50 to 3.50 |
| 9.10 | NBL Flexi Loan | |
| 9.10.1 | Flexi Term Loan | BR+ 2.50 to 3.50 |
| 9.10.2 | Flexi Overdraft | BR+ 3.00 to 3.50 |
| 9.11 | Sewagrahi Karja | BR+ 2.50 to 4.50 |
| 9.12 | Ghaderi Karja | BR+ 1.75 to 3.75 |
| 9.13 | NBL Pensioner Loan | BR+ 3.00 to 4.00 |

**Retail Term Loans (Fixed Rate)**

| S.N. | Tenure | 5 Years | 7 years | 10 Years |
|---|---|---|---|---|
| **1** | Home Loan/ Nepalaxmi/ Professional Home Loan/ Shulav Aawas karja | 9.90 | | 9.99 |
| **2** | Auto Loan/ Nepalaxmi Auto Loan/ Professional Auto Loan | 9.90 | 9.95 | |
| **3** | Electrical Vehicle 5 years | 9.90 | | |
| **4** | Personal Term Loan | 9.99 | | 9.99 |
| **5** | NBL Professional Term Loan | 9.99 | | 9.99 |
| **6** | NBL Flexi Loan | 9.99 | | 9.99 |
| **7** | Education Loan | 9.90 | | |
| **8** | Sewagrahai Karja | 9.99 | | |
| **9** | Ghaderi Karja | 9.99 | | 9.99 |

**Business Term Loans (Fixed Rate)**

| S.N. | Tenure | Rate (%) per annum |
|---|---|---|
| 1 | Upto 10 Years | Upto 9.99 |

**Average Base Rate (BR) of last three consecutive months Ending Aswin 2082 : 5.25%**
**Spread Rate as of Aswin end 2082 : 3.91**

1) Floating Lending rates shall be adjusted as per the change in average Base rate last three consecutive months.
2) Rate on Consortium financing shall be as decided by consortium meetings.
3) Additional penal interest + 2% p.a. shall be applied on overdue amount/expired loan (In compliance with NRB Directive).
4) Risk premium upto+ 2% p.a. additional can be charged for watch-list clients.
5) Interest rate on similar nature loan product shall be in line with NRB Directive No. 15/081 point No 3(7).
6) Premium rate on each borrower shall be determined subject to loan type/category, tenure of each loan, Internal credit risk Risk Grading .
7) *Auto loan (Nepalaxmi) Loan have been suspended.
8) Kindly contact our nearest branch or visit www.nbl.com.np for further details.

# एनपिएलको तयारी लगभग पूरा



**प्रजित शाक्य**
*काठमाडौँ, कात्तिक २९ गते*

नेपाल क्रिकेट सङ्घ (क्यान) ले शनिबार दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल) को तयारी लगभग सकिएको जनाएको छ । नेपालको सबभन्दा ठुलो क्रिकेट प्रतियोगिता मानिएको एनपिएल स्तरोन्नति भएको त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा कृत्रिम प्रकाशमा सोमबार सुरु हुँदै छ। उद्घाटन खेल च्याम्पियन जनकपुर बोल्ट्स र काठमाडौँ गोर्खाजबिच हुने छ।

क्यानका अध्यक्ष चतुरबहादुर चन्दले एनपिएलको तयारी लगभग पूरा भइसकेको जानकारी दिनुभयो। यस पटकको एनपिएललाई अझ व्यापक बनाउने हाम्रो लक्ष्य छ। "पहिलो संस्करणमा प्राप्त सफलताको उत्साहले दोस्रो संस्करणलाई थप भव्य बनाउने भरोसा पनि छ तर यो लक्ष्यमा पुग्न सबैको सहयोगको अपेक्षा छ," उहाँले भन्नुभयो।

यसै गरी क्यानका सचिव पारस खड्काले नेपाल क्रिकेट एक उद्योग बन्न सक्ने अवस्थामा प्रवेश गरेको तर अहिले धेरै उत्साहित पनि बन्न नहुने भनाइ राख्नुभयो। उहाँका अनुसार क्यानको अहिलेका सम्पूर्ण ध्यान दोस्रो एनपिएललाई सफलतापूर्वक सम्पन्न गर्नु रहेको छ। एनपिएल गभर्निङ काउन्सिलका पनि संयोजक खड्काले गत वर्ष लोगो अनावरणदेखि विभिन्न कार्यक्रम गरेको तर यसपालि देशको विषम परिस्थितिका कारण एनपिएल ट्रफी टुरलगायत विभिन्न कार्यक्रम भव्य रूपमा नगर्ने निर्णय क्यानले गरेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो तर हामीले डिजिटल रूपमा प्रवर्धन गरेका छौँ। नेपाल क्रिकेटको समर्थकसँगको डिजिटल संलग्नता गजबको भएकोले फाइदा पुगेको छ। आठ टिम सहभागी एनपिएलमा लिग चरण, तीन वटा प्लेअफ र फाइनलसहित कुल ३२ खेल हुने छन्। एनपिएलको समापन मङ्सिर २७ गते हुने छ।

### ४० करोडभन्दा बढी आम्दानी हुने

क्यानका कोषाध्यक्ष पदम खड्काले दोस्रो संस्करणको एनपिएलबाट ४० करोड रुपियाँभन्दा बढी आम्दानी हुने अपेक्षा गरेको बताउनुभएको छ। उहाँले भन्नुभयो, "यस पटक प्रायोजक, टिम दर्ता, प्रसारण अधिकार (ओटिटी, टिभी), टिकट बिक्री, ब्रोडकास्टिङ, प्रायोजन, टिमको दर्ता शुल्कलगायत शीर्षकबाट ४० करोडभन्दा बढी आम्दानी हुने छ। क्यानले प्रायोजकबाट १५ करोड, फ्रेन्चाइ टिमबाट नौ करोड, ओटिटी अधिकारबाट पाँच करोड ३० लाख र स्थानीय टिभी प्रसारण अधिकारी बिक्रीबापत न्यूनतम एक करोड रुपियाँ आम्दानी हुने बताएको छ।"

क्यानले पहिलो पटक बिक्री गरेको ओटिटी प्रसारण डिस होमले पाँच करोड ३० लाख रुपियाँमा प्राप्त गरेको छ। कोषाध्यक्ष खड्काले डिस होमले गरेको कुल आम्दानीमा ७१ प्रतिशत क्यान र २९ प्रतिशत डिस होमले प्राप्त गर्ने बताउनुभयो। यस पटक पनि विश्वका सबभन्दा ठुलो खेलकुद च्यानलमध्ये एक स्टार स्पोर्ट्सबाट एनपिएलको प्रत्यक्ष प्रसारण हुने छ। स्टार स्पोर्ट्ससँगै स्थानीय टेलिभिजनलाई पनि प्रसारण अधिकार बोलकबोल (कम्तीमा एक करोड) मार्फत बिक्री गर्ने छ। यसै गरी टिकट बिक्रीबाट १२ करोड रुपियाँसम्म आम्दानी हुने अनुमान गरिएको छ।

क्यानले दैनिक नौ हजार ४५० टिकट बिक्री गर्ने जनाएको छ। उद्घाटन खेलको सम्पूर्ण टिकट बिक्री भइसकेको बताइएको छ। उद्घाटन र शनिबार टिकटको मूल्य साधारणतर्फ पाँच सय र प्रिमियमतर्फ १५ सय रुपियाँ राखिएको छ। यसै गरी अन्य दिनको खेलका लागि पाँच सय र एक हजार रुपियाँ राखिएको छ। प्लेअफ र फाइनलमा साधारणतर्फ एक हजार र प्रिमियमतर्फ दुई हजार रुपियाँ टिकट मूल्य छ। क्यानले सिजनल टिकटको मूल्य १५ हजार रुपियाँ तय गरेको छ।

### पहिलो पटक फ्लड लाइट्समा खेल

एक हप्ताअघिसम्म पनि एनपिएल फ्लड लाइट्समा हुने/नहुने अन्योल थियो। क्यानका सचिव खड्काले सरकारी तहबाट पनि फ्लड लाइट पूर्ण भएको पाएसँगै क्यानले खेल तालिका सार्वजनिक गरेको जानकारी दिनुभयो। नेपालमा पहिलो पटक फ्लड लाइट्समा क्रिकेट हुँदै छ। खड्काले घरेलु मैदानमा कृत्रिम प्रकाशमा हुने क्रिकेट खेल दर्शकका लागि नयाँ स्वाद हुने छ, भन्नुभयो। उहाँले बत्ती गए पनि जेनरेटर 'ब्याकअप' हुने भएकोले फ्लड लाइट्समा प्रभाव नपर्ने जानकारी दिनुभयो।

### सुरक्षा प्रबन्ध

राति पनि खेल हुने भएकाले क्यानले सुरक्षा व्यवस्था पनि बलियो बनाएको छ। सचिव खड्काले रङ्गशालाभित्र र बाहिरको पूर्वाधार राम्रो र बलियो बनाएका छौँ, भन्नुभयो। यसपालि मुख्य प्रवेशद्वारसँगै चोभार इन्ड र दक्षिणतिर पनि पाँच ढोकबाट दर्शक छिर्ने व्यवस्था गरिएको छ। दर्शक टिकटका साथ लाइन लागेर छिर्न सक्ने व्यवस्था हुने भएकाले दर्शक व्यवस्थापनमा कठिनाइ नहुने अपेक्षा छ, उहाँले भन्नुभयो। सचिव खड्काले आइसिसीको विश्वास जित्न पनि यो प्रतियोगिता राम्रो सुरक्षा प्रबन्धसहित भव्य रूपमा सम्पन्न गर्नुपर्ने चुनौती भएको बताउनुभयो। उहाँका अनुसार नेपालमा आइसिसी प्रतियोगिता आयोजना गर्न आइसिसीले एनपिएलमा नजर रहने छ। सचिव खड्काले एनपिएल अवधिभर कुनै पनि आन्दोलनका कार्यक्रम नगर्न आग्रह पनि गर्नुभयो।

## आदर्शको पोल्टामा रनिङ सिल्ड

**स्याङ्जा** (गोरखापत्र), कात्तिक २९ गते। कालीगण्डकी गाउँपालिकाले आयोजना गरेको सातौँ अन्तरविद्यालय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिताको उपाधि आदर्श माध्यमिक विद्यालयले नौ स्वर्ण, छ रजत र छ कांस्य पदकसहित हात पारेको छ।

कालीगण्डकी–७, मिर्मी खेल मैदानमा भएको प्रतियोगितामा पाँच स्वर्ण, छ रजत र दुई कांस्य पदकसहित भगवती माध्यमिक विद्यालय दोस्रो तथा चार स्वर्ण, चार रजत र चार कांस्य पदक जित्दै जनता माध्यमिक विद्यालय तेस्रो भए। २८ स्वर्णका लागि भएको प्रतिस्पर्धामा भलिबल, कबड्डी, एथलेटिक्स, हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिन थ्रो र सटपुट खेल समावेश गरिएको थियो। प्रतियोगितामा पालिकाभित्रका १६ विद्यालयमध्ये १४ विद्यालयका ९८८ जना विद्यार्थी सहभागी भएका थिए।

## किस्क र एलाइटलाई ओएसिस कप



**काठमाडौँ** (गोरखापत्र), कात्तिक २९ गते। किस्क र एलाइट बास्केटबल एकेडेमीले शनिबार तेस्रो ओएसिस कप उपत्यकाव्यापी अन्तरविद्यालय थ्री बाई थ्री बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। दोहोरो उपाधि जितेको किस्क सिनियर ब्वाइज र जुनियर ब्वाइजमा च्याम्पियन बन्यो। एलाइट एसइईतर्फ पहिलो भयो।

ढोलाहिटीस्थित आयोजक ओएसिस इङ्ग्लिस स्कुलको कोर्टमा भएको सिनियर ब्वाइज फाइनलमा किस्कले रेडियन्ट पब्लिकलाई १७–१० ले पराजित गर्‍यो। जुनियर ब्वाइजको फाइनलमा किस्कले ज्ञानोदयलाई ८–६ ले हरायो। एसइईको उपाधि भिडन्तमा एलाइटले आयोजक ओएसिसलाई १९–१५ ले पाखा लगायो।

सिनियर ब्वाइजमा किस्कका ब्रुक्स तथा जुनियर ब्वाइजमा किस्ककै जय र एसइईमा एलाइटका प्रदिन 'मोस्ट भेलुएबल प्लेयर' चुनिनुभयो। यसै गरी सिनियर ब्वाइजमा रेडियन्टका सुसनराज न्यौपाने, जुनियर ब्वाइजमा ज्ञानोदयका युनिश स्याङ्तान तथा एसइईमा ओसिएका जेसन रानामगर सर्वाधिक स्कोरकर्ताको सूचीमा शीर्ष स्थानमा रहनुभयो।

## कर्णाली यशविसद्वारा उपाधि रक्षा



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

कर्णाली यशविसले शनिबार ललितपुर क्विन्सलाई प्रतिस्पर्धात्मक फाइनलमा २६–२४, २५–१७, १३–२५, १७–२५ र १५–८ ले हराएर एभरेस्ट महिला भलिबल लिगको उपाधि रक्षा गरेको छ। पछिल्लो संस्करणमा पनि ललितपुर क्विन्सलाई नै हराएर कर्णाली च्याम्पियन बनेको थियो। राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा भएको फाइनलमा यसपालि दुई सेटले पछाडि परेर पनि तेस्रो र चौथो सेट सजिलै हात पारेर उत्कृष्ट पुनरागमन जनाएपछि ललितपुरले बदला लिने छाँट देखिएको थियो तर निर्णायक सेटमा ललितपुरका खेलाडी अत्तालिएपछि सुमित्रा रेग्मीको नेतृत्वमा रहेको कर्णाली उपाधि जित्न सफल भयो। कर्णाली यशविस प्रतियोगितामा अपराजित रहेर च्याम्पियन बनेको हो।

यो प्रतियोगिता करिब एक महिनापछि सुचारु भएको हो। यसअघि गत भदौमा पोखरा रङ्गशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा यस प्रतियोगिताका केही खेल भएका थिए। भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनले प्रतियोगिता स्थगित भएको हो। त्यसपछि अनिश्चित समयका लागि रोकिएको यो प्रतियोगिता बुधबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्ड हलमा सुचारु भएको हो।

## वडा नं. १३ लाई उपाधि



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

वडा नं. १३ ले शनिबार तेस्रो प्रयागराज सिंह सुवाल स्मृति अन्तरवडा फुटसल प्रतियोगिताको उपाधि जितेको छ। वडा नं. १ पहिलो संस्करणमा उपविजेता बनेको थियो। वडा नं. २३ को आयोजनामा लैनचौर फुटसल मैदानमा आयोजना भएको प्रतियोगिताको फाइनलमा वडा नं. १३ ले वडा नं. ४ लाई पेनाल्टी सुटआउटमा २–० ले पराजित गर्‍यो। निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएको थियो।

पेनाल्टी सुटआउटमा विजयी टिमका लागि अभय राना र आशिष कपालीले गोल गर्नुभयो। अभय फाइनलका म्यान अफ दी म्याच बन्नुभयो। यसै गरी वडा नं. १३ का विकेश शाही सात गोलसहित सर्वाधिक गोलकर्ता घोषित हुनुभयो। वडा नं. ४ का विक्रान्त नरसिंह राना सर्वश्रेष्ठ खेलाडी र वडा नं. १३ का विशाल शाही सर्वश्रेष्ठ गोलकिपर चुनिनुभयो।

विजेता वडा नं. १३ ले ट्रफीसहित दुई लाख रुपियाँ तथा उपविजेता वडा नं. ४ ले एक लाख रुपियाँ प्राप्त गरे। यसै गरी विधागततर्फ उत्कृष्ट हुने सर्वश्रेष्ठ खेलाडी, सर्वाधिक गोलकर्ता र सर्वश्रेष्ठ गोलरक्षकलाई जनही १०/१० हजार रुपियाँले पुरस्कृत गरियो।

# कला / साहित्य

## ठमेलमा मिथिला कला प्रदर्शनी



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

नेपाली लोककलामा सिर्जनात्मक खोजी नै कलाकार मनिषा साहको परिचय बन्दै गएको छ। नेपाल ललितकला क्याम्पसबाट क्रियटिभ आर्टमा स्नातकोत्तर गर्नुभएकी मनिषाले तराईको भूमि, भाव र परिवेशलाई कलामा समेत पछ्याउँदै अघि बढ्नुभएको छ। तिनै परिवेशमा कलाकार साहले तयार पारेका चित्रकृतिको प्रथम एकल प्रदर्शनी 'मोर्डन एकोज अफ मिथिला ट्रेडिसन' शीर्षकमा काठमाडौँको ठमेलस्थित काठमाडौँ आर्ट हाउसमा शनिबारदेखि आरम्भ भएको छ।

सर्लाहीमा जन्मिएर जनकपुरमा हुर्किएकी कलाकार मनिषाले आफैँमा मिथिला संस्कृतिको प्रतिनिधित्व गर्नुहुन्छ। मिथिला संस्कार, संस्कृति र परिवेशमा हुर्किएकी कलाकार साह अवधारणागत रूपमा मिथिला कला शैलीलाई पछ्याउँदै सिर्जनात्मक कला प्रस्तुत गर्ने कार्यमा सक्रिय हुनुहुन्छ। मिथिला कला भन्नेबित्तिकै ग्रामीण महिलाले परम्परागत रूपमा बनाउँदै आएको कलाका रूपमा लिइन्छ। तथापि कलाकार साहले मिथिला कलाका तिनै सैद्धान्तिक परिवेशमा रहेर तयार पारिएका ३२ कलाकृति प्रदर्शनीमा राखिएका छन्।

मिथिला कलालाई विभिन्न प्लेटफर्ममा प्रस्तुत गर्न रुचाउने कलाकार साहले पहिरन र दैनिक उपभोग्य वस्तुमा समेत मिथिला कलालाई प्रस्तुत गर्ने प्रयास गर्नुभएको छ। परम्परागत कला निर्माणका विधि जोगाउन प्रयत्नरत युवापुस्तालाई प्रोत्साहित गर्नसमेत आफ्नो कर्तव्य भएको बुझाइ कलाकार मनिषाको छ। कला क्षेत्रलाई रहर, खाली समयको उपयोग वा बर्बादीका रूपमा नभई कला कर्मलाई पेसाका रूपमा ग्रहण गर्न प्रयासरत मनिषाले कलामा मिथिला संस्कृतिलाई विशेष गरी पछ्याएको पाइन्छ। मयूर र महिला शृङ्खलालाई कलाकार साहले एक्रेलिक र वयल रङ माध्यममा पछ्याउनुभएको छ।

कलाकार साहले प्रदर्शनीमा तीन शृङ्खलाका चित्र राख्नुभएको छ। पहिलो शृङ्खलामा मिथिला विवाह संस्कृति, संस्कार, उत्सव र त्यसभित्रका मसिना सांस्कृतिक पक्षलाई चित्रकृतिमा खोज्ने प्रयास उहाँको छ। त्यसमा रङको संयोजन र मिथिला रङरेखाका मिहिन कामले कलाकर्मलाई परिपक्व बनाउनेतर्फ कलाकार साहलाई अघि बढाएको देखिन्छ। विवाहमा बेहुलीको उत्सुकता, नयाँ घरमा स्वागत र नयाँ यात्राको भावलाई चम्किला र उज्यालो रङको सहयोगमा प्रस्तुत गरिएको छ।

दोस्रो शृङ्खलामा मिथिलानी महिलाको जीवन, उनीहरूको दैनिकीसँग सम्बन्धित विषयलाई समेटिएको छ। तेस्रोमा सौन्दर्य दृष्टिकोणलाई महिला सौन्दर्यसँग जोड्ने प्रयास गरेको देखिन्छ। त्यसमा उहाँले मयूरलाई प्रस्तुत गर्नुभएको छ। यो प्रदर्शनीमा मयूर शृङ्खला निकै रोचक पनि छ। आफ्ना कलामा सिर्जना र प्रविधिको समायोजन खोज्ने कलाकार साहले प्रदर्शनी कक्षमा मिथिला सङ्गीतको मधुर धुनको संयोजन गर्नसमेत भ्याउनुभएको छ। यसले कला अवलोकनकर्तालाई मिथिला सङ्गीतको धुनले समेत मजाले तान्ने गरेको छ। मिथिला कलाको प्रशिक्षण, भित्तामा मिथिला चित्र लेखन जस्ता कार्यमा समेत सक्रिय कलाकार साहको यो प्रदर्शनी मङ्सिर ३ गतेसम्म सञ्चालन हुने जनाइएको छ।

## दिलशोभा अभिनन्दिन

**काठमाडौँ** (गोरखापत्र), कात्तिक २९ गते। वृद्ध आमाहरूको सेवा गर्ने 'आमाको घर' की संस्थापक दिलशोभा श्रेष्ठलाई एक लाख रुपियाँ नगदसहित अभिनन्दन गरिएको छ। वंशरत्न ममोरियल ट्रस्टद्वारा शनिबार राजधानीमा आयोजित कार्यक्रममा दिलशोभा श्रेष्ठलाई सामाजिक सेवामा समर्पित हुनुभएकोमा अभिनन्दनसहित एक लाख नगद प्रदान गरिएको हो।

सीमाविद् बुद्धिनारायण श्रेष्ठले दिलशोभाको दिल भएरै त्यागिएका बाआमाको सेवा गर्न सक्नुभएको बताउनुभयो। उहाँले भन्नुभयो, "समाज सेवा पैसा भएर मात्र गर्न सकिने काम होइन।"

सो अवसरमा समाजसेवी दिलशोभालाई रेणुका श्रेष्ठले ५० हजार पाँच सय रुपियाँ सहयोग हस्तान्तरण गर्नुभयो। बालकृष्ण श्रेष्ठ संरक्षक रहनुभएको वंशरत्न मेमोरियल ट्रस्टका अध्यक्ष सन्तकुमार श्रेष्ठले बागलुङ जिल्लाका जेहेनदार, आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई छात्रवृत्ति दिँदै सुरु भएको ट्रस्टले राजधानीमा समाजसेवी दिलशोभालाई सम्मान गर्न पाएकोमा कृतज्ञ भएको बताउनुभयो। समाजसेवी दिलशोभा श्रेष्ठले आफ्ना श्रीमान्बाट पाएको धोकाबाट सुरु गरेको वृद्ध बुवाआमाको सेवा निरन्तर चलिरहनुमा समाजका विभिन्न व्यक्तित्वको सहयोग रहेको बताउनुभयो।

## गजलसँग स्रष्टा

**नारायणगढ** (गोरखापत्र), कात्तिक २९ गते। गजल मञ्च चितवनको आयोजनामा गजलसँग स्रष्टा कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा नाम चलेका चार जना स्रष्टाले समसामयिक विषय वस्तु, प्रेम, भ्रष्टाचार जनचेतना विषयमा गजल वाचन गरेका थिए।

एक स्रष्टाले दुई चरणमा गरी छ/छ वटा गजल वाचन गरेका थिए। कार्यक्रममा गजल मञ्च चितवनका पूर्वअध्यक्ष लेखराम सापकोटा, काठमाडौँका गजलकार बाबु त्रिपाठी, विराटनगरकी गजलकार बबिता भुजेल र तनहुँ देवघाटका गजलकार एआर दवाडीले आआफ्ना गजल वाचन गर्नुभएको थियो। कार्यक्रम गजल मञ्च चितवनका अध्यक्ष रामकृष्ण अनयासको अध्यक्षतामा सम्पन्न भएको थियो।

## चार व्यक्तित्व पुरस्कृत

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

प्राडा उर्मिला प्याकुरेल मधुश्री प्रतिष्ठानले आफ्नो दोस्रो साधारण सभामा विभिन्न व्यक्तित्वलाई पुरस्कृत गरेको छ। त्रिभुवन विश्वविद्यालयकी कान्छी प्राध्यापक उर्मिला प्याकुरेलको स्मृतिमा गठित प्रतिष्ठानले प्राज्ञिक क्षेत्रका चार र साहित्यिक क्षेत्रका एक जनालाई पुरस्कृत गरेको हो।

पुरस्कृत हुनेमा त्रिवि गणित विभागबाट स्नातकोत्तर तहमा उत्कृष्ट छात्र गङ्गाराम जोशी र छात्रा विद्या पोखरेल रहनुभएको छ। उहाँहरूलाई जनही २५ हजार र प्रमाणपत्रले पुरस्कृत गरियो।

त्यस्तै उर्मिलाले अध्ययन गरेको सिन्धुपाल्चोकको बाघ भैरव मावि ठोकर्पाबाट २०८१ को एसइई परीक्षामा उत्कृष्ट सविना बुढाथोकी र कालिका आधारभूत विद्यालय उखुबारीबाट २०८१ को परीक्षामा उत्कृष्ट दिपेश विश्वकर्मालाई क्रमशः १५ हजार र १० हजार नगद तथा प्रमाणपत्रले पुरस्कृत गरियो।

त्यसै गरी उर्मिलाको साहित्यिक व्यक्तित्वको सम्मानमा दिइने साहित्यिक पुरस्कार महाकाव्यकार चन्द्रप्रसाद न्यौपानेलाई प्रदान गरियो। पुरस्कारको राशि २० हजार नगद र प्रमाणपत्र रहेको छ। पुरस्कार समारोहका प्रमुख अतिथि त्रिवि गणित केन्द्रीय विभागका प्राडा शैलेन्द्रकुमार मिश्र, प्रतिष्ठानका अध्यक्ष प्राडा टङ्कनाथ धमला र सचिव उद्धवप्रसाद प्याकुरेलले प्रदान गर्नुभयो।

### नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

२०८२ साल कात्तिक ३० गते (नोभेम्बर १६, २०२५) आइतबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १४१।७० | १४२।३० |
| युरो | १ को रु. | १६४।५३ | १६५।२२ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १८६।१३ | १८६।९२ |
| स्विस फ्रैङ्क | १ को रु. | १७८।९१ | १७९।६७ |
| अस्ट्रेलियन डलर | १ को रु. | ९२।२३ | ९२।६२ |
| क्यानेडियन डलर | १ को रु. | १००।९४ | १०१।३७ |
| सिङ्गापुर डलर | १ को रु. | १०८।७९ | १०९।२५ |
| जापानी येन | १० को रु. | ९।१६ | ९।२० |
| चिनियाँ युआन | १ को रु. | १९।९६ | २०।०४ |
| साउदी अरब रियाल | १ को रु. | ३७।७९ | ३७।९५ |
| कतारी रियाल | १ को रु. | ३८।८८ | ३९।०४ |
| थाई भाट | १ को रु. | ४।३७ | ४।३८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३८।५८ | ३८।७४ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३४।२९ | ३४।४३ |
| दक्षिण कोरियन वन | १०० को रु. | ९।७१ | ९।७५ |
| स्विडिस क्रोनर | १ को रु. | १४।९६ | १५।०३ |
| डेनिस क्रोनर | १ को रु. | २२।०३ | २२।१२ |
| हङ्कङ डलर | १ को रु. | १८।२३ | १८।३१ |
| कुवेती दिनार | १ को रु. | ४६१।९५ | ४६३।११ |
| बहराइन दिनार | १ को रु. | ३७५।८४ | ३७७।४३ |
| ओमानी रियाल | १ को रु. | ३६८।०५ | ३६९।६१ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

**भर्ना खुल्यो !**

काठमाडौंको केन्द्र विन्दुमा रहेको UGC बाट QAA प्राप्त बानेश्वर बहुमुखी क्याम्पस, शान्तिनगर, काठमाडौंमा शैक्षिक सत्र २०८२/०८३ का लागि सर्व-सुलभ शुल्कमा विहानी समयमा पठन-पाठन गरिने BA, BBS, B.Ed, MBS मा भर्ना खुल्यो।

**साथै बानेश्वर क्याम्पस विद्यालय व्यवस्थापन समितिबाट सञ्चालित कक्षा ११ मा** Management, Humanities, Education, computer Science **मा सिमित सिटमा भर्ना भैरहेको छ।**

**बानेश्वर बहुमुखी क्याम्पस**
**शान्तिनगर, बानेश्वर, काठमाडौँ,**
**फोन नं. ०१४६२०३१०, ०१४६२०३३२**

## सङ्कटा मन्दिरमा भक्तजनको भिड

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*



न्युरोडस्थित टेबहालमा रहेको सङ्कटा मन्दिरमा शनिबार भक्तजनको भिड लागेको थियो। कात्तिक महिनाको अन्तिम शनिबार सङ्कटा मन्दिरमा भिड लाग्ने गरेको छ। शनिबार सङ्कटा मन्दिर दर्शन गर्न जाने भक्तजनको लाइन न्युरोड गेटदेखि नै थियो। सङ्कटा मन्दिरमा दर्शन गरेपछि मानिसका हरेक सङ्कट अन्त्य हुने विश्वास रहिआएको छ।

संस्कृतिविद् तथा प्राडा वीणा पौड्यालका अनुसार सङ्कटा मन्दिर काठमाडौँका अन्य मन्दिरभन्दा फरक छ। काठमाडौँका अधिकांश मन्दिर भुइँ तलामा राखिएका छन् भने दुईतले सङ्कटा मन्दिरमा पाँच वटा गजुर रहेका छन् भने मन्दिरको तल्लो तलामा रातो मत्स्येन्द्रनाथको मूर्ति अवस्थित छ। माथिल्लो तलामा सङ्कटाको मूर्ति छ। हरेक देवीदेवतालाई विभिन्न बारसँग मान्ने गरिन्छ। त्यही अनुरूप तन्त्रसाधना र मन्त्र अभ्यासका लागि छिटो कुरा लागु होस् भन्नका लागि सङ्कटामा पूजाआजा गर्ने चलन रहिआएको उहाँले बताउनुभयो। "कुनै तन्त्रमन्त्र धारण गर्नु पर्‍यो भने सङ्कटामै गर्ने चलन छ", उहाँले भन्नुभयो।

बिहान १० बजेदेखि लाइनमा बसेको बल्ल ५ बजे पालो आएर दर्शन गर्न पाएको मन्दिर दर्शन गर्न आउनुभएका कमलपोखरी निवासी हरेराम शर्माले बताउनुभयो। उहाँका अनुसार शनिबारको दिन यसै नै मन्दिर गइन्छ, त्यसमाथि यहाँ आए पनि आफ्नो ग्रहदशा जाने तथा सङ्कट कम हुने विश्वास रहेको छ। "लाइनमा बसेर मन्दिर दर्शन गर्नुको मजा पनि त बेग्लै हुन्छ," उहाँको भनाइ थियो। लिच्छविकालमा राजा नरेन्द्रदेवका पालामा स्थापना भएको भनिएको प्यागोडा शैलीमा निर्माण यो मन्दिर हिन्दु र बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्रका रूपमा परिचित छ।

**महसुल भुक्तानीमा जरिवाना छुट सम्बन्धी नेपाल टेलिकमको सूचना**

**यस कम्पनीबाट प्रदत्त दूरसञ्चार सेवा उपभोग गरे बापतको आ.व. ०७९/८० सम्मको बक्यौता रकम मिति २०८२ मङ्सिर १ गतेदेखि मिति २०८२ माघ मसान्तसम्म भुक्तानी गरेमा सोमा लाग्ने जरिवाना छुट प्रदान गरिएकोले नजिकको दूरसञ्चार कार्यालयमा गई अवसरको सदुपयोग गर्नुहुन सम्बन्धित सबै ग्राहक महानुभावहरूलाई हार्दिक अनुरोध छ। साथै कम्पनीलाई भुक्तानी गर्नुपर्ने बाँकी बक्यौता भुक्तानी नगर्ने ग्राहकहरूको नामावली पत्रिकामा प्रकाशन गर्ने तथा कम्पनीको Website मा राखी कालोसूचीमा समावेश गर्ने प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत अनुरोध छ।**

**नेपाल टेलिकम**
**केन्द्रीय कार्यालय, केन्द्रीय राजस्व विभाग**
**भद्रकाली प्लाजा, काठमाडौँ, टे.नं. ०१-४२१०४५७/०१-४२१०२९३**

गोरखापत्र संस्थानका लागि महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । गो.हु.का.द.नं. ०९/०८१/०८२ । नि. प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१-५३२२९२१, रिपोर्टिङ : ०१-५३४४४२९, डेस्क : ०१-५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१-५३२७४९३, ०१-५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१-५३२०६३८, टोल फ्री नं. १६६०-०१-९४४४४

१२५ वर्षमा

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।  gorkhapatraonline.com








विराटनगर संस्करण | विवेचना | धेरैको रोजाइमा परेको बैङ्क | विकल्प पनि बनेनन् दुई अन्तर्राष्ट्रिय विमानस्थल १४



वर्ष १२५ | अङ्क १८५ | २०८२ साल कात्तिक ३० गते आइतबार | मार्ग कृष्ण द्वादशी | नेपाल संवत् ११४६ कछलागा १२ | 2025 November 16 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ


# विदेशमा मतदान केन्द्र तोक्न अध्यादेशको तयारी

मतदाता नामावलीमा नाम समावेश भई विदेश र फरक निर्वाचन क्षेत्रमा रहेका मतदातालाई मताधिकार दिने कानुनी व्यवस्थालाई कानुन मन्त्रालयले अन्तिम रूप दिइरहेको छ। आउँदो सातासम्म अध्यादेशले अन्तिम रूप पाउने छ।




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

मतदाता नामावलीमा नाम समावेश भई विदेशमा रहेका नेपाली नागरिकका लागि सम्बन्धित देशको दूतावास, नियोगमा मतदान केन्द्र तोक्न सक्ने गरी सरकारले अध्यादेशको प्रक्रिया अघि बढाएको छ। गृह मन्त्रालयले तयार पारेको अध्यादेशको मसौदा सरोकारवालाको सुझावपछि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ। प्रस्तावित व्यवस्था अनुसारको अध्यादेश जारी भई कार्यान्वयनमा आए विदेशमा रहेका नागरिकले समानुपातिकतर्फको मत दिन पाउने छन्।

पछिल्लो पटक विदेशमा रहेकासँगै नेपालमै तर फरक निर्वाचन क्षेत्रमा रहेकालाई पनि मतदान गर्न दिने गरी गृहकार्य भइरहेको छ। गृहमन्त्री ओमप्रकाश अर्यालले विदेशमा रहेकासँगै फरक निर्वाचन क्षेत्रमा रहेका नागरिकलाई पनि मतदानमा सहभागी गराउने गरी अध्यादेशको मसौदा भएको बताउनुभयो। अर्यालले भन्नुभयो, "आउट अफ कन्ट्रीसँगै आउट अफ कन्स्टिच्युयन्सी' का मतदातालाई निर्वाचनमा सहभागी गराउने हाम्रो प्रयास छ। अध्यादेशको मसौदा कानुन मन्त्रालयमा पठाइसकेका छौँ।"

कानुन मन्त्रालयमा पठाइएको अध्यादेश आवश्यक परिमार्जनपछि सम्बन्धित मन्त्रालयमा पठाइने छ। मन्त्रीपरिषद्ले स्वीकृत गरेपछि राष्ट्रपतिबाट जारी हुने प्रक्रियामा जाने छ। तयारी अनुसार अध्यादेशले आउँदो सातासम्म अन्तिम रूप पाउने छ।

प्रस्तावित व्यवस्था अनुसार चार ऐन संशोधन हुने छन्। निर्वाचन आयोग, मतदाता नामावली, निर्वाचन कसुर तथा सजाय र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन अध्यादेशले संशेधन गर्ने छ।

समानुपातिकतर्फको मतदान गर्न पाइने सहभागी प्रस्तावित व्यवस्था अनुसार मतदाता नामावलीमा नाम भएका र विदेशमा भएका नागरिकले समानुपातिकतर्फको मतदानमा सहभागी हुन पाउने छन्। नेपालभित्र रहेका तर अर्को निर्वाचन क्षेत्रमा रहेकालाई पनि समानुपातिकमा मत दिने व्यवस्था गर्ने छलफलमा छ। अध्यादेशको मसौदामा भने उक्त व्यवस्था समेटिएको छैन।

अध्यादेश अनुसार मतदाता नामावलीको प्रमाणीकरण दूतावास तथा नियोगले गर्ने छन् तर कार्यविधि मसौदामा उल्लेख भने गरिएको छैन। दूतावासलाई नै मतदान केन्द्र निर्धारण गर्ने तयारी गरिएको छ। नेपाल सरकारले त्यहाँ कार्यरत कर्मचारीलाई मतदान अधिकृत तोक्ने व्यवस्था प्रस्तावित छ।

विदेशमा रहेका मतदातालाई मतदानमा सहभागी गराउने गरी कानुन बनाउन दशकअघि नै सर्वोच्च अदालतबाट आदेश जारी भएको थियो। मतदान कठिनाइ भएकाले आदेश कार्यान्वयन गर्न नसकिने यसअघि सरकारले बताइरहेको थियो। पछिल्लो पटक जेनजी आन्दोलनपछि गठित सरकारले भने कानुन निर्माणको प्रक्रिया अघि बढाएको हो।

## नेपाल लोकतान्त्रिक यात्रामा दृढ छ : प्रम



प्रधानमन्त्री सुशीला कार्की

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

प्रधानमन्त्री सुशीला कार्कीले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि नेपाल लोकतान्त्रिक यात्रामा दृढतापूर्वक अगाडि बढिरहेको बताउनुभएको छ। नेपालस्थित अस्ट्रेलियाको राजदूतावासले नेपाल र अस्ट्रेलियाबिच कूटनीतिक सम्बन्ध स्थापनाको ६५ औँ वार्षिकोत्सवका अवसरमा शनिबार आयोजना गरेको समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले सुशासनका पक्षमा काम गर्दै फागुन २१ गते निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

उहाँले जेनजी आन्दोलनका क्रममा युवापुस्ताले जवाफदेही, उत्तरदायी र भ्रष्टाचारमुक्त शासन चाहन्छ भन्ने स्पष्ट सन्देश दिएको प्रस्ट पार्नुभयो। उहाँले भन्नुभयो, "सरकारले यी लक्ष्य पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। यसै अन्तर्गत हामी आगामी फागुन २१ मा हुन लागिरहेको प्रतिनिधि सभा निर्वाचनका लागि तयारी गरिरहेका छौँ।"


» बाँकी पृष्ठ २ मा


अन्तर्राष्ट्रिय

## कश्मीर विस्फोटमा नौ जनाको मृत्यु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

भारतको कश्मीरमा रहेको श्रीनगरको नवगाम प्रहरी चौकीभित्र भएको भीषण विस्फोटमा नौ जनाको मृत्यु भएको छ। उक्त विस्फोटमा ३२ जना घाइते भएका छन्। विस्फोटपछि प्रहरी चौकी र परिसरभित्र रहेका सवारीसाधनमा आगलागी भई ठुलो क्षति पुगेको अन्तर्राष्ट्रिय समाचार संस्था एएफपीले जनाएको छ।

स्थानीय मिडियाका अनुसार दिल्लीमा हालै भएको कार बम विस्फोटसम्बन्धी अनुसन्धानका क्रममा फरिदाबादबाट ल्याइएका विस्फोटक सामग्री जाँच गर्ने क्रममा सो घटना भएको हो। मृतकमध्ये अधिकांश प्रहरी तथा फरेन्सिक टोलीका सदस्य रहेको जनाइएको छ। घटनापछि ठुलो सङ्ख्यामा दमकल र एम्बुलेन्स परिचालन गरी घाइतेलाई नजिकका अस्पताल लगिएको छ। जम्मु कश्मीरका प्रहरी महानिर्देशक (डिजिपी)


» बाँकी पृष्ठ २ मा


**अग्रलेख**



### लोकतान्त्रिक मूल्यको सम्मान

लोकतन्त्रमा राजनीतिक दल महत्त्वपूर्ण अङ्ग हो, जसले जनतालाई एकत्रित र सङ्गठित गर्नुका साथै तिनका मुद्दाको प्रतिनिधित्व गर्छ।

● **मोहन नेपाली**


» विचार पृष्ठ ४


## 'निर्वाचनको वातावरण बनिसकेको छ'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*



सञ्चारमन्त्री जगदीश खरेल

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल दक्षिण कोरियाको सिओलमा आयोजित ११ औँ 'ग्लोबल आइसिटी लिडरसिप फोरम' मा सहभागी भई शनिबार स्वदेश फर्कनुभएको छ। उहाँ नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही कात्तिक २५ गते दक्षिण कोरिया जानुभएको थियो।

यसअघि कोरियामा रहेका बेला नेपाल पत्रकार महासङ्घ दक्षिण कोरिया शाखाद्वारा गत शुक्रबार आयोजित साक्षात्कारमा मन्त्री खरेलले मुलुकमा निर्वाचनको वातावरण बनिसकेको बताउँदै निर्धारित मितिमै निर्वाचन हुने विश्वास व्यक्त गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।

उहाँले भन्नुभयो, "फागुन २१ मा निर्वाचन गर्छौं, निर्वाचनका लागि वातावरण बनिसकेको छ। भयरहित निर्वाचनका लागि सुरक्षाको वातावरण पनि बनिसकेको छ। नेपाल प्रहरीमा नयाँ नेतृत्व आएको छ। कुनै पनि राजनीतिक दलले निर्वाचनमा भाग लिन्नौँ भनेका छैनन्। केही दलले निर्वाचनका लागि सुरक्षाको वातावरण बनाउनु पर्छ भनेर चासो देखाएका छन्।" निर्वाचनका लागि सरकार र राजनीतिक दलले वातावरण बनाउनुपर्नेमा जोड दिँदै


» बाँकी पृष्ठ २ मा


## सहज बन्दै राहदानी वितरण


**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

अर्को सातादेखि विद्युतीय राहदानी वितरण सहज हुने भएको छ। राहदानी विभागले अर्को सातादेखि सङ्क्रमणकालीन अवस्थाका लागि राहदानी छपाइ गर्न विकल्पसहितको बाटो अख्तियार गरेकाले अर्को सातादेखि वितरण सहज हुने भएको हो।

नयाँ राहदानी छपाइका लागि भएको नयाँ दुई कम्पनीसँगको सम्झौता अनुसार आगामी फागुन महिनादेखि मात्र छपाइ हुने चरणमा छ। यसबिचमा सङ्क्रमणकालीन आवश्यकता पूरा गर्न पुरानो कम्पनीसहित अर्को विकल्प पनि अपनाउँदै राहदानी वितरणलाई सहज बनाउन लागिएको विभागका महानिर्देशक तीर्थराज अर्यालले जानकारी दिनुभयो। यसअघि फ्रान्सको आइडिमियासँग भएको सम्झौता अनुसार राहदानी छपाइ हुँदै आएको थियो। बिचमा नयाँ बोलपत्रमार्फत नयाँ कम्पनीसँग सम्झौता भएपछि पुरानो कम्पनीले छापिदिनुपर्ने


» बाँकी पृष्ठ २ मा







# दलितको दुध किन्दा डेरी नै बन्द

> अहिले समय केही फेरिएको छ। समाजमा जागरण फैलिएपछि सार्वजनिक स्थानमा दलितमाथि हुने विभेद हट्दै गएको छ। राज्य र स्थानीय तहले सहयोग गरेर दलित समुदायको दुध पुनः किन्ने अभियान चलाउने योजनामा छु।



२६ वर्षदेखि उन्नत जातको गाईपालन गर्दै आउनुभएका शेरबहादुर कुँवर दम्पती।

**गोकर्ण दयाल**
*बैतडी, कात्तिक २९ गते*

बैतडीमा उन्नत जातका गाई भित्र्याएर दुधको आपूर्ति गर्न डेरी पसल सञ्चालन गर्दा शेरबहादुर कुँवरले समेत पहिलो पटक जातीय विभेदको पीडा खेप्नु परेको छ। डेरी पसलमा दलित समुदायको दुध किन्न सुरु गरेपछि उहाँले जातीय विभेदको पीडा मात्रै खेप्नु भएन, उहाँको डेरी पसल नै बन्द भएको छ।

दशरथ चन्द नगरपालिका–५, नौहाटका शेरबहादुर कुँवरले २६ वर्षदेखि उन्नत जातको गाई पाल्दै आउनुभएको छ। जिल्ला सदरमुकामका होटेलमा दुधको आपूर्ति गर्न उहाँले २०५६ सालमा भारतको पिथौरागढबाट उन्नत जातको गाई भित्र्याएको बताउनुभयो। सदरमुकाममा मात्रै अहिले चार सयभन्दा बढी उन्नत जातका गाई रहेको नगरपालिकाको तथ्याङ्क छ।

उहाँले भन्नुभयो, "मेरो ससुराली भारतको पिथौरागढ हो। त्यहाँ उन्नत जातको गाई पालन गरेको देखेपछि २०५६ सालमा सात दिन हिँडेर उन्नत जातको गाई बैतडी ल्याइपुऱ्याएँ। दलित, गैरदलित सबै किसानलाई आबद्ध गरेर कामधेनु दुग्ध सहकारी खोलेँ। दलित समुदायको दुध किन्न सुरु मात्र के गरेको थिएँ, शेरबहादुरले त दलितको दुध किन्न थाल्यो भन्दै हल्ला फैलियो। त्योबेला दलितलाई होटेलमा प्रवेश गर्न समेत दिइँदैनथ्यो। दुध किन्ने ग्राहक भड्किएपछि डेरी पसल बन्द भयो। दुध खेर जाने अवस्था आयो।" कुँवरको डेरी पसल बन्द भएयता अहिले पनि दलित समुदायको दुध बिक्री हुँदैन।

पीडा सुनाउँदै उहाँले थप्नुभयो, "सदरमुकामका अधिकांश होटेलमा पाउडर दुधको चिया खानुपर्ने बाध्यता भएका बेला दुधको आपूर्ति गर्न खोज्दा जातीय विभेदको पर्खाल खडा भयो। तैपनि हिम्मत हारिनँ। गाउँभरिको दुध घरमै सङ्कलन गरेर बिक्री गर्न सुरु गरेँ।" भनिन्छ, हरेक पुरुषको सफलताका पछाडि महिलाको हात हुन्छ। उहाँलाई धर्मपत्नी देवकी कुँवरले हौसला दिनुभयो। डेरी पसल बन्द भए पनि दलितलाई घरमै दुध लिन आउने सुझाव दिएपछि शेरबहादुरले जर्किनमा दुध बोकेर सरकारी कर्मचारी, सेनाप्रहरीका ब्यारेक र डेरामा बस्ने दलित विद्यार्थीलाई दुधको आपूर्ति गर्न सुरु गर्नुभयो। कष्टका दिन सम्झिँदै देवकी कुँवरले भन्नुभयो, "डेरी पसलमा दलित समुदायले सबैभन्दा राम्रो दुध


» बाँकी पृष्ठ २ मा

१२५ वर्षमा

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।
gorkhapatraonline.com








कोहलपुर संस्करण | विवेचना | धेरैको रोजाइमा परेको बैङ्क | विकल्प पनि बनेनन् दुई अन्तर्राष्ट्रिय विमानस्थल १४



वर्ष १२५ | अङ्क १८५ | २०८२ साल कात्तिक ३० गते आइतबार | मार्ग कृष्ण द्वादशी | नेपाल संवत् ११४६ कछलागा १२ | 2025 November 16 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ


# विदेशमा मतदान केन्द्र तोक्न अध्यादेशको तयारी

मतदाता नामावलीमा नाम समावेश भई विदेश र फरक निर्वाचन क्षेत्रमा रहेका मतदातालाई मताधिकार दिने कानुनी व्यवस्थालाई कानुन मन्त्रालयले अन्तिम रूप दिइरहेको छ। आउँदो सातासम्म अध्यादेशले अन्तिम रूप पाउने छ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*




मतदाता नामावलीमा नाम समावेश भई विदेशमा रहेका नेपाली नागरिकका लागि सम्बन्धित देशको दूतावास, नियोगमा मतदान केन्द्र तोक्न सक्ने गरी सरकारले अध्यादेशको प्रक्रिया अघि बढाएको छ। गृह मन्त्रालयले तयार पारेको अध्यादेशको मसौदा सरोकारवालाको सुझावपछि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ। प्रस्तावित व्यवस्था अनुसारको अध्यादेश जारी भई कार्यान्वयनमा आए विदेशमा रहेका नागरिकले समानुपातिकतर्फको मत दिन पाउने छन्।

पछिल्लो पटक विदेशमा रहेकासँगै नेपालमै तर फरक निर्वाचन क्षेत्रमा रहेकालाई पनि मतदान गर्न दिने गरी गृहकार्य भइरहेको छ। गृहमन्त्री ओमप्रकाश अर्यालले विदेशमा रहेकासँगै फरक निर्वाचन क्षेत्रमा रहेका नागरिकलाई पनि मतदानमा सहभागी गराउने गरी अध्यादेशको मसौदा भएको बताउनुभयो। अर्यालले भन्नुभयो, "आउट अफ कन्ट्रीसँगै आउट अफ कन्स्टिच्युयन्सी' का मतदातालाई निर्वाचनमा सहभागी गराउने हाम्रो प्रयास छ। अध्यादेशको मसौदा कानुन मन्त्रालयमा पठाइसकेका छौँ।"

कानुन मन्त्रालयमा पठाइएको अध्यादेश आवश्यक परिमार्जनपछि सम्बन्धित मन्त्रालयमा पठाइने छ। मन्त्रीपरिषद्ले स्वीकृत गरेपछि राष्ट्रपतिबाट जारी हुने प्रक्रियामा जाने छ। तयारी अनुसार अध्यादेशले आउँदो सातासम्म अन्तिम रूप पाउने छ।

प्रस्तावित व्यवस्था अनुसार चार ऐन संशोधन हुने छन्। निर्वाचन आयोग, मतदाता नामावली, निर्वाचन कसुर तथा सजाय र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन अध्यादेशले संशेधन गर्ने छ।

समानुपातिकतर्फको मतदान गर्न पाइने सहभागी प्रस्तावित व्यवस्था अनुसार मतदाता नामावलीमा नाम भएका र विदेशमा भएका नागरिकले समानुपातिकतर्फको मतदानमा सहभागी हुन पाउने छन्। नेपालभित्र रहेका तर अर्को निर्वाचन क्षेत्रमा रहेकालाई पनि समानुपातिकमा मत दिने व्यवस्था गर्ने छलफलमा छ। अध्यादेशको मसौदामा भने उक्त व्यवस्था समेटिएको छैन।

अध्यादेश अनुसार मतदाता नामावलीको प्रमाणीकरण दूतावास तथा नियोगले गर्ने छन् तर कार्यविधि मसौदामा उल्लेख भने गरिएको छैन। दूतावासलाई नै मतदान केन्द्र निर्धारण गर्ने तयारी गरिएको छ। नेपाल सरकारले त्यहाँ कार्यरत कर्मचारीलाई मतदान अधिकृत तोक्ने व्यवस्था प्रस्तावित छ।

विदेशमा रहेका मतदातालाई मतदानमा सहभागी गराउने गरी कानुन बनाउन दशकअघि नै सर्वोच्च अदालतबाट आदेश जारी भएको थियो। मतदान कठिनाइ भएकाले आदेश कार्यान्वयन गर्न नसकिने यसअघि सरकारले बताइरहेको थियो। पछिल्लो पटक जेनजी आन्दोलनपछि गठित सरकारले भने कानुन निर्माणको प्रक्रिया अघि बढाएको हो।

## नेपाल लोकतान्त्रिक यात्रामा दृढ छ : प्रम



प्रधानमन्त्री सुशीला कार्की

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

प्रधानमन्त्री सुशीला कार्कीले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि नेपाल लोकतान्त्रिक यात्रामा दृढतापूर्वक अगाडि बढिरहेको बताउनुभएको छ। नेपालस्थित अस्ट्रेलियाको राजदूतावासले नेपाल र अस्ट्रेलियाबिच कूटनीतिक सम्बन्ध स्थापनाको ६५ औँ वार्षिकोत्सवका अवसरमा शनिबार आयोजना गरेको समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले सुशासनका पक्षमा काम गर्दै फागुन २१ गते निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

उहाँले जेनजी आन्दोलनका क्रममा युवापुस्ताले जवाफदेही, उत्तरदायी र भ्रष्टाचारमुक्त शासन चाहन्छ भन्ने स्पष्ट सन्देश दिएको प्रस्ट पार्नुभयो। उहाँले भन्नुभयो, "सरकारले यी लक्ष्य पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। यसै अन्तर्गत हामी आगामी फागुन २१ मा हुन लागिरहेको प्रतिनिधि सभा निर्वाचनका लागि तयारी गरिरहेका छौँ।"


» बाँकी पृष्ठ २ मा


## अन्तर्राष्ट्रिय

## कश्मीर विस्फोटमा नौ जनाको मृत्यु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

भारतको कश्मीरमा रहेको श्रीनगरको नवगाम प्रहरी चौकीभित्र भएको भीषण विस्फोटमा नौ जनाको मृत्यु भएको छ। उक्त विस्फोटमा ३२ जना घाइते भएका छन्। विस्फोटपछि प्रहरी चौकी र परिसरभित्र रहेका सवारीसाधनमा आगलागी भई ठुलो क्षति पुगेको अन्तर्राष्ट्रिय समाचार संस्था एएफपीले जनाएको छ।

स्थानीय मिडियाका अनुसार दिल्लीमा हालै भएको कार बम विस्फोटसम्बन्धी अनुसन्धानका क्रममा फरिदाबादबाट ल्याइएका विस्फोटक सामग्री जाँच गर्ने क्रममा सो घटना भएको हो। मृतकमध्ये अधिकांश प्रहरी तथा फरेन्सिक टोलीका सदस्य रहेको जनाइएको छ। घटनापछि ठुलो सङ्ख्यामा दमकल र एम्बुलेन्स परिचालन गरी घाइतेलाई नजिकका अस्पताल लगिएको छ। जम्मु कश्मीरका प्रहरी महानिर्देशक (डिजिपी)


» बाँकी पृष्ठ २ मा


### अग्रलेख

### लोकतान्त्रिक मूल्यको सम्मान



लोकतन्त्रमा राजनीतिक दल महत्त्वपूर्ण अङ्ग हो, जसले जनतालाई एकत्रित र सङ्गठित गर्नुका साथै तिनका मुद्दाको प्रतिनिधित्व गर्छ।

• मोहन नेपाली


» विचार पृष्ठ ४


## 'निर्वाचनको वातावरण बनिसकेको छ'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*



सञ्चारमन्त्री जगदीश खरेल

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल दक्षिण कोरियाको सिओलमा आयोजित ११ औँ 'ग्लोबल आइसिटी लिडरसिप फोरम' मा सहभागी भई शनिबार स्वदेश फर्कनुभएको छ। उहाँ नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही कात्तिक २५ गते दक्षिण कोरिया जानुभएको थियो।

यसअघि कोरियामा रहेका बेला नेपाल पत्रकार महासङ्घ दक्षिण कोरिया शाखाद्वारा गत शुक्रबार आयोजित साक्षात्कारमा मन्त्री खरेलले मुलुकमा निर्वाचनको वातावरण बनिसकेको बताउँदै निर्धारित मितिमै निर्वाचन हुने विश्वास व्यक्त गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।

उहाँले भन्नुभयो, "फागुन २१ मा निर्वाचन गर्छौं, निर्वाचनका लागि वातावरण बनिसकेको छ। भयरहित निर्वाचनका लागि सुरक्षाको वातावरण पनि बनिसकेको छ। नेपाल प्रहरीमा नयाँ नेतृत्व आएको छ। कुनै पनि राजनीतिक दलले निर्वाचनमा भाग लिन्नौँ भनेका छैनन्। केही दलले निर्वाचनका लागि सुरक्षाको वातावरण बनाउनु पर्छ भनेर चासो देखाएका छन्।" निर्वाचनका लागि सरकार र राजनीतिक दलले वातावरण बनाउनुपर्नेमा जोड दिँदै


» बाँकी पृष्ठ २ मा


## सहज बन्दै राहदानी वितरण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

अर्को सातादेखि विद्युतीय राहदानी वितरण सहज हुने भएको छ। राहदानी विभागले अर्को सातादेखि सङ्क्रमणकालीन अवस्थाका लागि राहदानी छपाइ गर्न विकल्पसहितको बाटो अख्तियार गरेकाले अर्को सातादेखि वितरण सहज हुने भएको हो।

नयाँ राहदानी छपाइका लागि भएको नयाँ दुई कम्पनीसँगको सम्झौता अनुसार आगामी फागुन महिनादेखि मात्र छपाइ हुने चरणमा छ। यसबिचमा सङ्क्रमणकालीन आवश्यकता पूरा गर्न पुरानो कम्पनीसहित अर्को विकल्प पनि अपनाउँदै राहदानी वितरणलाई सहज बनाउन लागिएको विभागका महानिर्देशक तीर्थराज अर्यालले जानकारी दिनुभयो। यसअघि फ्रान्सको आइडिमियासँग भएको सम्झौता अनुसार राहदानी छपाइ हुँदै आएको थियो। बिचमा नयाँ बोलपत्रमार्फत नयाँ कम्पनीसँग सम्झौता भएपछि पुरानो कम्पनीले छापिदिनुपर्ने


» बाँकी पृष्ठ २ मा


## दलितको दुध किन्दा डेरी नै बन्द

अहिले समय केही फेरिएको छ। समाजमा जागरण फैलिएपछि सार्वजनिक स्थानमा दलितमाथि हुने विभेद हट्दै गएको छ। राज्य र स्थानीय तहले सहयोग गरेर दलित समुदायको दुध पुनः किन्ने अभियान चलाउने योजनामा छु।

**गोकर्ण दयाल**
*बैतडी, कात्तिक २९ गते*



२६ वर्षदेखि उन्नत जातको गाईपालन गर्दै आउनुभएका शेरबहादुर कुँवर दम्पती।

बैतडीमा उन्नत जातका गाई भित्र्याएर दुधको आपूर्ति गर्न डेरी पसल सञ्चालन गर्दा शेरबहादुर कुँवरले समेत पहिलो पटक जातीय विभेदको पीडा खेप्नु परेको छ। डेरी पसलमा दलित समुदायको दुध किन्न सुरु गरेपछि उहाँले जातीय विभेदको पीडा मात्रै खेप्नु भएन, उहाँको डेरी पसल नै बन्द भएको छ।

दशरथ चन्द नगरपालिका–५, नौहाटका शेरबहादुर कुँवरले २६ वर्षदेखि उन्नत जातको गाई पाल्दै आउनुभएको छ। जिल्ला सदरमुकामका होटेलमा दुधको आपूर्ति गर्न उहाँले २०५६ सालमा भारतको पिथौरागढबाट उन्नत जातको गाई भित्र्याएको बताउनुभयो। सदरमुकाममा मात्रै अहिले चार सयभन्दा बढी उन्नत जातका गाई रहेको नगरपालिकाको तथ्याङ्क छ।

उहाँले भन्नुभयो, "मेरो ससुराली भारतको पिथौरागढ हो। त्यहाँ उन्नत जातको गाई पालन गरेको देखेपछि २०५६ सालमा सात दिन हिँडेर उन्नत जातको गाई बैतडी ल्याइपुर्‍याएँ। दलित, गैरदलित सबै किसानलाई आबद्ध गरेर कामधेनु दुग्ध सहकारी खोलेँ। दलित समुदायको दुध किन्न सुरु मात्र के गरेको थिएँ, शेरबहादुरले त दलितको दुध किन्न थाल्यो भन्दै हल्ला फैलियो। त्योबेला दलितलाई होटेलमा प्रवेश गर्न समेत दिइँदैनथ्यो। दुध किन्ने ग्राहक भड्किएपछि डेरी पसल बन्द भयो। दुध खेर जाने अवस्था आयो।" कुँवरको डेरी पसल बन्द भएयता अहिले पनि दलित समुदायको दुध बिक्री हुँदैन।

पीडा सुनाउँदै उहाँले थप्नुभयो, "सदरमुकामका अधिकांश होटेलमा पाउडर दुधको चिया खानुपर्ने बाध्यता भएका बेला दुधको आपूर्ति गर्न खोज्दा जातीय विभेदको पर्खाल खडा भयो। तैपनि हिम्मत हारिनँ। गाउँभरिको दुध घरमै सङ्कलन गरेर बिक्री गर्न सुरु गरेँ।" भनिन्छ, हरेक पुरुषको सफलताका पछाडि महिलाको हात हुन्छ। उहाँलाई धर्मपत्नी देवकी कुँवरले हौसला दिनुभयो। डेरी पसल बन्द भए पनि दलितलाई घरमै दुध लिन आउने सुझाव दिएपछि शेरबहादुरले जर्किनमा दुध बोकेर सरकारी कर्मचारी, सेनाप्रहरीका ब्यारेक र डेरामा बस्ने दलित विद्यार्थीलाई दुधको आपूर्ति गर्न सुरु गर्नुभयो। कष्टका दिन सम्झिँदै देवकी कुँवरले भन्नुभयो, "डेरी पसलमा दलित समुदायले सबैभन्दा राम्रो दुध


» बाँकी पृष्ठ २ मा



